शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
# कान्तिपुर
वर्ष ३२ अंक १३२ काठमाडौं | १५ असार २०८१ शनिबार आषाढ कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४४ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, June 29, 2024 | पृष्ठ ८+४ | १० रुपैयाँ

# रुसी सेनामा थप १० नेपाली युवाको मृत्यु

## युक्रेनसँगको युद्धमा अहिलेसम्म ३५ नेपालीको ज्यान गएको पुष्टि



तस्बिर सौजन्य : रुसी सेनामा भर्ती भएका युवा

**रुसी सेनामा भर्ती भएर युक्रेनसँग युद्ध लड्न हातहतियारका साथ तयारी अवस्थामा खटिएका नेपाली युवाहरू ।**

**होम कार्की र जगदीश्वर पाण्डे** (काठमाडौं)

रुसी सेनामा भर्ती भई युक्रेनसँगको युद्धमा परेर थप १० नेपालीको मृत्यु भएको छ ।

मस्कोस्थित नेपाली दूतावासबाट प्राप्त जानकारीअनुसार पछिल्लो पटक मृत्यु पुष्टि भएका १० सहित ज्यान गुमाउने नेपालीको संख्या ३५ पुगेको छ । पछिल्लो तथ्यांक अनुसार मृत्यु हुनेमा रूपन्देहीका लालबहादुर बुढा, दोलखाका फुर्वा शेर्पा, स्याङ्जाका सुरज विक, धादिङका नेत्रबहादुर घर्ती, गुल्मीका शंकर दमाईं, लमजुङका साजन गुरुङ, दैलेखका तेजबहादुर शाही, सिन्धुलीका शान्तबहादुर भोलान, जिल्ला पत्ता नलागेका राजु थारू र घनश्याम परियार रहेको दूतावासले जनाएको छ ।

युद्धमा घाइते भएर उपचाररत नेपाली ६ रहेको पनि दूतावासले जनाएको छ । सरकारी तथ्यांकअनुसार रुस-युक्रेन युद्धपछि नेपाल फर्कनेको संख्या १ सय २८ पुगेको छ ।

सन् २०२२ फेब्रुअरी २४ का दिन रुसले युक्रेनमाथि आक्रमण गरेपछि सुरु भएको युद्धमा रुसले गैरकानुनी रूपमा नेपालीलाई सम्झौता गर्दै भर्ती गरिरहेको छ । परराष्ट्र मन्त्रालयले रुस-युक्रेनको युद्धमा परेर मृत्यु हुने नेपालीका बारेमा सुरुआतमा प्रेस विज्ञप्ति नै निकालेर जानकारी दिए पनि पछिल्लो समय मृत्यु हुनेहरू सबैको नामावली सार्वजनिक गरेको छैन । दूतावासले पनि औपचारिक रूपमा सार्वजनिक गरेको छैन । दूतावास स्रोतले उपलब्ध गराएको सूचनाअनुसार ३५ जनाको नाम पुष्टि भएको छ । 'रुस-युक्रेन मामिलामा सार्वजनिक रूपमा नभन्न र बाहिर जानकारी नदिनका लागि मन्त्रालयभित्रै उर्दी जारी गरिएको छ,' परराष्ट्र स्रोतले भन्यो । मृत्यु हुने नेपालीका बारेमा मस्कोस्थित दूतावासले परराष्ट्र मन्त्रालयलाई जानकारी गराइसकेको छ ।

रुसी सेनामा भर्ती भएका नेपालीका बारेमा सरकारले लगातार रुस सरकारसँग बुझ्न खोज्दासमेत स्पष्ट जानकारी प्राप्त भएको छैन । 'रुसी सेनामा हालसम्म कति नेपाली भर्ती छन्, कति घाइते छन् र थप अरू कतिको मृत्यु भयो भन्ने तथ्यांक रुसी सरकारले नेपाललाई जानकारी गराएको छैन,' परराष्ट्रका एक उच्च अधिकारीले भने । बाँकी पृष्ठ ७

### युक्रेनी सेनाको कब्जामा रहेका र मृत्यु भएका नेपाली युवाको सूची

पृष्ठ ७

# एसईईमा अनुत्तीर्ण सबैका लागि मौका परीक्षा

## दुई विषयसम्म ननग्रेडेड विद्यार्थीले ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने व्यवस्था थियो, अब ७ वटै विषयसम्म ग्रेडवृद्धि परीक्षा दिन पाउने शिक्षा मन्त्रालयको निर्णय

**सुदीप कैनी** (काठमाडौं)



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एसईईको नतिजामा अस्वीकृत (ननग्रेडिङ/एनजी) ल्याएका सबै २ लाख ४२ हजार ३ सय १३ जना विद्यार्थीले ग्रेडवृद्धि (मौका) परीक्षामा सहभागी हुन पाउने निर्णय गरेको छ । शिक्षामन्त्री सुमना श्रेष्ठले मन्त्रीस्तरीय निर्णय गर्दै शुक्रबार यस्तो निर्णय गराएकी हुन् ।

बिहीबार सार्वजनिक नतिजामा ४ लाख ६४ हजार ७ सय ८५ मध्ये ५२ प्रतिशत विद्यार्थी एनजीमा परेका थिए । तीमध्ये दुई विषयसम्म ननग्रेडिङ भएका विद्यार्थीले मात्र ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने व्यवस्था लेटर ग्रेडिङ निर्देशिका २०७८ मा उल्लेख छ ।

यो व्यवस्थाअनुसार १ लाख १५ हजार ८ सय ३४ जना मात्रै ग्रेडवृद्धि परीक्षाका लागि योग्य थिए । शिक्षामन्त्री श्रेष्ठले मन्त्रीस्तरीय निर्णय गर्दै सबै ननग्रेडिङ विद्यार्थीलाई ग्रेडवृद्धि परीक्षामा सहभागी गराउने निर्णय गरेको शिक्षा मन्त्रालयका प्रवक्ता केशव दाहालले बताए । 'सबै एनजी ल्याउने छात्रछात्रालाई ग्रेडवृद्धि परीक्षाको मौका दिने मन्त्रीस्तरीय निर्णय भएको हो । राष्ट्रिय परीक्षा बोर्ड र पाठ्यक्रम विकास केन्द्रलाई पनि उक्त निर्णय कार्यान्वयन गर्न अनुरोध गरिएको छ,' उनले भने । केन्द्रले लागू गरेको निर्देशिकामा दुई विषयसम्म ननग्रेडिङ ल्याएका विद्यार्थीले मात्र ग्रेडवृद्धि परीक्षा दिन पाउने उल्लेख छ । दुई विषयभन्दा बढीमा ननग्रेडिङमा परे चैतमा सञ्चालन हुने वार्षिक परीक्षामा मात्र सहभागी हुन पाउने व्यवस्था छ ।

निर्देशिकाको उक्त व्यवस्थासमेत संशोधन हुने मन्त्रालयले जनाएको छ । उक्त व्यवस्था संशोधन भए कक्षा १२ को नतिजामा त्यही पद्धति कार्यान्वयन हुनेछ । गत वैशाखमा सञ्चालित कक्षा १२ को नतिजा पनि प्रकाशित हुने तयारीमा छ । पाठ्यक्रम विकास केन्द्रमा शिक्षामन्त्री अध्यक्ष हुने व्यवस्था छ ।

परीक्षा बोर्ड र केन्द्रले थप निर्णय गरेपछि मन्त्रीस्तरीय निर्णय कार्यान्वयनमा जानेछ । बोर्डले साउन १८ र १९ गते ग्रेडवृद्धि परीक्षा तालिका प्रकाशित गरेको थियो । उक्त निर्णयपछि परीक्षाको तालिकामा समेत संशोधन हुने बोर्डले जनाएको छ । बाँकी पृष्ठ ७

### कान्तिपुर जनमत

**नतिजा**

एसईई परीक्षाको नतिजामा ५२ प्रतिशत विद्यार्थी ननग्रेडिङ (एनजी) मा पर्नुको कारण के होला ?

| | |
|---|---|
| शिक्षण र परीक्षा प्रणाली नै ठीक भएन | ६५.१६% |
| विद्यार्थीको मिहिनेत पुगेन | २६.०६% |
| नतिजा औसतमा यस्तै नै हुने गर्छ | ६.९१% |
| केही भन्न चाहन्नँ | १.८७% |

**आजको प्रश्न**

राष्ट्रिय स्वतन्त्र पार्टीले महामन्त्री मुकुल ढकाललाई स्पष्टीकरण सोधेको घटनालाई कसरी बुझ्नुभएको छ ?

आफ्नो राय राख्न जानुस् www.ekantipur.com वा Download गर्नुस् Kantipur App

तपाईंको आवाज, भविष्यको आधार

Google play | App Store

### युरो २०२४ विशेष

पृष्ठ ८

BYD | UEFA EURO 2024 GERMANY
UEFA EURO 2024™ Official Partner

### लुम्बिनीलाई खतराको सूचीमा राख्न मस्यौदा तयार

पृष्ठ २

# सिद्धबाबा सुरुङ मार्ग अब तीन महिनामा 'ब्रेक थ्रु'


- दुई वर्षमा गरेको प्रगति विस्फोटक पदार्थको प्रयोगपछि एक महिनामै
- ११ सय २६ मिटरको सुरुङ मार्ग दैनिक ८ देखि ९ मिटरका दरले खनिँदै

**विमल खतिवडा**
**माधव अर्याल** (सिद्धबाबा, पाल्पा)

सिद्धार्थ राजमार्गअन्तर्गत पाल्पाको सिद्धबाबा सुरुङ मार्गमा विस्फोटक पदार्थ प्रयोग गरेर चौबिसै घण्टा खन्न थालिएको छ । कुनै समस्या नआए अबको साढे दुईदेखि तीन महिनाभित्र सुरुङको 'ब्रेक थ्रु' गर्ने तयारी रहेको सडक विभागअन्तर्गत गुणस्तर अनुसन्धान तथा विकास केन्द्रका निर्देशक नरेशमान शाक्यले बताए ।

'मेसिनबाट मात्र काम गर्दा निर्माणमा ढिलाइ भएको थियो, चट्टान ठूला भएकाले त्यसलाई काट्न दुई/तीन दिन नै लाग्थ्यो,' उनले भने, 'जसले गर्दा प्रगति कम थियो ।' निर्माणको काम थालेको दुई वर्ष बित्दा प्रगति १२ प्रतिशत काट्न सकेको थिएन । बाँकी पृष्ठ ७



# लुम्बिनीलाई खतराको सूचीमा राख्न मस्यौदा तयार



**खतराको सूचीमा परेपछि मापदण्डविपरीतका गतिविधि रोकेर सम्पदाको अवस्था सुधार नगरेमा विश्व सम्पदा समितिले सम्पदास्थललाई सूचीबाटै हटाउन सक्छ । युनेस्कोले लुम्बिनीलाई खतराको सूचीमा किन नराख्ने भनेर पटक-पटक लुम्बिनी विकास कोषसित प्रस्टीकरणसमेत सोधेको थियो । कोषको जवाफ चित्त नबुझेपछि खतराको सूचीमा राख्ने 'ड्राफट डिसिजन' गरेको हो ।**

**मनोज पौडेल र दीपेन्द्र बडुवाल** (लुम्बिनी)

विश्व सम्पदास्थल लुम्बिनीस्थित मायादेवी मन्दिरलाई खतराको सूचीमा राख्न 'ड्राफ्ट' तयार गरिएको छ । विश्व सम्पदा मापदण्डविपरीतका गतिविधि बढेपछि बुद्ध जन्मस्थललाई खतराको सूचीमा राख्ने तयारी गरिएको हो । कुनै सम्पदा संरक्षणका लागि थप र गम्भीर पहल गर्नुपर्ने अवस्थामा विश्व सम्पदा समिति (वर्ल्ड हेरिटेज कमिटी) ले यस्तो सूचीमा राख्ने गरेको छ । रिएक्टिभ मनिटरिङ मिसनले युनेस्कोलाई बुझाएको प्रतिवेदनकै आधारमा खतराको सूचीमा राख्ने ड्राफ्ट डिसिजन भएको हो ।

वर्ल्ड हेरिटेज सेन्टर र इकोमसले २०२२ मा सम्पदाविज्ञ रोलेन लिन र प्रोफेसर कारिया संलग्न रहेको रिएक्टिभ मनिटरिङ मिसनलाई लुम्बिनी पठाएको थियो । मिसनले लुम्बिनी नजिक बन्न थालेको श्रीराम सिमेन्ट उद्योगले समस्या थप्ने कुरा उठाएका थिए । लुम्बिनीमा बनेको ५ हजार क्षमताको ध्यान केन्द्र तथा अन्तर्राष्ट्रिय सभास्थल एचआईए (सम्पदा प्रभाव मूल्यांकन) नगरीकनै बनाएकामा पनि प्रश्न उठाइएको थियो ।

विज्ञका अनुसार यस्तो सूचीमा परेपछि सम्पदाको संरक्षण र मापदण्डविपरीतका कार्य रोकिनुपर्छ । यस्ता क्रियाकलाप रोकेर सम्पदाको अवस्था सुधार नगरेमा विश्व सम्पदा समितिले यस्ता स्थललाई सूचीबाटै हटाउन सक्नेछ । बुद्ध जन्मस्थलमा लामो समयदेखि विश्व सम्पदा मापदण्डविपरीत क्रियाकलाप बढेपछि युनेस्कोले खतराको सूचीमा राख्ने चेतावनी दिँदै आएको थियो । युनेस्कोले लुम्बिनीलाई खतराको सूचीमा किन नराख्ने भनेर पटक-पटक लुम्बिनी विकास कोषसित प्रस्टीकरणसमेत सोधेको थियो । कोषको जवाफ चित्त नबुझेपछि युनेस्कोले विश्व सम्पदास्थल लुम्बिनीलाई खतराको सूचीमा राख्ने 'ड्राफट डिसिजन' गरेको हो ।

गत वर्ष साउदी अरबको रियादमा भएको युनेस्को वर्ल्ड हेरिटेज कमिटीको ४५ औं सेसनले नेपाललाई एसओपी (स्टेट अफ कन्जरभेसन रिपोर्ट) दिने निर्णय गरेको थियो । गत फेब्रुअरी १ अघिसम्म दिइएको समय सीमाभित्रै नेपालले रिपोर्ट बुझाएको हो । तर, त्यो रिपोर्ट नहेरी ड्राफ्ट डिसिजन गरेको लुम्बिनी विकास कोषका वरिष्ठ प्रशासकीय अधिकृत ज्ञानीन राईले बताए । लुम्बिनीकै सन्दर्भलाई लिएर गत साता युनेस्को वर्ल्ड हेरिटेज कमिटीले संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग, पेरिसस्थित राजदूत र लुम्बिनी विकास कोषबीच हाइब्रिड जुम मिटिङ आयोजना गरेको थियो ।

वर्ल्ड हेरिटेज कमिटी सचिवालयबाट गत जुन ७ तारिखमा उक्त निर्णय सार्वजनिक गरिएको हो । युनेस्कोको निर्णय सार्वजनिक भएसँगै बुद्ध जन्मस्थल लुम्बिनी सम्पदाको खतराको सूचीमा पर्ने जोखिम बढेको छ । आगामी जुलाई २१ देखि ३१ सम्म भारतको राजधानी नयाँदिल्लीमा आयोजना हुने वर्ल्ड हेरिटेज कमिटीको ४६ औं सत्रले खतराको सूचीमा राख्ने/नराख्ने निर्णय गर्नेछ । लुम्बिनी विकास कोष स्रोतका अनुसार युनेस्कोले १५ बुँदे ड्राफ्ट तयार गरेर पठाएको छ । कोषका अनुसार कतिपय कुरा राम्रा र स्वागतयोग्य भए पनि धेरै विषयमा प्रश्न उठाएको छ ।

सम्पदास्थलको मूल्य मान्यताविपरीत मायादेवी मन्दिर परिसरमा तीर्थालु बस्ने सेड र परिसरबाहिर दियो जलाउन टहरा निर्माण गरिएको थियो । सम्पदा प्रभाव मूल्यांकन (एचआईए) नगरीकनै गत माघमा लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्यारक्याल लामाको निर्देशनमा हतारहतार ती निर्माण कार्य गरिएको हो । मन्दिर परिसरमा तीर्थालु बस्ने सेडले दक्षिण पूर्वतिरको पुरातात्त्विक भग्नावशेष ढाकेपछि युनेस्कोले प्रश्न उठाएको थियो । मायादेवी मन्दिरभित्र रहेको जन्म स्मारक शिला (मार्कर स्टोन) लाई कमलको फूल आकारको सिसाले ढाकिएको छ । युनेस्कोले उक्त सिसा हटाउन ताकेता गरेपछि एक पटक हटाएर फेरि राखिएको हो ।

सम्पदास्थलमा भइरहेका आधुनिक विकास निर्माणका कामले संरक्षित क्षेत्रको वातावरणमा प्रतिकूल असर पारिरहेको विज्ञको भनाइ छ । यस्ता विकास निर्माणले पुरातात्त्विक स्थलको मौलिक स्वरूपलाई असर गर्नुका साथै यसको ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक पक्षलाई प्रभावित गर्ने बताइन्छ । 'स्वरूप परिवर्तनले सम्पदाको महत्त्व घटेर जान्छ, निर्माण कार्य गर्दा साबिककै स्वरूप र शैलीमा गर्नुपर्छ तर लुम्बिनीमा निर्माणका काममा ज्यादती नै भएको छ,' एक पुरातत्त्व अधिकृतले भने, 'यस्तै मनपरीका कामले लुम्बिनी विश्व सम्पदाको खतराको सूचीमा पर्न मलजल गरेको हुनुपर्छ ।'

मन्दिर परिसरमा सेड निर्माण गर्दा सिमेन्टका ब्लक राख्न कतिपय ठाउँमा खनिएको छ । यसरी खन्दा कतिपय ठाउँमा जमिनमुनिका पुरातात्त्विक इँटा बाहिर निस्किएका छन् । कतिपय ठाउँमा गैती, कोदालोको चोटले इँटा फुटेका थिए ।

> कुनै सम्पदा संरक्षणका लागि थप र गम्भीर पहल गर्नुपर्ने अवस्था उत्पन्न भएमा विश्व सम्पदा समितिले खतराको सूचीमा राख्ने गर्छ । बुद्ध जन्मस्थलमा लामो समयदेखि विश्व सम्पदा मापदण्डविपरीतका क्रियाकलाप बढेपछि युनेस्कोले खतराको सूचीमा राख्ने चेतावनी दिँदै आएको थियो । आगामी जुलाई २१ देखि ३१ सम्म भारतको नयाँदिल्लीमा हुने समितिको ४६ औं सत्रले खतराको सूचीमा राख्ने/नराख्ने निर्णय गर्नेछ ।

युनेस्कोका प्रतिनिधि यहाँ अनुगमनमा आएका बेला पनि कोषका पदाधिकारी र कर्मचारी मायादेवी मन्दिर आसपास बाटो बनाउन डोजर, जेसीबी सञ्चालन गरिरहेका हुन्थे । यस्ता क्रियाकलापलाई युनेस्कोले गम्भीर रूपमा लिएको पुरातत्त्वविद्हरूले बताएका छन् ।

लुम्बिनीलाई विश्व सम्पदा स्थल बनाउन लामो प्रयास गर्नुपरेको थियो । विसं २०३२ देखि ०४२ सम्म तत्कालीन लुम्बिनी विकास समिति अध्यक्ष लोकदर्शन वज्राचार्यको पालादेखि यस्तो प्रयास थालिएको थियो । तेस्रो पटकको प्रयासपछि सन् १९९७ मा मात्र इन्सक्राइब (सूचीकृत) गरिएको थियो । २७ वर्षपछि फेरि खतराको सूचीमा पर्नु दुःखद भएको वरिष्ठ पुरातत्वविद् वसन्त बिडारीले बताए । युनेस्कोको गाइड लाइनविपरीतको काम गर्दा यस्तो नतिजा आएको उनले बताए ।

'पहिलेदेखि नै युनेस्कोले यहाँ भइरहेका गतिविधिमा प्रश्न उठाइरहेको थियो,' उनले भने, 'अहिले बाध्य भएर निर्णय लिएको हुनुपर्छ ।' उनका अनुसार विश्व सम्पदास्थलको आफ्नै विश्वव्यापी महत्त्व हुन्छ । अझ बुद्धको जन्मस्थल भएको सुन्दा सबैमा जिज्ञासा हुन्छ । यहाँ आउन लालायित हुन्छन् । तर, युनेस्कोको निर्णयपछि पर्यटक आगमनमा पनि नराम्रो प्रभाव पर्न सक्छ । यसले मुलुककै पर्यटन प्रवर्द्धनमा असर गर्छ । यसलाई तत्काल सम्बोधन गरेर सुखद नजिजा ल्याउनेतर्फ राज्य नै लाग्नुपर्ने बिडारीले बताए ।

**दिल्ली सत्र निर्णायक**

यही जुलाई २१ देखि ३१ तारिखसम्म दिल्लीमा हुने युनेस्को वर्ल्ड हेरिटेज कमिटीमा खतराको सूचीमा राख्ने ड्राफ्ट डिसिजनबारे छलफल हुनेछ । ड्राफ्ट डिसिजनबारे अनौपचारिक जानकारी पाउनासाथै नेपालले त्यसलाई फेस गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा लबिइङ थालेको छ । त्यही भएर लुम्बिनीमा खतराको सूचीमा पर्नु हुँदैन भनेर अहिले अन्तर्राष्ट्रिय लबिइङ थालिएको छ । युनेस्कोका १९५ मुलुक सदस्य छन् । खतराको सूचीमा राख्ने/नराख्ने भनेर निर्णय गर्ने अधिकार २१ राष्ट्र सम्मिलित कार्यकारिणी समितिलाई हुन्छ । समितिमा एसियाका जापान, दक्षिण कोरिया, भारत, कतार र कजाकिस्तान सदस्य छन् ।

कजाकिस्तानको दूतावास नेपालमा छैन । अन्य ४ मुलुकका राजदूतलाई कोष उपाध्यक्ष ल्यारक्याल लामासहितको टोलीले भेटेर लुम्बिनीको विकासका लागि हातेमालो र खतराको सूचीमा नराख्न आग्रह गरेको छ । त्यसमा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग र लुम्बिनी विकास कोषलगायतका सदस्य छन् । समस्या के हो र कुन कारणले खतराको सूचीमा राख्न खोजिएको हो भनेर पहिल्याउन र समस्या समाधान गर्न परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठको संयोजकत्वमा एउटा र संस्कृति मन्त्रालयका सहसचिवको नेतृत्वमा अर्को समिति बनाएर काम भइरहेको छ । अब छिट्टै यसबारेमा टुंगोमा पुग्ने परराष्ट्रमन्त्री श्रेष्ठले बताए । 'त्यस विषयमा अध्ययन गरिरहेका छौं,' उनले भने, 'नेपालको हितलाई केन्द्रमा राखेर निचोड निकाल्ने छौं ।'

## रिएक्टिभ मनिटरिङ मिसनको प्रतिवेदन

रिएक्टिभ मनिटरिङ मिसनको सुझावअनुरूप लुम्बिनी नजिक बन्न थालेको श्रीराम सिमेन्ट उद्योग अहिले बन्द भएको छ । अन्तर्राष्ट्रिय ध्यान केन्द्रको भने एचआईए गरिएको कोषका वरिष्ठ प्रशासकीय अधिकृत राईले बताए । तर, यी कुरामा युनेस्को अनभिज्ञ छ । वर्ल्ड हेरिटेज साइट व्यवस्थापन गर्ने (एकीकृत व्यवस्थापन संरचना) कार्यान्वयनको अवस्था सुरुमा नभएकामा अहिले सरकारबाट स्वीकृत गरेर कार्यान्वयनमा ल्याइसकेको उनले बताए । त्यस्तै सम्पदा स्थलमा नयाँ विकासका काम गर्नुअघि एचआईए गर्नुपर्ने र केही द्विविधा परे युनेस्को वर्ल्ड हेरिटेज कमिटीको एडभाइजरी कमिटीलाई सोध्नुपर्ने कुरा रिएक्टिभ मनिटरिङ मिसनले सुझाएको थियो ।

मायादेवी मन्दिरभित्र पानी चुहिने समस्या र त्यसले पुरातात्त्विक भग्नावशेषलाई पार्ने प्रभावबारे सुरक्षाको प्रत्याभूति नभएको कुरा पनि मिसनले उठाएको थियो । लुम्बिनीको संरक्षणका आगामी योजना र कार्यक्रम के छ भनेर पनि प्रश्न उठाएका छन् । मायादेवी मन्दिर जीर्णोद्धार, तीर्थयात्री र पर्यटकका सुविधा, मायादेवी मन्दिर आसपासका वातावरणीय समस्या समाधान गर्न ठोस काम नभएको उल्लेख गरेको छ । लुम्बिनी गुरुयोजनाभित्र पनि वातावरणीय समस्याका प्रभाव देखिएको र लुम्बिनी आसपास औद्योगिकीकरण बढेर प्रदूषण बढिरहेकाले त्यसलाई सम्बोधन गर्नुपर्ने बताएको छ ।

प्राचीन स्मारक संरक्षक ऐनअनुसार लुम्बिनीको एक वर्ग किलोमिटर क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरिएको छ । यो कुरा युनेस्कोले धेरै अघिदेखि माग गर्दै आएको थियो । विभिन्न खालको सेक्टर प्लान (खण्डित योजना) पुरातत्त्व, स्थानीय विकास, विपद् जोखिम, भिजिटर व्यवस्थान, वातावरण र बुद्धिस्ट संघसंस्थाको योजना बनाउन आग्रह गरेको थियो । यसको काम भइरहेको कोषले जनाएको छ । यी समस्या २०२४ जुलाईसम्म समाधान हुन नसके लुम्बिनीको विश्वव्यापी महत्त्वको संरक्षण हुन नसकेको भन्दै खतराको सूचीमा राख्ने निर्णय रियाद सेसनमै भएको स्रोतले जनाएको छ ।

अहिले युनेस्कोले आफूहरूले दिएको सुझाव र निर्देशन कार्यान्वयनमा नआएकाले लुम्बिनीलाई खतराको सूचीमा राख्ने ड्राफ्ट डिसिजन गरेको हो । उनीहरूको सुझाव र निर्देशन धेरै कार्यान्वयन र पालना गरेर संरक्षणमा काम गरिरहेको कोषका वरिष्ठ प्रशासकीय अधिकृत राईले बताए । आफूहरूले गरेको प्रयास र कामबारे फेब्रुअरी १ अघि एसओपी (स्टेट अफ कन्जरभेसन रिपोर्ट) बुझाए पनि त्यो पढ्दै नपढी अहिले निर्णय गरिएको उनले बताए ।

युनेस्कोले आफ्नै ढंगले निर्णय गरेको देखिएको नेपाली अधिकारीको दाबी छ । खतराको सूचीमा राख्ने ड्राफ्ट डिसिजनपछि आफूहरूले सुझाव र प्रतिक्रिया युनेस्कोलाई पठाइसकेको पुरातत्त्व विभागका प्रवक्ता रामबहादुर कुँवरले बताए । 'युनेस्कोको ४६ औं सेसनमा छलफल हुन्छ । हामी पनि आफ्ना कुरा राख्छौं । त्यसपछि मात्र केही भन्न सकिन्छ,' उनले भने, 'सन् २०११/१२ देखिकै इस्यु हो, अहिलेका भन्दा पहिले भएका कामले समस्या थपेको हो ।'

सम्पदा संरक्षण चुनौतीपूर्ण काम हो । युनेस्कोले चासो राखेका कतिपय कुरा कार्यान्वयन गर्न मुलुकको कानुन संशोधन गर्नुपर्ने अवस्था रहेको अधिकारीहरूको भनाइ छ । युनेस्कोले वर्ल्ड पिस सिटीबारे चासो राखेको छ । अन्तर्राष्ट्रिय ध्यान केन्द्रको कार्यविधि अंग्रेजी वा फ्रेन्च भाषामा अनुवाद गरेर उपलब्ध गराउन भनेको छ । जीर्ण बनेको मायादेवी मन्दिर संरक्षण कसरी गर्ने भन्ने विषयमा पनि युनेस्कोको जिज्ञासा छ । त्यसैले तत्कालै खतराको सूचीमा राख्नुपर्ने आधार नभएको कोष सदस्यसचिव सानुराजा शाक्यको दाबी छ । बरु थप छलफल गरेर काम संरक्षणमैत्री बनाउनेतर्फ लाग्नुपर्ने उनले बताए । 'युनेस्कोको चासोको हामीले सबैको कुराको प्रतिउत्तर दिएका छौं,' उनले भने ।







## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — विभिन्न कुराले व्यस्त रहनुपर्ला । प्राथमिकतामा परेका कुरामा जोड दिनु उचित हुनेछ । सामयिक अवस्था बुझी काम गर्नुपर्ने बेला छ ।

**वृष** — कुनै कुराले कतै जमघट हुन सक्छ । समय आफूअनुकूल भए पनि निकै व्यस्त भइनेछ । आफ्नो सहजताको आफैंले ख्याल गर्नुपर्नेछ ।

**मिथुन** — पारिवारिक वातावरण सुखमय रहनेछ । एकअर्काको भावना बुझी काम गर्ने प्रयत्न हुनेछ । विभिन्न माध्यमबाट काममा सहयोग पाइनेछ ।

**कर्कट** — कुनै कुराको जिम्मेवारी निभाउनुपर्ने अवस्था आइलाग्ला । खानपानका क्षेत्रमा विचार गर्नुपर्ने बेला छ । काम सहज हुनेतर्फ ध्यानाकृष्ट हुनेछ ।

**सिंह** — एकछिन पर्ख, बुझ र बोलको अवस्था छ । अरूका साथसाथै आफ्नोबारे पनि विचार गर्नुपर्ने हुन्छ । अवस्था बुझी काम गर्दा मनले रमाइलो मान्ला ।

**कन्या** — कामविशेषले कतै निस्किनुपर्ने हुन सक्छ । विभिन्न कार्यक्रमले गर्दा व्यस्त रहनुपर्ला । आफ्नो सहजताको ख्याल गर्दै चल्नु नै उपयुक्त रहनेछ ।

**तुला** — जेजसरी मन खुसी रहन्छ उसरी नै रम्ने प्रयास हुनेछ । प्रायः सबै काम आफ्नै प्रभुत्वमा सम्पन्न हुनेछन् । कुनै कुराले मन सन्तुष्ट रहला ।

**वृश्चिक** — कतै घुमघाम गर्न जाने मौका जुर्न सक्छ । कुनै कुराले फेरि मन दोधारमा पर्ला । पारम्परिक खानपानमा र चालचलनमा मन रमाउनेछ ।

**धनु** — विभिन्न कुराले अलमलाइरहनेछ । आफ्नो निमित्त केही फुर्सद निकाल्नैपर्ने हुन्छ । कुनै उत्सव/मेलामा रमाउने मौका मिल्न सक्छ ।

**मकर** — विभिन कुराले घरायसी वातावरण सुखमय रहनेछ । पट्यार मेट्नका निम्ति कुनै कुरामा भुल्ने प्रबन्ध मिल्न सक्छ । कुनै वस्तुको किनमेल गर्नुपर्ला ।

**कुम्भ** — कुनै विशेष काममा संलग्न रहनुपर्नेछ । इष्टमित्रसित भेटघाट हुने मौका जुट्नेछ । निश्चित समयमै काम सक्ने प्रयास हुनेछ ।

**मीन** — आफ्नै चालढालमा समय कटाउने प्रयास हुनेछ । कुनै सांस्कृतिक कार्यमा संलग्न हुने अवसर मिल्ला । इच्छानुरूप पहिरन लगाउने मौका मिल्नेछ ।

# महामन्त्री ढकाललाई रास्वपाले सोध्यो स्पष्टीकरण

## एक महिना लगाएर ३८ जिल्लाका करिब ३ हजार मतदाता, शुभेच्छुकसँग अन्तरक्रिया गरी तयार पारिएको दाबी

**जयसिंह महरा र जगदीश्वर पाण्डे** (काठमाडौं)

देश दौडाहापछि पार्टीका बारेमा जनधारणा समेट्दै प्रतिवेदन तयार पारेका महामन्त्री मुकुल ढकाललाई राष्ट्रिय स्वतन्त्र पार्टीले शुक्रबार स्पष्टीकरण सोधेको छ। सभापतिलाई बुझाइएको प्रतिवेदन पहिल्यै सञ्चामाध्यममार्फत सार्वजनिक गरेको भन्दै ढकाललाई स्पष्टीकरण सोधिएको हो। रास्वपाको केन्द्रीय अनुशासन तथा आचरण समितिले सभापति रवि लामिछानेकै निर्देशनमा ढकाललाई अनुशासन उल्लंघन गरेको आरोपमा स्पष्टीकरण सोधेको हो। रास्वपा सहप्रवक्ता प्रतिभा रावलले पनि यसको पुष्टि गरिन्।

'पार्टीको अनुशासन उल्लंघन गरेको, प्रतिवेदन सञ्चारमाध्यममा सार्वजनिक गरेको र सत्ता गठबन्धनलगायत विषयमा बोलेपछि स्पष्टीकरण सोधिएको हो,' रावलले भनिन्। महामन्त्री ढकालले भने स्पष्टीकरण पत्र सहयोगीमार्फत प्राप्त भएको बताए। भने, 'दर्ता भएको छ भनेर स्टाफले भनेका छन्। आइतबार हेर्छु। मलाई सभापतिबाहेकले स्पष्टीकरण सोध्न मिल्दैन। उहाँले त्यस्तो केही भन्नुभएको छैन।'

ढकालले गत बुधबार सभापति तथा उपप्रधान एवं गृहमन्त्री लामिछानेलाई ३२ पृष्ठको प्रतिवेदन बुझाएका थिए। महामन्त्री ढकालको प्रतिवेदनले पहिलो पटक रास्वपामा बहस सिर्जना गरेको छ। उक्त प्रतिवेदनको विषयवस्तुलाई लिएर पार्टी बाहिर पनि चर्चा बढेपछि ढकाललाई स्पष्टीकरण सोधिएको बुझिएको छ। भरतमणि देवकोटा प्रमुख रहेको उक्त अनुशासन समितिमा रामहरि सुवेदी, रमाकान्त रिमाल र यज्ञमणि न्यौपाने सदस्य छन्। प्रमुख देवकोटा भने यतिबेला देश बाहिर छन्।



> यो प्रतिवेदन सबै तहका पार्टी पंक्ति तथा आम नेपालीमाझ प्रस्तुत गरिनुपर्छ, यसलाई सभापतिमा मात्र सीमित नराख्न अनुरोध छ
>
> **मुकुल ढकाल**, महामन्त्री, रास्वपा

इलाम-२ को उपनिर्वाचनमा पार्टीले निराशाजनक नतिजा बेहोरेपछि रास्वपा सचिवालयले नै महामन्त्री ढकाललाई देशभरबाट समीक्षात्मक प्रतिवेदन ल्याउन खटाएको थियो। त्यसैअनुसार ढकालले एक महिना लगाएर ३८ जिल्लाका करिब ३ हजार मतदाता, शुभेच्छुकसँग अन्तरक्रिया गरी प्रतिवेदन तयार गरेका हुन्। जुन प्रतिवेदन सभापति लामिछानेलाई बुझाइएको छ भने असार १९ मा उक्त प्रतिवेदनमाथि रास्वपाको केन्द्रीय समितिको बैठकमा छलफल हुँदै छ। ढकाल पार्टीले नै आफूलाई प्रतिवेदन तयार गर्न लगाएको बताउँछन्। 'पार्टीले दिएको जिम्मेवारीअनुसार प्रतिवेदन तयार पारेको हुँ। प्रतिवेदन समीक्षा गरेर त्यसबाट निकालिएको प्रस्ताव सार्वजनिक होस् भन्ने चाहना हो,' उनले थपे, 'प्रतिवेदनमा प्रस्ताव गरिएको छैन। त्यसमा यस्तो हुनुपर्छ भनेर समीक्षा गरिएको छ। त्यसको आधारमा पार्टीलाई अगाडि बढाइयोस् भन्ने हो।'

रास्वपाका मुख्य सचेतक सन्तोष परियारले महामन्त्रीको प्रतिवेदनमा छलफल गर्न बाँकी रहेको बताए। भने, 'प्रतिवेदनभित्र के छ भन्ने हेर्न बाँकी नै छ। हामीले थाहा पाएको पनि सञ्चारमाध्यममा आएका सूचना नै हुन्। त्यसबाहेक के छ, हामीलाई पनि थाहा छैन। असार १९ मा त्यसबारेमा छलफल गर्ने कार्यक्रम रहेको छ।' समीक्षा प्रतिवेदन सभापतिलाई हस्तान्तरण गरेपछि ढकालले जारी गरेको विज्ञप्तिमा पार्टीभित्र आफ्नाविरुद्ध अराजनीतिक क्रियाकलाप भएको आरोप लगाएका छन्। उनले आफूले गर्दै नगरेका कामको दोष लगाइएको विज्ञप्तिमा उल्लेख गरेका छन्।

रास्वपा सांसद शिशिर खनाल महामन्त्री ढकालले पार्टी सभापतिसमक्ष पेस गरेको प्रतिवेदनलाई पार्टीले गम्भीरताका साथ अध्ययन गर्ने बताउँछन्। 'हो, उहाँले केही कुरा पत्ता लगाएर ल्याएको छु भनेपछि स्वाभाविक रूपमा त्यसलाई हामीले अत्यन्त गम्भीरतापूर्वक अध्ययन गर्छौं,' उनले भने, 'अध्ययनका आधारमा निष्कर्ष आइसकेपछि थप प्रतिक्रिया राख्नु उचित हुन्छ होला।'

## प्रदेशसभा बैठक अवरुद्ध

वीरेन्द्रनगर (कास)- कर्णाली प्रदेशसभा बैठक शुक्रबार पनि अवरुद्ध भएको छ। प्रमुख प्रतिपक्षी दल कांग्रेसले बजेटमाथि आपत्ति जनाउँदै अवरोध गरेपछि बैठक अवरुद्ध भएको हो।

आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसीले असार १ को प्रदेशसभा बैठकमा आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गरेका थिए। त्यसपछि २ दिनसम्म चलेको बजेटमाथिको सामान्य छलफलमा उठेका प्रश्नको असार ५ मा आर्थिक मामिलामन्त्री केसी जवाफ दिएका थिए। उक्त जवाफ चित्तबुझ्दो नभएको भन्दै कांग्रेसले निरन्तर विरोध जनाउँदै आएको छ। शुक्रबारसम्म ५ पटक संसद् बैठक बोलाए पनि निरन्तर अवरुद्ध हुँदै आएको छ।






## भुटानी शरणार्थी प्रकरणका अभियुक्त प्रतीक पक्राउ

काठमाडौं (कास)- नक्कली भुटानी शरणार्थी प्रकरणका फरार अभियुक्त प्रतीक थापा पक्राउ परेका छन्। प्रहरीको विशेष टोलीले थापालाई शुक्रबार पक्राउ गरी थप अनुसन्धानका लागि काठमाडौं प्रहरी परिसरको जिम्मा लगाएको छ। निमित्त प्रहरी महानिरीक्षक (एआईजी) दीपक थापाका अनुसार उनी काठमाडौंको बौद्धबाट पक्राउ परेका हुन्।

प्रतीक दुई साताअघि भारतबाट नेपाल आएको आशंका छ। उनी पूर्वगृहमन्त्री एवं एमालेका उपाध्यक्ष रामबहादुर थापाका छोरा हुन्। नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउन गरिएको अपराध अभियोगमा गत वर्ष जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले थापालाई फरार सूचीमा राखेर उनीसहित ३० जनाविरुद्ध अदालतमा मुद्दा दायर गरेको थियो।

बाबु गृहमन्त्री भएका बखत बिचौलिया र गृह मन्त्रालयकै कर्मचारीसँग मिलेर प्रतीकले शरणार्थी प्रकरणमा असुली धन्दा चलाएको र बिचौलियाबाट १ करोड रुपैयाँ लिएको तथ्य अनुसन्धानबाट खुलेको थियो। २०७९ चैतमा शरणार्थी प्रकरणका केही आरोपित पक्राउ पर्न थालेपछि प्रतीक फरार थिए। २०८० वैशाख २१ मा प्रेस विज्ञप्ति जारी गरी प्रतीकले आफू शरणार्थी प्रकरणमा संलग्न नरहेको दाबी गर्दै प्रहरी अनुसन्धानलाई सघाउने बताएका थिए। तर प्रहरी अनुसन्धान चलिरहेका बेला उनी फरार थिए। त्यसपछि प्रहरीले ०८० वैशाख ३१ गते उनीविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो।

तत्कालीन गृहमन्त्री थापाका सुरक्षा सल्लाहकार इन्द्रजित राई यही प्रकरणमा पक्राउ परेपछि अनुसन्धान प्रतीकतिर पनि सोझिएको हो। यो प्रकरणमा पूर्वउपप्रधानमन्त्री तथा एमाले सचिव टोपबहादुर रायमाझी, तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण, बहालवाला सचिव टेकनारायण पाण्डे, स्वयं प्रतीक थापा, बिचौलिया केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मासहित ३० जनाविरुद्ध राज्यविरुद्ध अपराध, ठगी, संगठित अपराध र किर्ते गरी ४ वटा कसुरमा ०८० जेठ १० मा मुद्दा दायर भएको थियो। त्यसमध्ये १८ जनामात्रै पक्राउ परेका र बाँकी फरार थिए। यो मुद्दा अहिले काठमाडौं अदालतमा विचाराधीन छ।

यो प्रकरणमा जिल्ला अदालत काठमाडौंले दुई जनालाई धरौटीमा रिहा गरी बाँकी १६ जनालाई पुर्पक्षका लागि कारागार पठाएकामा उच्च अदालत पाटनले पूर्वगृहमन्त्री खाँणसहित ९ जनालाई धरौटीमा रिहा गरी बाँकी जिल्लाकै आदेश सदर गरेको थियो। ७ जनाले समेत उच्चको आदेशविरुद्ध सर्वोच्चमा पुनरावेदन दिएकामा सर्वोच्चले उच्चकै आदेश सदर गरेपछि पूर्वउपप्रधानमन्त्री रायमाझी, सचिव पाण्डे (हाल निलम्बित), बिचौलिया दुलाल, भण्डारीसहितलाई मुद्दाको किनारा नलागेसम्म पुर्पक्षमै पठाउन आदेश दिएकामा उनीहरू हाल केन्द्रीय कारागारमा छन्।






## बुढीगण्डकी प्राधिकरण गठनको माग

काठमाडौं (कास)- नेपाल समाजवादी पार्टी (नेसपा) ले बुढीगण्डकी करिडोर बहुउद्देश्यीय आयोजना सम्पन्न गर्नका लागि बुढीगण्डकी करिडोर विकास प्राधिकरण गठन गर्न माग गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाललाई ज्ञापनपत्र बुझाएको छ। शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पुगेर पूर्वप्रधानमन्त्री तथा पार्टीका अध्यक्ष बाबुराम भट्टराईले प्रधानमन्त्री दाहाललाई ज्ञापनपत्र बुझाएका हुन्।







तस्बिर : एपी

**अमेरिकाको न्युयोर्कस्थित मेट्रोग्राफमा आयोजित 'स्पेस क्याडेट' को प्रिमियरमा अमेरिकी अभिनेत्री पप्पी लिउ ।**

## सन् २००७ मा आजकै दिन

# बजारमा आइफोन



सन् २००७ मा आजकै दिन (जुन २९) मा एप्पल कम्पनीको पहिलो स्मार्टफोन 'आइफोन' को बिक्री सुरु भएको थियो ।

२००७ को जनवरी ९ मा सार्वजनिक आइफोनको पहिलो मोडलको बिक्री जुन २९ देखि सुरु भएको थियो । कम्पनीका तत्कालीन प्रमुख कार्यकारी अधिकृत (सीईओ) स्टिभ जब्सले फोन सार्वजनिक गरेका थिए ।

आइफोनको पहिलो स्मार्टफोनको मूल्य ४ जीबीको ४९९ र ८ जीबीको ५९९ अमेरिकी डलर तोकिएको थियो । आइफोनको अपरेटिङ सिस्टम आईओएस ३.१.३ रहेको फोनमा ३.५ इन्चको डिस्प्ले र २ मेगापिक्सेलको एक मात्र क्यामेरा थियो ।

कम्पनीले एक वर्षपछि फोनको दोस्रो मोडल बजारमा ल्याएको थियो । त्यसको नाम आइफोन थ्रीजी राखिएको थियो । थ्रीजी नेटवर्क सपोर्ट गर्ने भए पनि फोनको मूल्य पहिलेको तुलनामा कम थियो । डेढ दशकभन्दा लामो यात्रामा एप्पलले पछिल्लो पटक आइफोनको १५ औं मोडल सार्वजनिक गरिसकेको छ ।

# जडीबुटी खोज्ने 'कर्णाली मन'

**सुर्खेतको वीरेन्द्रनगर-३ एरी चोकका राजेन्द्र विष्टले पछिल्लो समय कर्णालीका जडीबुटीबाट विभिन्न सामग्री उत्पादन गर्दै आएका छन् । बायो कर्णाली एरोमा प्रालिबाट उत्पादित सामग्री हाल नेपालका सुर्खेत, नेपालगन्ज, काठमाडौंमा मात्र नभई सिंगापुर, फ्रान्स, जापान र स्पेनसम्म पनि पुग्छन् ।**




**तृप्ति शाही** (वीरेन्द्रनगर)

कर्णाली प्रदेश आफैंमा जडीबुटीको खानी हो । १ सय ४७ भन्दा बढी प्रकारका जडीबुटी पाइने प्रदेशवासी भने जडीबुटीलाई आम्दानीको दिगो स्रोत बनाउन सकिरहेका छैनन् । प्रशोधन केन्द्र, भण्डारण तथा बजार व्यवस्थापनका क्षेत्रमा सरकारीस्तरबाट पहल नहुँदा संकलन भएकामध्ये बर्सेनि ३० प्रतिशत जडीबुटी खेर जाने अवस्था छ । तर जडीबुटीको सदुपयोगका क्षेत्रमा व्यक्तिगत स्तरबाट फाट्टफुट्ट काम नभएका भने होइनन् । सुर्खेतको वीरेन्द्रनगर-३ एरी चोकका राजेन्द्र विष्ट त्यसैमध्येका एक हुन् ।

दैलेखको चामुन्डाबिन्द्रासैनी नगरपालिका-२ सिरोलमा जन्मिएका राजेन्द्रको जडीबुटी मोह अचम्मकै छ । केही वर्ष उनले कर्णालीकै जडीबुटी चिन्ने र खोज्ने काममा बिताए । अहिले तिनै जडीबुटीलाई प्रशोधन गरेर विभिन्न सामग्री उत्पादन गर्ने गरेका छन् । अमृत साइन्स (अस्कल) क्याम्पसबाट आईएस्सी सकेका उनले हेमवती नन्दन बहुगुणा गढवाल विश्वविद्यालय भारतबाट विज्ञान विषयमा मास्टर्स गरे । सुर्खेत आएर केही समय अध्यापन गरे । तर पछि आफूले पढेको विषयमा केही गर्नुपर्छ भन्ने सोच पलाएपछि उनले पढाउन छाडेर व्यवसाय सुरु गरेका हुन् ।

त्यसपछि उनले बायो कर्णाली एरोमा प्राइभेट लिमिटेड कम्पनी खोले । भारतबाट कच्चा पदार्थ ल्याएर हेन्डवास, स्याम्पु, फेसवास, सरफ, फिनेललगायत ११ थरी उत्पादन सुरु गरे । बजारमा माग बढ्दै गएपछि उनको मन विदेशबाट कच्चा पदार्थ ल्याउनुको साटो प्राकृतिक रूपमा कर्णालीमा पाइने जडीबुटीको प्रयोग गरेर प्राकृतिक उत्पादन गर्नेतर्फ मोडियो । त्यसपछि भने उनले औपचारिक रूपमै कर्णालीको जडीबुटीबारे अध्ययन सुरु गरेका हुन् ।

अध्ययनका लागि उनी पाँच वर्षसम्म कर्णालीका जुम्ला, दैलेख, जाजरकोट, मुगु, सुर्खेतलगायत जिल्लाका लेकमा डुले । त्यहाँ पाइने जडीबुटीबाट के कस्ता सामग्री उत्पादन गर्न सकिन्छ भन्ने अध्ययन गरे ।

डेढ वर्षयता भने राजेन्द्रले कर्णालीका जडीबुटीको प्रयोग गरेर विभिन्न उत्पादन गर्दै आइरहेका छन् । यसका लागि उनले प्रशोधन उद्योग खोलेका छन् । अहिले उनले हर्बल ह्यान्डवास, हर्बल टी, मर्निङ टी, सिबक थोर्न जुस, इसेन्सियल ओइल, लेमन ग्रास र तीन प्रकारका तेल उत्पादन गरिरहेका छन् । उनले ढटेलो, देवदार तेल, डाले चुक, तेजपात, घोडामर्चो, बेलचन्दा, लेमनग्रास, कपुर, समयो लगायतका जडीबुटीबाट विभिन्न सामग्री उत्पादन गर्दै आइरहेका छन् ।

उत्पादित सामग्रीहरू सुर्खेत, नेपालगन्ज, काठमाडौंसँगै र सिंगापुर, फ्रान्स, जापान र स्पेनसम्म पठाउने गरेको उनले बताए । 'काठमाडौं लगायतका सहरमा निकै राम्रो माग छ । तर मागअनुसार आपूर्ति गर्न सकिएको छैन,' उनले भने । व्यवसायमा एक्लै भएकाले पनि मागअनुसार उत्पादन गर्न नसकेको उनले बताए ।

सामग्री उत्पादनका लागि उनले कर्णालीका विभिन्न जिल्लाका किसानबाट संकलित जडीबुटी प्रयोग गर्छन् । सहकारीमार्फत केही किसानलाई उनले जडीबुटी खेती गर्न पनि सघाएका छन् । अहिले उनी आफैंले पनि दुई बिघामा ७ थरी जडीबुटीको खेती सुरु गरिसकेका छन् । जसमा तुलक्षी, हिवसकस, कुरिलो, स्टेविया, असोगन्धालगायतका जडीबुटी छन् । फार्ममा दुई र उद्योगमा चार गरी ६ जनालाई रोजगारी पनि दिएका छन् ।

भविष्यमा कर्णालीका जडीबुटीलाई कर्णालीमै प्रशोधन गरेर अझै धेरै उत्पादनहरू बजारमा ल्याउने सोचमा छन् उनी । त्यसका लागि युवापुस्ताहरू पनि यही क्षेत्रमा सक्रिय हुनुपर्ने उनको भनाइ छ । त्यसका साथै जडीबुटी अध्ययन सेन्टर बनाउनेसमेत उनको योजना छ । 'युवाहरूले जडीबुटीको खेतीबारे पनि सिकुन् भन्ने चाहना छ,' उनले भने, 'आगामी दिनमा विश्वविद्यालयमा पनि जडीबुटीको उत्पादन, प्रशोधन र अध्ययनबारे पढाउनुपर्छ ।'

जडीबुटीको क्षेत्रमा काम गर्न भने त्यति सहज नभएको राजेन्द्रको अनुभव छ । राज्यले यस क्षेत्रलाई हेर्ने दृष्टिकोण विभेदकारी भएको महसुस गर्छन् उनी । खासगरी सरकार जडीबुटी खेती, उत्पादन तथा प्रशोधनसम्बन्धी नीति बनाउनमै चुकेको उनको भनाइ छ । 'सरकारले सजिलैसँग जडीबुटी उत्खनन गर्न दिँदैन । सरकारी तहबाट किसानलाई जडीबुटी खेती गर्नुपर्छ भन्ने पनि सिकाइँदैन,' उनी भन्छन्, 'जडीबुटीबाट उत्पादित सामग्री विदेश पठाउनका लागि झन्झट छ ।'

त्यसका साथै, देशभित्र जडीबुटी परीक्षण गर्ने ल्याब, अध्ययन गर्नका अनुसन्धान केन्द्रहरू अभाव भएको उनले बताए । 'नेपालका कुनै विश्वविद्यालयमा जडीबुटीबारे अध्ययन गर्न पनि पाइँदैन । त्यसैले जडीबुटीको खोजी र प्रशोधनका लागि समस्या भएको छ ।' कम सिँचाइले हुने र जंगली जनावरले पनि खासै असर नपुर्‍याउने भएकोले सरकारी तहबाट नै किसानलाई यो खेतीप्रति आकर्षित गर्नुपर्ने उनको सुझाव छ । कर्णालीबाट बोरामा ओसारपसार हुने गरेको जडीबुटीलाई राम्रो प्याकेजिङ गर्ने हो भने महँगो मूल्यमा विदेशमा निर्यात गर्न सकिने उनी बताउँछन् ।






**कर्णालीका जडीबुटीबाट विभिन्न सामग्री उत्पादन गर्दै आएका राजेन्द्र विष्ट ।**

# शिव परियारको स्वरमा 'हेर्न मन लाग्दो रैछ'

काठमाडौं (कास)- चर्चित गायक शिव परियारको स्वर र सीता अर्यालको शब्दमा नयाँ गीत 'हेर्न मन लाग्दो रैछ' सार्वजनिक भएको छ । रेस्क्यु क्रिएसन प्रालिको प्रस्तुतिमा तयार गीत ओएसआर डिजिटलको युट्युब च्यानलबाट शुक्रबार सार्वजनिक गरिएको हो ।

सुनील मास्केको संगीत रहेको गीतको संयोजन प्रदीप श्रेष्ठले गरेका हुन् । गीतको म्युजिक भिडियो सुमन अधिकारीको निर्देशन र सम्यक अधिकारीको सहनिर्देशनमा तयार पारिएको छ ।

भिडियोमा सुमन अधिकारी र युनिश अर्यालले अभिनय गरेका छन् । नवराज उप्रेतीले छायांकन गरेको गीतको भिडियो सौखिन तिमल्सिनाले सम्पादन गरेका हुन् ।




# वर्गीकृत विज्ञापन

## घर जग्गा

बुडानिलकण्ठ हातिगौडामा १५आनाजग्गा ५५लाखको अहिले आनाको ४७लाखमा उत्तरपूर्वी मोहडा १६फिटे बाटो, ९८४३८१०८०८

नयांबानेश्वर संगमचोकको प्राइमलोकेसनमा ४.५आना प्रतिआना १,१५,००,०००।- ९८५१०२४६७८

सामाखुसी सरकारीधारा नजिकै साढेतिन आनामाबनेको घरबिक्रीमा ९८४१३४७९१४

ललितपुरको.जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रिकोलागि 9849188782

गोदावारी, बोडेगांउमा २० आना जग्गा बिक्रिमा, ९८५११८३१०५

नयांपाटीमा ५७ लाखमा ०-३-०-० ९८५१११५८९५

भैसेपाटीमा सस्तो जग्गा विक्रिमा ९८१०२५५३६३

पुरानोबानेश्वर सिनामंगलजाने बाटोमा०-२-२-० जग्गाबिक्रीमा 9843919034, 9848703705

बि.एण्ड.बि. कलेजकोपछाडि आनाको ५०,००,०००।- ९८१३०२५६०९

पुर्वितराइमा १९बिगाहा घडेरियुक्त ठुलोजमिन चाहिएमा तुरुन्तैआउनुस 9802315104

महाराजगञ्ज American Embassyसंगै ०-८-०-०, ९७०२ ९०८००४

थानकोटमा प्रतिआना २५लाखको घडेरीबिक्रिमा ९८५११६०२२८

चौभार थापागाउंमा प्रतिआना २५लाखको घडेरीबिक्रिमा ९८०२३६०३६९

भक्तपुर ताथली मालपोत नजिक ३, ४आनाको टुक्रा जग्गाहरू प्रतिआना २५लाख 9818058350

## सम्पर्क

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

सबैभन्दा सस्तोमा Cashdeposit धितोफुकुवा 9823381411

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

अतिसस्तोमा विदेशजान Cashdeposit धितोफुकुवा 9841979508

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा 9801045218

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

छिटो प्रकृया ऋण ब्याज ४% बार्षिक व्यक्तिगत, सम्पत्ति विरुद्ध, सुरक्षित/असुरक्षित, व्यापार, परियोजना सबैप्रकारकोऋण ४८घण्टाभित्र उपलब्ध छ। Email- support@ccfservices.in Contact +917339897430

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

## विविध विक्रीमा

खाजापसल वा रेष्टुरेन्ट गर्नखोज्नेलाई रेष्टुरेन्टको सामानहरू सस्तोमुल्यमा सम्पर्क-९८६०१९११६३

१००-के.जि. कुखुराखसीको मासुबिक्रिहुने महिनाको लाखभन्दा बढीआम्दानी हुनेचोकको मासुपसल तुरुन्तै बिक्रिमा 9851245930

## निर्माण सफाई

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्यांकी ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851109635

सेप्टिट्याङ्की सफाई गाडीमा १५००।- 9843768737

सेप्टीट्याङ्कीसफाई ठूलोगाडीमा मेसिनबाट 015251092, 9851024364

ढलट्वाइलेट मंगल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

सस्तोमा ढलटवाइलेट जामखोल्ने 100% 9841000096

ढलटवाइलेट मंगल जामखोल्ने सस्तोमा 9841168115

सेफ्टीट्याङ्की सफाई, 9841212244, 9841488132, 01-5182401

## भाडामा

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590

मध्यवानेश्वर कात्यानी चोकनजिक ५.५तल्ले पार्किङ, लिफ्टसहितको नयांघर अफिसकोलागि फ्ल्याट वा पुरै भवन भाडामा ९८२३८१९६८७

डिल्लिबजारमा पहिलो तल्लाको फ्ल्याट अफिसकोलागी भाडामा 4524118, 9813607850

कामनपा ७ सिफलमा गोदाम स्टोरकोलागी उपयुक्त बेसमेन्ट भाडामा 9841536588

नबिलबैंकनजिकै नयाँबानेश्वरचोकमा अफिस प्रयोजनकोलागि ठाउँउपलब्धछ, 9868843733

## चाहियो

स्पाको लागि अनुभवी लेडिज मसाज थेरापिस्ट चाहियो तलब २२,०००/- मोबाइल ९८०८९८४०२७

मुस्ताङकोलागि all-rounder waiter, house (keeping (बिवाहितजोडी भए हुने) तुचाहियो सम्पर्क 9841437371

ससेज फ्याक्ट्रीकोलागि अनुभवी मार्केटिङ्ग स्टाफ तलब ३५,०००+ बोनस 9824711121

थापाथली घरमैबस्ने भान्से महिला, ९८०१०४१६५२

तु.आवश्यकता अनुभवी कुक हेल्पर ९८५११३४७७८

कुक, मसाल्ची चाहियो, जोरपाटि 9801848990

ठमेल सुपरमार्केटको लागि क्यासियर अनुभवी महिला दुईजना चाइनिज बोल्न सक्नेलाई प्राथमिकता ९८६६००००००

अनुभबि कुक, वेटर, मसाल्चि 9808166650 9706488000

तिनकुने होटललाई किचनहेल्पर, भाडामाज्ने, 9813802975

अलराउण्डर तन्दुरीकुक हेल्फर भाडामाज्ने 9843332870

खानबस्नसहित तरुन्तै कर्मचारी 15,500/- 9823280255

अनुभवी कुक, लेडिजवेटर, हेल्पर ९८४११९४०८२

ड्राईवर चाहियो टेकुस्थित आफिस तथा घरकोलागि कम्तीमा ५बर्ष अनुभवभएको, काठमाडौंको बाटो-घाटो थाहा भएको ड्राईवर चाहियोरु अफिसले उपलब्ध गराएको कोठामै बस्नुपर्नेछ ग्यासचूल्हो, पानी, ओछ्यानको व्यवस्था कम्पनीले गरीदिनेछ ग्यास, खानेपानी, राशन आदि आफै व्यवस्था गर्नपर्नेछरु सम्पर्क ९८५१०३६१७८

## मर्मत

सेफ्टीट्यांकी ढलट्वाइलेट मंगाल जामखोल्ने ९८४१०५०८५८

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

डलमंगााल टवाइलेट जामखोल्ने सेफटीटंयाकीसफाई 9808849489

डलमंगााल टवाइलेट जामखोल्ने सेफटीटंयाकीसफाई 9843999386

घरैमा LED.TV, फ्रिज, वासिङ्गमेसिन ९८४१२९६१९२

## तालिम

हाउसवाइरीङ्ग, टेलिभीजन, मोबाइल, प्लम्बिङ्ग, 9851177341

## उपचार

जस्तोसुकै यौनकमजोरीका लागि हर्वलसप्लीमेन्ट ९८४९२९२०५०

## बिहावारी

उमेर अनुसार वरवधु चाहिएमा ९८१३३८५५२९

**विदेशी मुद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १३३.८४ |
| युरो | १४३.२२ |
| पाउन्ड स्टर्लिङ | १६९.२९ |
| अस्ट्रेलियन डलर | ८९.०७ |
| कतारी रियाल | ३६.७१ |

राष्ट्र बैंकको आधारमा

सुन रू. १,४१,८००

चाँदी रू. १,७९०

# ऋणमा बनाइएका पोखरा र भैरहवा विमानस्थल निर्माणबारे अख्तियार र संसदीय समितिको छानबिन

### दुवै विमानस्थल निर्माणमा अनियमितता भएका उजुरी अख्तियारदेखि सरकारका विभिन्न निकायमा परे पनि संलग्न व्यक्ति अझै कारबाहीको दायराबाहिरै

**मातृका दाहाल** (काठमाडौं)

दातृ राष्ट्र र अन्तर्राष्ट्रिय सहायता एजेन्सीबाट ऋण लिएर बनाइएका पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा अनियमितता भएको आशंकासहित संसद् र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान थालेका छन् । प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले दुवै अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसम्बन्धी छानबिन/अध्ययन गर्न बुधबार दुई वटा छुट्टाछुट्टै उपसमिति गठन गरेको छ भने अख्तियारले केही महिनाअघिबाटै पोखरा विमानस्थल निर्माणमा अनुसन्धान जारी राखेको छ ।





राष्ट्रिय गौरवको सूचीमा समेटिएका दुवै आयोजना केही वर्षअघि नै सम्पन्न भए पनि अन्तर्राष्ट्रिय उडान नियमित हुन सकेको छैन । त्यति मात्र होइन, विमानस्थल निर्माणमा स्वार्थ समूहले अस्वाभाविक रूपमा लागत बढाएको विषय पनि थप शंकास्पद छ । पोखरा विमानस्थलमा केही अन्तर्राष्ट्रिय चार्टर्डबाहेक अरू उडान भएका छैनन् । कुवेतको जजिराले गौतम बुद्धमा उडान भर्दै आएकामा वैशाखबाट ऊ पनि बाहिरिसकेको छ । पोखरामा अहिलेसम्म व्यावसायिक उडान हुन सकेको छैन । पोखरा विमानस्थल चिनियाँ ऋण सहयोग र गौतम बुद्ध एसियाली विकास बैंकसहितका दाता-एजेन्सीको ऋण सहयोगमा बनाइएका विमानस्थल हुन् ।

संसदीय उपसमितिको छानबिनमा परेका विमानस्थल चिनियाँ ठेकेदार कम्पनीबाट बनाइएका हुन् । महालेखा परीक्षकको कार्यालयका अनुसार दुवै विमानस्थल सम्पन्न गर्न ६१ अर्ब रुपैयाँ खर्च भएको छ । तर उडान नियमित नभएपछि विमानस्थल निर्माणको औचित्य र यसको भविष्यलाई लिएर समेत प्रश्न उठ्न थालेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने उडानको बोझ कम गर्न भन्दै दाताबाट ऋण लिएर विकल्पका रूपमा पोखरा र गौतम बुद्ध विमानस्थल राष्ट्रिय गौरवको आयोजनाका रूपमा निर्माण गरिएका हुन् ।

महालेखाको ६१औं वार्षिक प्रतिवेदनअनुसार पोखरा विमानस्थल २५ अर्ब ३४ करोड र गौतम बुद्ध विमानस्थल ३५ अर्ब ६६ करोडमा निर्माण सम्पन्न भएका हुन् । पोखरा विमानस्थल दुई वर्षमा सक्ने गरी २२ अर्ब र गौतम बुद्ध ३ वर्षमा सक्ने गरी ३० अर्ब ९१ करोड लागतमा बनाइने टुंगो लागेको थियो । तर पोखरा विमानस्थल बनाउन पूर्वनिर्धारितभन्दा थप २ वर्ष र गौतम बुद्ध थप ४ वर्ष अवधि थपेर लागत बढाइएको थियो ।

दुवै विमानस्थल निर्माणमा अनियमितता भएका उजुरी अख्तियारदेखि सरकारका विभिन्न निकायमा परे पनि संलग्न व्यक्ति अझै कारबाहीको दायराबाहिरै छन् । राजनीतिक सत्ता-शक्तिकेन्द्र र व्यापारी मात्र नभएर बाह्य पक्षका स्वार्थ जोडिएकाले यसको निर्माणमा अनियमितता भएको विषयमा संसदीय समितिबाट निष्पक्ष छानबिन हुनेमा भने संशय छ ।

दुवै विमानस्थल निर्माणसँग राजनीतिक दलका स्वार्थ र आर्थिक चलखेल पनि जोडिएका छन् । 'विमानस्थल निर्माणको काममा प्रश्न उठाएर त्यसमा निष्पक्ष छानबिन गर्नेभन्दा पनि कसैलाई चोख्याउने नियतका साथ त समिति बनेका होइनन् ? यो विषय मूल कुरा हो,' विमानस्थल निर्माण र अनियमिततालाई नियालिरहेका एक पूर्वसचिवले भने, 'दुवै संसदीय उपसमितिले निर्माणमाझ भएका चलखेलमाथि सूक्ष्म अध्ययन/छानबिन गर्नेमा पनि संशय छ ।' लेखा समितिले दुवै विमानस्थल निर्माणको समग्र पाटोको छानबिन गरी सुझावसहित प्रतिवेदन पेस गर्न निर्देशन दिएको छ ।

पोखरा विमानस्थल निर्माणसम्बन्धी छानबिन गर्न राप्रपा अध्यक्ष तथा सांसद राजेन्द्रप्रसाद लिङ्देनको संयोजकत्वमा १२ सदस्यीय र गौतम बुद्ध विमानस्थलको छानबिन गर्न एमाले सचिव तथा सांसद योगेश भट्टराईको संयोजकत्वमा ८ सदस्यीय उपसमिति बनेको छ । दुवै उपसमितिलाई अधिकतम एक महिनाभित्र प्रतिवेदन पेस गर्न भनिएको लेखा समिति सभापति ऋषिकेश पोखरेलले जानकारी दिए ।

पोखरा विमानस्थल निर्माणसम्बन्धी लिङ्देनको संयोजकत्वमा गठित उपसमितिमा अर्जुननरसिंह केसी, गोकुलप्रसाद बाँस्कोटा, जनार्दन शर्मा, तारा लामा तामाङ, तेजुलाल चौधरी, दीपक गिरी, देवप्रसाद तिमल्सिना, प्रेमबहादुर आले, रामकृष्ण यादव, रुक्मणी राना बराइली र लेखनाथ दाहाल सदस्य छन् । गौतम बुद्ध विमानस्थलसम्बन्धी छानबिन गर्न भट्टराईको संयोजकत्वमा अच्युतप्रसाद मैनाली, अमरेशकुमार सिंह, विक्रम पाण्डे, मञ्जु खाँण, मनीष झा, श्यामकुमार घिमिरे र सराज अहमद फारुकी सदस्य रहेको समिति बनाइएको छ ।

पोखरा विमानस्थल आयोजना आर्थिक वर्ष ०७४/७५ बाट सुरु गरी ०७७/७८ मा सम्पन्न गर्ने गरी २२ अर्ब लागत तोकिएकामा २ वर्ष ढिलो गरी ०७९/८० सम्म लम्ब्याइयो । यसमा २५ अर्ब ३४ करोड रुपैयाँ खर्च लागत देखाइयो । गौतम बुद्ध विमानस्थल निर्माण ०७१ माघ १ मा सुरु भई ०७४ पुसभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । यो कार्यतालिका पनि संशोधन गरी निर्माण सम्पन्न अवधि ०७८ पुससम्मलाई सारियो । ०७९ जेठदेखि यो विमानस्थल व्यावसायिक रूपमा सञ्चालनमा आएको थियो । तर अहिले व्यावसायिक उडान ठप्प छ । गौतम बुद्ध विमानस्थल आयोजनामा सुरु सम्झौता ३० अर्ब ९१ करोड रहेकामा निर्माण अवधि लम्ब्याएर मूल्य अभिवृद्धि करसहित ३५ अर्ब ६६ करोड पुर्‍याइयो ।

पोखरा विमानस्थल चीन सरकारले २२ अर्ब ऋण र गौतम बुद्ध एडीबीसहितको ७ अर्ब ऋण तथा बाँकी नेपाल सरकारकै आर्थिक दायित्वमा बनाइएको हो । दुवै विमानस्थलको आवश्यकता छ भनेर कसरी माग प्रस्ताव अगाडि बढ्यो भन्नेदेखि गुरुयोजना, लागत/ठेक्का, निर्माण र अहिलेसम्म भएका समग्र पक्षलाई अध्ययन/छानबिन गरी रायसहितको प्रतिवेदन पेस गर्न उपसमितिलाई कार्यादेश दिइएको लेखा समिति सभापति पोखरेलले जनाए ।

'राष्ट्रिय गौरवका आयोजनाका रूपमा यी अन्तर्राष्ट्रिय विमानस्थल बनाइएका थिए । तर अहिले दुवै विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन,' सभापति पोखरेलले कान्तिपुरसँग भने, 'के यसले देशको मानप्रतिष्ठा, गौरव बढायो त ? उडान नै नहुने आयोजना किन बनाइयो ? आयोजना सुरु हुनुअघि आयोजना सम्पन्न भएर अन्तर्राष्ट्रिय उडान हुन्छ भन्नेबारे किन विमर्श भएन ? यो पाटोलाई हामीले गहिरो रूपमा अध्ययन गर्नुपर्ने हुन्छ । बजार/चोकमा चिया दोकान खोल्नुअघि त चिया दोकान चल्छ कि चल्दैन भनेर दसपल्ट सोचविचार गरेर मात्रै निर्णय लिनुपर्ने हुन्छ भने यी अन्तर्राष्ट्रिय विमानस्थल त राष्ट्रिय गौरव घोषित आयोजना हुन् । के यसले देशको गौरव बढायो त ? अहिले यो विषय बडो पेचिलो बनेको छ ।'

पोखरा विमानस्थलमा २ अर्बभन्दा बढीको भ्रष्टाचार आशंकामा गत वर्ष नै अख्तियारमा उजुरी परेको थियो । यसको अनुसन्धान जारी रहेको एक अधिकारीले बताए । उजुरीपछि पर्यटन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आयोजना इकाइका अधिकारी तथा ठेकेदार आयोजना निर्माणको अनियमितता आरोपमा अनुसन्धानमा तानिएका छन् । ०७९ पुस १७ बाट पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान सुरु भएको थियो । त्यसयता ४ वटा चिनियाँ र एउटा भुटानी जहाजले चार्टर्ड गरेबाहेक अरू उडान हुन सकेको छैन ।

ठेकेदारले भन्सार शुल्क, महसुल र मूल्य अभिवृद्धि करबापत राज्यलाई तिर्नुपर्ने २ अर्ब २२ करोड ४० लाख रुपैयाँ मिनाहा गरेकामा छिनेडाँडाको उचाइ ३० मिटर मात्रै काट्नुपर्नेमा सम्झौताविपरीत ४० मिटर कटान गरेको, छिनेडाँडो काटेर निस्किएको ढुंगा, माटो रनवेमै प्रयोग गर्दा पनि सबै सामग्री ५ किमि टाढाबाट रोयल्टी तिरेर ल्याएको भनी फर्जी दाबी गरेको, विमानस्थलका अरू थुप्रै भौतिक संरचना पनि सर्त र सम्झौताविपरीत निर्माण गरेको, प्रोभिजिनल सम्झौतामा ९० लाख डलरलाई मिलेमतोमा घटाएर ३१ लाख ७० हजार कायम गरेको तथा परामर्श खर्च सुरुकै बजेटबाट २२ करोड ९८ लाखको जोहो र सम्झौताविपरीत ३७ करोड ९५ लाख ९० हजार देखाइएको विषयमा अख्तियारले मुख्य प्रश्न उठाएको छ । **बाँकी पृष्ठ ६**

# सरकारले धितोपत्र बोर्डको अध्यक्ष छान्न सकेन, ६ महिनापछि प्रक्रिया रद्द

### राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठको संयोजकत्वमा गठित अध्यक्ष सिफारिस समितिले शुक्रबार प्रक्रिया रद्द गरेको हो

**यज्ञ बञ्जाडे** (काठमाडौं)

निकै विवादित मानिएको नेपाल धितोपत्र बोर्डको अध्यक्ष छनोट प्रक्रिया अन्ततः रद्द भएको छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठको संयोजकत्वमा गठित अध्यक्ष सिफारिस समितिले शुक्रबार उक्त प्रक्रिया रद्द गरेको हो । व्यापारिक समूहको दबाबमा निश्चित व्यक्तिलाई अध्यक्ष बनाउन लागेको भन्दै सर्ट लिस्टमा परेका पाँच जनामध्ये ३ जना कार्ययोजना प्रस्तुति तथा अन्तर्वार्तामा सहभागी नभएपछि सिफारिस समितिले कानुनबमोजिम तीन जनाको नाम सिफारिस गर्न सकेन । ऐनको व्यवस्थाअनुसार सिफारिस समितिले तीन जनाको नाम सिफारिस गर्ने र तीमध्येबाट सरकारले एक जनालाई अध्यक्ष नियुक्त गर्नुपर्ने व्यवस्था छ ।




सिफारिस समितिले सर्ट लिस्टमा पाँच जना छनोट गरेकामध्ये सन्तोषनारायण श्रेष्ठ र मुक्तिनाथ श्रेष्ठले यही असार २ मै कार्ययोजना प्रस्तुति र अन्तर्वार्ता दिएका थिए । यसरी पटक-पटक बोलाउँदा पनि बाँकी तीन जना कृष्णबहादुर कार्की, नवराज अधिकारी र चिरञ्जीवी चापागाईं कार्ययोजना प्रस्तुति तथा अन्तर्वार्तामा सहभागी भएनन् । त्यसपछि दुई जना पठाउन मिल्छ कि मिल्दैन भन्ने सम्बन्धमा सिफारिस समितिले महान्यायाधिवक्ताको कार्यालयसँग कानुनी राय मागेको थियो । महान्यायाधिवक्ता कार्यालयले गत मंगलबार पठाएको कानुनी रायमा दुई जना पठाउन नमिल्ने र कानुनअनुसार प्रक्रिया मिलाएर तीन जना पठाउनुपर्ने उल्लेख थियो ।

गत बुधबार एकै दिन दुई पटक (बिहान र साँझ) सिफारिस समितिको बैठक बसेको थियो । बैंकमा अध्यक्ष सिफारिस समितिका संयोजक श्रेष्ठ, विज्ञ सदस्य उदय निरौला र सदस्य अर्थसचिव मधुकुमार मरासिनीबीच राय बाझियो । संयोजक श्रेष्ठ र निरौलाले सर्ट लिस्टमा परेका पाँचै जनाको नाम सिफारिस गरौं भन्ने थाले । तर अर्थसचिव मरासिनीले कानुनमा तीन जना भनेकाले त्योभन्दा धेरै नाम सिफारिस गर्न नमिल्ने तर्क राखे । यसरी सदस्यबीच मत बाझिएपछि मंगलबार बिनानिष्कर्ष टुंगिएको बैठक बिहीबार बसेन । शुक्रबार बसेको समितिको बैठकले प्रक्रिया रद्द गर्ने निर्णय गरेको हो । सोही निर्णयका आधारमा समितिले प्रक्रिया रद्द भएको सूचना जारी गरेको छ ।


'नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति गर्ने प्रयोजनका निमित्त नाम सिफारिस गर्न गठन भएको समितिको गत फागुन १४ को निर्णयअनुसार बोर्ड अध्यक्षको निमित्त नाम सिफारिस गर्न गत फागुन १६ मा सूचना प्रकाशन गरी समितिले हालसम्म सम्पन्न गरेका छनोटसम्बन्धी सम्पूर्ण प्रक्रिया रद्द गरिएको व्यहोरा सबैमा जानकारीका लागि सूचना प्रकाशन गरिएको छ,' समितिको सूचनामा भनिएको छ ।

धितोपत्र ऐन-२०६३ को दफा ७ को उपदफा ४ मा सिफारिस समितिले योग्यता पुगेका उम्मेदवारबाट कम्तीमा तीन जना व्यक्तिको नाम सिफारिस गर्नुपर्ने व्यवस्था छ । ऐनमा उम्मेदवारहरूको मूल्यांकन प्रक्रियाबारे स्पष्ट व्यवस्था नभए पनि सिफारिस समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्ने र सोहीबमोजिम तीन जना उम्मेदवार सिफारिस गर्नुपर्ने प्रावधान छ ।

'समितिले नाम सिफारिस गर्दा यस ऐनबमोजिम योग्यता पुगेका कम्तीमा तीन जना व्यक्तिको नाम सिफारिस गर्नेछ,' धितोपत्र ऐनमा भनिएको छ, 'समितिले अध्यक्षको नाम सिफारिस गर्दा आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।' ऐनको व्यवस्थाअनुसार सिफारिस समितिले कार्यविधि निर्माण पनि गरेको छ । 'नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिससम्बन्धी कार्यविधि-२०८०' नाम दिइएको उक्त कार्यविधिमा कार्ययोजना प्रस्तुति र अन्तर्वार्तामा ४८ अंक छुट्याइएको छ । व्यावसायिक कार्ययोजना र शैक्षिक योग्यतामा ५२ अंक छ । यसरी कुल अंकको झन्डै आधा हिस्सा छुट्याइएको कार्ययोजना प्रस्तुति र अन्तर्वार्तामै अनुपस्थित रहेका व्यक्तिलाई कसरी सिफारिस गर्ने भन्ने सम्बन्धमा अर्थसचिव मरासिनीले बुधबारको बैठकमा अडान लिएका थिए ।

'प्राप्त आवेदकहरूको शैक्षिक योग्यताबापतको प्राप्तांक तथा पेस भएको व्यावसायिक कार्ययोजनाबापतको प्राप्तांकको योगफल निर्धारण गरी उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारहरूमध्ये सम्भव भएसम्म पाँच जना उम्मेदवारहरूको संक्षिप्त सूची तयार गरी व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि छनोट गरिनेछ,' कार्यविधिमा भनिएको छ, 'व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण एवं अन्तर्वार्ताका लागि उपस्थित उम्मेदवारहरूको शैक्षिक योग्यताबापतको प्राप्तांक, पेस भएको व्यावसायिक कार्ययोजनाबापतको प्राप्तांक, व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरणको औसत प्राप्तांक तथा अन्तर्वार्ताको औसत प्राप्तांकको योगफल निर्धारण गरी उच्चतम अंक प्राप्त गर्ने तीन जना उम्मेदवारहरूको नाम वर्णानुक्रमअनुसार सिफारिस गरिनेछ ।'

अध्यक्ष नभएकै कारण गत पुसयता प्राथमिक निष्कासन (आईपीओ), थप निष्कासन प्रक्रिया (एफपीओ), ऋणपत्र, हकप्रदलगायत धितोपत्रको अनुमति प्रक्रिया रोकिएको छ । **बाँकी पृष्ठ ६**



# साउनदेखि राष्ट्रिय परिचयपत्र अनिवार्य

## सामाजिक सुरक्षा भत्ता, पेन्सन र बिमाका लागि पहिलो चरणमा २८ जिल्लामा लागू हुने


**ऋषिराम पौड्याल** (काठमाडौं)

सरकारले सामाजिक सुरक्षा भत्ता, पेन्सन र बिमामा साउन १ देखि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेको छ। गत सोमबार राजपत्रमा सूचना प्रकाशन गर्दै सरकारले पहिलो चरणमा २८ जिल्लामा लागू गर्ने जनाएको हो। दोस्रो चरणमा आगामी माघ १ मा ३८ जिल्लामा र तेस्रो चरणमा ०८२ साउनदेखि ११ जिल्लामा लागू गरिने भएको छ।

गत जेठ २४ को मन्त्रिपरिषद् बैठकले ७७ जिल्लामै परिचयपत्र लागू गर्ने निर्णय गरेको थियो। पहिलो चरणमा झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, काठमाडौं, भक्तपुर, मकवानपुर, रौतहट, बारा, पर्सा, चितवन, कास्की, तनहुँ, रूपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर परेका छन्।

सकेसम्म सुगम र सहज रूपमा परिचयपत्र लिन सक्ने जिल्लामा पहिलो चरणमा लागू गरिएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कटेलले बताए। 'सकेसम्म नागरिकलाई सहज रूपमा फोटो खिच्ने र बायोमेट्रिक दिन सक्ने गरी व्यवस्थापन मिलाइएको छ,' उनले भने, 'राजपत्रमा उल्लेख भएअनुसार बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्षमाथिका ज्येष्ठ नागरिकको हकमा भने परिचयपत्र नलिए पनि सेवा लिन बाधा पर्नेछैन।'

राजस्वसम्बन्धी व्यक्तिगत आयकर दर्ता, सवारी चालक अनुमतिपत्रसम्बन्धी र कम्पनी दर्ता एवं नवीकरणका लागि पनि आगामी साउनदेखि देशभर नै परिचयपत्र अनिवार्य




गरिएको छ। बैंकिङ तथा वित्तीय सेवा, टेलिफोन तथा सिमकार्ड, सामाजिक सुरक्षा कोष तथा घरजग्गा किनबेचमा भने आगामी माघ १ देखि परिचयपत्र अनिवार्य गरिएको राजपत्रमा उल्लेख छ।

केही राजनीतिक दल र सरोकारवालाले तत्कालै परिचपत्र अनिवार्य नगर्न भन्दै समय थप गर्न अनुरोध गरेका थिए। तयारी नै नभई परिचयपत्र अनिवार्य गरेर नागरिकलाई अनावश्यक दुःख दिएको भन्दै गत साता प्रतिनिधिसभामा सांसदहरूले कुरा उठाएका थिए। विभागले भने परिचयपत्र कार्यान्वयनको प्रक्रिया आर्थिक वर्ष ०७५ मै सुरु भएको भन्दै लागू गर्न ढिलो गर्न नहुने तर्क राख्दै आएको छ। विभागले ०७७ मा वडा-वडामा गएर परिचयपत्रका लागि तीन महिनासम्म अभियानकै रूपमा फोटो खिचाएको थियो। त्यसका लागि एक हजार मान्छे परिचालन गराएर डाटा लिएको कटेलले जानकारी दिए।

अहिले पनि ४ सय ३७ स्थानमा टोली खटाएर फोटो खिच्ने, हराएको नम्बर खोज्ने र कार्ड वितरण गर्ने काम भइरहेको छ। उनका अनुसार काठमाडौं, भक्तपुर, ललितपुरको जिल्ला प्रशासन कार्यालय, काठमाडौं महानगरपालिकाको राष्ट्रिय सभा गृह र राजदरबार परिसरमा परिचयपत्रका लागि फोटो खिच्ने काम भइरहेको छ। काठमाडौं उपत्यकाबाहिरका जिल्लावासीलाई पनि सुविधा पुग्ने गरी थप केन्द्रहरू राख्ने तयारी गरिएको महानिर्देशक कटेलले जानकारी दिए।

उनका अनुसार मुलुकभर करिब डेढ करोड नागरिकले परिचयपत्रको फोटो खिचाइसकेको तथ्यांक छ। तर लामो समय बितेकाले परिचयपत्र नम्बर हराएको, मोबाइलमा आएको म्यासेज डिलिट भएकाले कार्ड लिन समस्या परेको विभागले बताएको छ। उनीहरूको सहयोगका लागि पनि नम्बर खोजी गर्ने व्यवस्था मिलाइएको छ। ज्येष्ठ नागरिकले भदौ मसान्तसम्म आफ्नो भत्ता कार्ड नवीकरण गर्न सक्ने भएकाले त्यतिबेलासम्म २८ जिल्लामा केही समस्या भएमा हल गरिने कटेलको भनाइ छ।

### कहिले पाइन्छ परिचयपत्र ?

अहिले फोटो खिचेर बायोमेट्रिक लिएकाहरूले परिचयपत्र नम्बर तत्काल पाउँछन्। परिचयपत्र भने पहिलो चरणमा ज्येष्ठ नागरिक, सवारी लाइसेन्स भएका र फोटो खिचेर कार्ड नलिएका पुराना नागरिकलाई दिइनेछ। सरकरसँग अहिले दैनिक १५ हजार परिचयपत्र छाप्ने क्षमता रहेको परिचयपत्र विभागका महानिर्देशक कटेलले बताए। अहिले करिब ३८ लाख ज्येष्ठ नागरिक र २१ लाख लाइसेन्स होल्डर छन्। अहिलेसम्म करिब ४० लाख नागरिकको कार्ड तयार भइसकेको छ।

तयार भएको कार्ड सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय र स्थानीय तहसम्म पुऱ्याउने व्यवस्था गरिएको छ। छापिएकामध्ये करिब ११ लाख कार्ड बाँड्न बाँकी रहेको छ। फोटो खिचिसकेका १ करोड २० लाख मध्ये ८० हजार कार्ड छाप्न बाँकी छ। मोबाइलमा सूचना आए पनि कार्ड किन चाहियो भन्दै बेवास्ता गर्ने प्रवृत्ति रहेको विभागको बुझाइ छ। फोटो खिच्ने र बायोमेट्रिक लिने काम सकिएपछि तत्कालै परिचयत्र नम्बर पाउने व्यवस्था छ। क्यूआर कोडमार्फत परिचयपत्र प्रिन्ट गर्न सक्ने व्यवस्था मिलाउन छलफल भइरहेको महानिर्देशक कटेलले जानकारी दिए।

### कहाँ-कहाँ छन् फोटो खिच्ने ठाउँ ?

काठमाडौंको नारायणहिटी दरबार संग्रहालयमा मुलुकभरका नागरिकले परिचयपत्रको फोटो खिच्ने र बायोमेट्रिक दिन सक्ने व्यवस्था मिलाइएको छ। त्यसका लागि टोकन सिस्टम लागू गरेर पालैपालो फोटो खिच्ने व्यवस्था गरिएको छ। काठमाडौं महानगरपालिकाको राष्ट्रिय सभागृहमा काठमाडौंवासीले फोटो खिच्न सक्नेछन्। ललितपुर, काठमाडौं र भक्तपुर प्रशासन कार्यालयमा पनि फोटो खिच्ने व्यवस्था मिलाइएको छ।

सिंहदरबारभित्रको परिचयपत्र विभाग परिसर (पुरानो गृह मन्त्रालय) मा विशेष व्यक्ति, कर्मचारी र सुरक्षा निकायका व्यक्तिको फोटो खिच्ने व्यवस्था छ। पहिलो चरणमा परिचयपत्र अनिवार्य गरिएका २८ जिल्लामा फोटो खिच्ने कामलाई प्राथमिकता दिइएको विभागले जनाएको छ। सम्बन्धित जिल्ला प्रशासनले पालिका र सम्भव भएसम्म वडामा समेत टोली पुगेर फोटो खिच्ने व्यवस्था मिलाइरहेको विभागको भनाइ छ।

## अर्थ संक्षेप

### फेसियल हाउसलाई 'इन्टरनेसनल एक्सिलेन्स अवार्ड'



काठमाडौं (कास)- नेपालको युनिसेक्स सैलुन फेसियल हाउसले 'इन्टरनेसनल एक्सिलेन्स अवार्ड, २०२४' प्राप्त गरेको छ। उत्कृष्ट युनिसेक्स सैलुन सञ्चालन गरी महत्त्वपूर्ण योगदान गरेको भन्दै लि-डिभाइन इभेन्ट कम्पनीले फेसियल हाउसलाई उक्त अवार्ड प्रदान गरेको हो। काठमाडौंको लाजिम्पाटस्थित होटल र्‍याडिसनमा बिहीबार लि-डिभाइनले छैटौं संस्करणको इन्टरनेसनल एक्सिलेन्स अवार्ड, २०२४ आयोजना गरेको हो। कार्यक्रमलाई नेपाल चेम्बर अफ कमर्सअन्तर्गतको नेपाल महिला चेम्बरले प्रस्तुत गरेको थियो।

### हिमालयन एभरेस्ट इन्स्योरेन्सको नेतृत्व परिवर्तन

काठमाडौं (कास)- हिमालयन एभरेस्ट इन्स्योरेन्स लिमिटेडको नेतृत्व परिवर्तन भएको छ। हिमालयनको सञ्चालक समितिले असार १२ मा गरेको निर्णयअनुसार कम्पनीको प्रमुख कार्यकारी अधिकृत विजयबहादुर शाहले आपसी सहमतिमा असार १३ देखि लागू हुने गरी नेतृत्वबाट राजीनामा दिएका हुन्। शाहको स्थानमा नायब प्रमुख कार्यकारी अधिकृत अञ्जु श्रेष्ठले अर्को व्यवस्थापकीय निर्णय नभएसम्म निमित्त प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हाल्नेछिन्।

## सरकारले धितोपत्र बोर्डको अध्यक्ष...

प्रश्न यो छ कि सरकारले ६ महिनासम्म पनि किन बोर्ड अध्यक्ष नियुक्त गर्न सकेन ? योग्य, अनुभवी उम्मेदवार नपाएर हो वा अरू कुनै कारण ? यो प्रश्नको उत्तरका लागि निजी क्षेत्रको लगानीमा ल्याउन लागिएको स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रियासम्म पुग्नैपर्छ।

नयाँ स्टक एक्सचेन्जका लागि मुख्य व्यापारिक घरानाबीच ठूलौ शीतयुद्ध चलिरहेको छ। व्यापारिक घरानाकै प्रभावमा परेर धितोपत्र बोर्डका पूर्वअध्यक्ष हमालले नीति परिवर्तन गरेर प्राइभेट लिमिटेड कम्पनीले पनि स्टक एक्सचेन्जमा लगानी गर्न पाउने व्यवस्था गरेका थिए। यही कारण व्यापारिक घराना जसरी भए पनि एक्सचेन्जको लाइसेन्स आफ्नो पोल्टामा पार्ने रस्साकसीमा छन्। यो प्रक्रियामा सत्तापक्षीय मुख्य दलका नेताहरूको पनि मिलेमतो रहेको स्रोतको दाबी छ। नयाँ स्टक एक्सचेन्जको लाइसेन्स प्रक्रियामा ठूलो आर्थिक चलखेल भएको र त्यसको हिस्सा मुख्य दलका नेतृत्वसम्म पनि पुगेकाले आफ्नो मान्छे नियुक्त गर्ने वातावरण नहुँदासम्म बोर्ड अध्यक्ष नियुक्त हुन नदिने रणनीतिमा उनीहरू छन्। यही कारण ६ महिनासम्म पनि अध्यक्ष नियुक्त गर्न नसकेको हो।

स्रोतका अनुसार निश्चित व्यक्तिलाई अध्यक्ष बनाउन ठूला दलका नेतृत्वबाटै अर्थ मन्त्रालयलाई दबाब आएपछि बाँकी तीन जना कार्ययोजना प्रस्तुति र अन्तर्वार्तामा अनुपस्थित रहेका हुन्। 'जसरी भए पनि आफ्नो मान्छे अध्यक्ष बनाउने त्यो नभए प्रक्रिया नै अघि बढ्न नदिने ध्याउन्नमा सत्ताधारी दलहरू रहेकाले अध्यक्ष नियुक्ति प्रक्रिया बन्धक बनेको छ,' स्रोतले भन्यो।

ऐनको व्यवस्थाअनुसार सरकारले गत माघमै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष श्रेष्ठको संयोजकत्वमा अध्यक्ष सिफारिस समिति गठन गरेको थियो। समितिले गत फागुनमै आवेदन आह्वान पनि गरेको थियो। यसमा १९ जनाले आवेदन दिएका थिए। आवेदन प्राप्त भएको एक महिनापछि गत चैतमा सिफारिस समितिले ५ जनालाई सर्ट लिस्ट गरेको थियो। त्यतिबेलै उनीहरूलाई पनि कार्यपत्र प्रस्तुतिका लागि बोलाइएको थियो। तर कार्यपत्र प्रस्तुतिकै दिन बिहान टेलिफोनमार्फत छनोट प्रक्रिया स्थगित भएको जानकारी दिइएको थियो। त्यसपछि करिब साढे दुई महिना अध्यक्ष छनोटको प्रक्रियाबारे कुरै चलेन।

यसैबीच संसद्ले धितोपत्रसम्बन्धी ऐन संशोधन गऱ्यो। संशोधित ऐनमा बोर्डमा अध्यक्ष नभएको समयमा अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सहसचिवले अध्यक्षको भूमिका निर्वाह गर्ने उल्लेख छ। यही व्यवस्थाअनुसार हाल अर्थ मन्त्रालयका सहसचिव नरेन्द्र रानाले बोर्डमा अध्यक्षको भूमिका निर्वाह गरेका छन्। सूचनाका आधारमा चल्ने भएकाले पनि संवेदनशील र अर्थतन्त्रको अवस्था देखाउने पुँजी बजारको नियामक निकाय ६ महिनासम्म नेतृत्वविहीन हुँदा करिब ६० लाखभन्दा बढी लगानीकर्ताका मुद्दा ओझेलमा परेका छन्।

गत पुस २० मा निवर्तमान अध्यक्ष रमेशकुमार हमालको कार्यकाल सकिएपछि रिक्त भएको उक्त पदमा अहिलेसम्म पनि सरकारले अध्यक्ष नियुक्त गर्न सकेको छैन। अध्यक्ष नभएकै कारण गत पुसयता प्राथमिक निष्कासन (आईपीओ), थप निष्कासन प्रक्रिया (एफपीओ), ऋणपत्र, हकप्रदलगायत धितोपत्रको अनुमति प्रक्रिया रोकिएको छ।


# क्यूआरबाटै मासिक १ लाख रुपैयाँसम्म अन्तरदेशीय भुक्तानी

## यसअघि कार्डमार्फत मात्रै दिइएको यस्तो सुविधा अब क्यूआरमार्फत दिन सुरु

काठमाडौं (कास)- नेपाल राष्ट्र बैंकले अन्तरदेशीय भुक्तानीमा क्यूआर कोडको प्रयोग गर्न मिल्ने गरी 'विदेशी विनिमय कारोबार गर्न इजाजतप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-०८०' मा संशोधन गरेको छ। यो संशोधनले विद्युतीय कार्डबाहेक ई-बैंकिङ, मोबाइल बैंकिङ, अन्तरबैंक भुक्तानी र क्यूआर कोडजस्ता विद्युतीय प्रणालीमार्फत सटही, वस्तु तथा सेवा बिक्री गर्नेदेखि रेमिट्यान्स भित्र्याउन मिल्ने व्यवस्था गरेको छ।

केन्द्रीय बैंकले बिहीबार जारी गरेको सो संशोधनपछि नेपालमा कार्यरत भारतीय नागरिकले नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलेको खातालगायत विद्युतीय प्रणाली प्रयोग गरी प्रतिदिन भारु १५ हजार र प्रतिमहिना भारु १ लाख जम्मा हुने गरी पारिश्रमिकबापत् सटही सुविधा पाउने भएका हुन्।

यसैगरी नेपाली नागरिकले पनि भारत र भुटानमा क्यूआरमार्फत मासिक एक लाख भारतीय रुपैयाँसम्मको वस्तु तथा सेवाको भुक्तानी गर्न सक्ने राष्ट्र बैंकको परिपत्रमा भनिएको छ। एकीकृत परिपत्र-०८० मा दफा ९ थप गरेर राष्ट्र बैंकले भारत र भुटानमा कार्डबाहेकको विद्युतीय माध्यमार्फत मर्चेन्ट पेमेन्ट्सको सुविधा पाउने स्पष्ट पारेको छ।



यसअघि कार्डमार्फत मात्रै दिइएको यस्तो सुविधा अब क्यूआरमार्फत दिन सुरु गरिएको हो। भारतबाट नेपालमा रेमिट्यान्स भित्र्याउन पनि अब क्यूआर कोड प्रयोग गर्न सकिने भएको छ। 'यस्तो विप्रेषण रकम विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र नलिएका प्रचलित कानुनबमोजिम यस बैंकबाट बैंकिङ कारोबार गर्न इजाजतपत्र प्राप्त वित्तीय संस्था र भुक्तानी सेवा प्रदायकहरूसँग सञ्चालन रहेको खाता वा वालेटमा जम्मा हुने गरी प्राप्त गरन् सकिनेछ,' संशोधनमा भनिएको छ।

नेसनल पेमेन्ट स्विच पूर्ण रूपमा सञ्चालनमा नआएसम्म सटही सुविधा, रेमिट्यान्स, विदेशमा गरिने भुक्तानीलगायत काम रिटेल पेमेन्ट स्विच (आरपीएस) मार्फत गर्न सकिने राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले सार्वजनिक गरेको परिपत्र संशोधनसम्बन्धी जानकारीअनुसार क्यूआर कोडबाट वाणिज्य तथा राष्ट्रियस्तरका विकास बैंकमा भारतीय मुद्रामा रकम प्राप्त भएको छ भने भारतीय मुद्रामा नभएर नेपाली मुद्रामा प्राप्त हुनेछ।

बिहीबार नै राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागले सार्वजनिक गरेको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-०८० मा क्यूआर कोडमार्फत हुने अन्तरदेशीय कारोबार गर्न चाहने भुक्तानीसम्बन्धी कारोबार गर्न अनुमतिपत्र प्राप्त संस्थाले विदेशी संस्थासँग समझदारी गर्नुपूर्व विभागसँग पूर्वसहमति लिनुपर्ने भनिएको छ। 'सहमझदारी भएको विदेशी संस्थासँग कारोबार सुरु गर्नुपूर्व विभागबाट स्वीकृति प्राप्त गर्नुपर्छ,' परिपत्रमा भनिएको छ, 'कारोबारसम्बन्धी विवरण/तथ्यांक विभागले तोकेबमोजिम उपलब्ध गराउनुपर्छ।'

विभागका अनुसार कारोबार सम्पन्न नभई खाताबाट मौज्दात घटेमा दाबी उजुरी परेको वा नगरेको अवस्थामा कारोबार रकमको फोर्स सेटलमेन्ट बढीमा कारोबार गरेको ३० दिनभित्र गराउनुपर्नेछ। यसको जिम्मेवारी उपकरण इस्यु गर्ने र एक्वायर गर्ने दुवै संस्थाको हुने भनिएको छ।

## ऋणमा बनाइएका पोखरा र भैरहवा...

०८० असोज २३ बाट करिब डेढ साता लगाएर अख्तियारले राष्ट्रिय योजना आयोग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, पोखरा क्षेत्रीय विमानस्थल आयोजना कार्यान्वयन इकाइलगायत निकायबाट विमानस्थल निर्माणसम्बन्धी सम्पूर्ण कागजात नियन्त्रणमा लिएको थियो। चीन सरकारले एक्जिम बैंकबाट लगानी हुने गरी करिब २२ अर्ब रुपैयाँ ऋणमा चाइना सीएएमसी इन्जिनियरिङ कम्पनीबाट आयोजना निर्माण गरेको थियो।

०७१ जेठ ८ निर्माण सम्झौता भएकामा ०७२ चैत ८ मा ऋण लिनेसम्बन्धी पत्रमा हस्ताक्षर भएको थियो। ०७२ जेठ २३ मा सहुलियत ऋणसम्बन्धी पत्रमा प्राधिकरण र चिनियाँ पक्षबीच हस्ताक्षर भएको थियो। महालेखाले आयोजना सम्पन्न गर्न भएको सुरुको सम्झौतामा नभएका प्रावधानपछि थपेर राज्यलाई आर्थिक हानि पुऱ्याएको भन्दै छानबिन गर्नुपर्ने सुझाएको थियो।

आयोजना निर्माणकै क्रममा उजुरी परे पनि महालेखाबाट समेत प्रश्न उठेपछि अख्तियार अनुसन्धान गर्नुपर्ने निष्कर्षमा पुगेको थियो। त्यसपछि जाँचबुझको काम अघि बढाएको अख्तियारले ९ महिनाअघि सबै कागजात सम्बन्धित निकायबाट नियन्त्रणमा लिएको थियो। सरकारले विमानस्थल निर्माण चिनियाँ कम्पनी सीएएमसीमार्फत हुने गरी सन् २०१४ मे २२ मा सम्झौता गरेको थियो। मूल्य अभिवृद्धिकरसहित गरेर पछि आयोजनाको लागत २४ करोड ४० लाख ४० हजार अमेरिकी डलर पुऱ्याएर सम्झौता भएको थियो।

सम्झौतामा देशभित्र र बाहिर जुनसुकै कम्पनी भए पनि निर्माणमा लाग्ने कर शुल्क र महसुल भुक्तानी गर्ने जिम्मा निर्माण व्यवसायीकै हुने उल्लेख छ। तर सुरु सम्झौताविपरीत ठेकेदार/निर्माण कम्पनी, आयोजना इकाइ र नागरिक उड्डयन प्राधिकरणका उच्च अधिकारीको मिलेमतोमा गुरुयोजनाको सूचीमै सर्तविपरीतका प्रावधान थपेर भन्सार शुल्क तथा महसुल र मूल्य अभिवृद्धि करबापत हुने रकम छुट दिएको भेटिएको छ। यसरी सम्झौताविपरीत छुट दिइनुलाई अख्तियारले अनियमितताका रूपमा लिएर अनुसन्धान गरेको हो।

महालेखाले ६०औं प्रतिवेदनमा सुरु सम्झौताविपरीत २ अर्ब २२ करोड ४० लाख रुपैयाँ छुट दिएको विषयलाई प्रश्न उठाएको छ। विमानस्थलको रनवेबाट पूर्वीतर्फ १ दशमलव ५ किमि दूरीमा रहेको छिनेडाँडाको उचाइ ३० मिटर काट्नुपर्ने गरी सुरु सम्झौता भएको थियो। तर मिलेमतोमा सुरुको सर्त/सम्झौता परिवर्तन गरेर रनवेको उचाइ ४० मिटर काटियो। उचाइ बढी कटान गर्नुको कारण त्यहाँबाट निस्कने ढुंगा, माटो रनवेका लागि प्रयोग गर्ने नियत थियो। जबकि रनवेमा चाहिने सामग्री ५ किमि दूरी टाढाबाट रोयल्टी तिरेर ल्याउने सम्झौता थियो। रनवेको उचाइ घटाउँदा निस्केको ग्राभेलसहितको ढुंगा, माटो विमानस्थल निर्माणमै प्रयोग भए पनि आयोजना इकाइ र ठेकेदारको मिलेमतोमा ५ किमि परबाट ल्याएको फर्जी कागजात पेस गरियो। त्यसलाई आयोजना इकाइले सदर गरेको देखिन्छ।

'डाँडो कटानपछि निस्केका ढुंगा, गेगर र माटो विमानस्थल निर्माणकै लागि प्रयोग भएको देखिन्छ। प्रयोग भएको थिएन भने त्यो निर्माण सामग्री कतै व्यवस्थापन हुन्थ्यो, प्रमाणका रूपमा अहिले पनि देख्न सकिन्थ्यो,' अनुसन्धान स्रोतले भन्यो, 'कटानबाट निस्केका सामग्री विमानस्थल निर्माणमै प्रयोग गरियो तर भुक्तानी गर्दा भने ५ किमि टाढाबाट रोयल्टी तिरेर सामग्री ल्याएको फर्जी विवरण पेस भयो, यो त सरासर भ्रष्टाचार हो।'

> आयोजना निर्माणकै क्रममा उजुरी परे पनि महालेखाबाट समेत प्रश्न उठेपछि अख्तियार अनुसन्धान गर्नुपर्ने निष्कर्षमा पुगेको थियो

'रनवेको उचाइ घटाउँदा निस्केको ग्राभेल मिसिएको ढुंगा, माटो निर्माण व्यवसायीले बाहिर डिस्पोज गरेको नदेखिएकाले त्यसबाट निस्केको ढुंगा, माटोसहितको रनवेमा नै प्रयोग गरेको देखियो,' महालेखाको प्रतिवेदनमा भनिएको छ, 'जसबाट निर्माण व्यवसायीले बाहिरबाट रोयल्टी तिरेर ढुवानी गरेर ल्याउनुपर्ने सामग्री साइटमा नै भएकाले व्यवसायीले बाहिरबाट खरिद एवं ढुवानी गर्नुपर्ने अवस्था नदेखिँदा यसबाट परेको प्रभाव विश्लेषण गर्नुपर्छ।'

परामर्शदाता व्यवस्था गर्न सुरुकै बजेटबाट २८ लाख अमेरिकी डलर (त्यस बेलाको सटहीअनुसार २२ करोड ९८ लाख ५२ हजार) रहने उल्लेख भएकामा त्यसविपरीत व्ययभार बढ्ने गरी छुट्टै परामर्शदाता नियुक्ति गरिएको थियो। ठेकेदारसँग मिलेमतोमा प्राधिकरणले परामर्शदाता खर्च बढाउन सुरुको सम्झौता संशोधन गराएको आरोप छ। मापदण्ड संशोधन गरेर परामर्शदाता खर्च ३७ करोड ९५ लाख ९० हजार रुपैयाँ कायम गरियो।

'सम्झौतामै परामर्श सेवाको खर्च व्यवस्था भए तापनि प्राधिकरणले त्यसबाट खर्च नगरी छुट्टै सम्झौता गरी प्राधिकरणको बजेटबाट खर्च हुने गरी डिजाइन संशोधन गरी अर्कै परामर्शसँग ३७ करोड ९५ लाख ९० हजार रुपैयाँ खर्च हुने गरी सम्झौता गऱ्यो, यो निर्णयले राज्यलाई नोक्सान भएको छ,' महालेखाको प्रतिवेदनमा भनिएको छ।

भावपूर्ण श्रद्धाञ्जलि



जन्म : २५/०६/२००५

स्वर्गारोहण : ०४/०३/२०८१

स्व. मन्जु बिष्ट के.सी.

हाम्रा प्रातः स्मरणीय पूर्व प्रधानाध्यापिका ममतामयी **मन्जु बिष्ट के.सी.** को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्ति एवं बैकुण्ठबासको लागि परमेश्वरसँग प्रार्थना गर्दछौं। यस दुःखद् घडीमा हामीप्रति सहानुभूति प्रकट गर्नुहुने सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

पति: ई. क्षेत्र बिक्रम के.सी.


छोरा/बुहारी: आर्क. ई. सम्पूर्ण के.सी./गायत्री बानियाँ के.सी., डा.सगुन के.सी.

नातिनी: सिम्रिक थापा

छोरी/ज्वाई: डा.कन्चन के.सी. थापा, डा. राजकुमार थापा

एवं समस्त के.सी. परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म मिति: २००६/०७/१८

स्वर्गारोहण २०८१/०३/०४

स्व. राधाकृष्ण कार्की

गोदावरी नगरपालिका वडा नं. १ स्थित ढुङ्गासाँघु १०८ धारा मुक्तिनाथ धामका प्रमुख संरक्षक श्री राधाकृष्ण कार्कीको २०८१/०३/०४ गते मंगलबार असामयिक निधन भएको हुँदा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै वैकुण्ठमा वास होस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

शिवराम थापा
अध्यक्ष
मुक्तिनाथ धाम संरक्षण तथा व्यवस्थापन समिति
गोदावरी न.पा. वडा नं. १, गोदामचौर, ललितपुर

हार्दिक समवेदना



जन्म: २००१ मङ्सिर ४ गते

स्वर्गारोहण: २०८१ असार १० गते

(स्व. नन्दकुमारी चिमौरिया)

काठमाडौं विश्वविद्यालय स्कुल अफ साइन्सका असिस्टेन्ट प्रोफेसर डा. शक्तरप्रसाद चिमौरियाकी ममतामयी माता नन्दकुमारी चिमौरियाको देहावसानप्रति दुःख व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

KATHMANDU UNIVERSITY

काठमाडौं विश्वविद्यालय परिवार

# फेक अडियो उत्पादक र प्रसारकविरुद्ध साइबर मुद्दा

## विद्युतीय कारोबार ऐन र अपमानजनक कसुरविरुद्धको अपराध गरेको अभियोगमा मुद्दा दायर गर्दै प्रतिवादीलाई १ लाख रुपैयाँसम्मको जरिवाना, ५ वर्षसम्म कैद वा दुवै सजाय मागदाबी


**घनश्याम खड्का** (काठमाडौं)

सर्वोच्च अदालतका न्यायाधीश, कानुन व्यवसायी, सञ्चार उद्यमी र पत्रकारसमेतलाई लाञ्छित गरी 'सिधाकुरा डटकम' मा 'डार्क फाइल' नाम दिएर फेक अडियो उत्पादन, प्रकाशन र प्रसारण गर्ने तीन जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालयले सिधाकुराका युवराज कँडेल, नवीन ढुंगाना र अडियो बनाउने भनिएका राजकुमार तिमल्सिनाविरुद्ध बिहीबार मुद्दा दायर गरेको हो । विद्युतीय कारोबार ऐन र अपमानजनक कसुरविरुद्धको अपराध गरेको अभियोगमा मुद्दा दायर गर्दै प्रतिवादीलाई १ लाख रुपैयाँसम्मको जरिवाना, ५ वर्षसम्म कैद वा दुवै सजाय मागदाबी गरिएको छ । तीनै जनालाई प्रहरीले 'फरार प्रतिवादी' कायम गरी जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा प्रतिवेदन पेस गरेको थियो ।

'हामीले त्यसै आधारमा बिहीबार मुद्दा दायर गरेका हौं,' जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंका सहन्यायाधिवक्ता सन्देश श्रेष्ठले भने, 'प्रतिवादीहरू समातिएका भए शुक्रबारै थुनछेकका लागि बहस हुन्थ्यो तर फरार रहेकाले अब अदालतले म्याद जारी गर्छ र सुनुवाइका लागि बोलाउँछ ।' मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ५७ र ५८ अनुसार तीन वर्षभन्दा कम कैद सजाय भएको मुद्दामा अदालतमा हाजिर हुनका लागि म्याद जारी हुने र तीन वर्षभन्दा माथि सजाय हुने मुद्दामा अदालतले पक्राउ पुर्जी जारी गर्ने व्यवस्था छ ।

'यो मुद्दामा पाँच वर्षसम्मको कैद सजाय हुन सक्ने कसुर गरेको अभियोग भएकाले जिल्ला अदालतले पक्राउ पुर्जी नै जारी गर्छ,' सहन्यायाधिवक्ता श्रेष्ठले भने, 'प्रतिवादीहरू पक्राउ परेपछि मुद्दा थुनछेकका लागि पेसीमा चढ्छ ।' मुद्दाको अनुसन्धानको प्रारम्भिक चरणमा नै उनीहरूविरुद्ध पक्राउ पुर्जी अदालतबाट जारी भइसकेकाले अब मुद्दाको छिनोफानोका लागि इजलासमा उपस्थित हुन म्याद जारी हुने काठमाडौं


श्री काठमाडौं जिल्ला अदालतमा
मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ बमोजिम दायर गो[...]
अभियोग पत्र
२०८०/०८१ सालको निर्णय नम्बर:-
केन्द्रिय अनुसन्धान ब्यूरोको पत्र जाहेरीले नेपाल सरकार ..................... वादी
विरुद्ध
१. बागमती प्रदेश, जिल्ला ललितपुर, साबिक देवीचौर गा.बि.स.वडा नं.७ हाल परिवर्तित ऐ.जिल्ला गोदावरी नगरपालिका वडा नं.७ देवीचौर स्थायी घरभई हाल जिल्ला भक्तपुर मध्यपुर थिमी नगरपालिका वडा नं.१ मनोहरा प्लानिङ बस्ने काम प्रसाद तिमल्सीनाको छोरा वर्ष-३६ को राज कुमार तिमल्सीना..............(फरार)..............१
२. जिल्ला बाग्लुङ, काठेखोला गाउँपालिका वडा नम्बर ६ बतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार स्थितमा कार्यालय रहेको सिधा कुरा डटकम कार्यालयका अध्यक्ष तथा प्रस्तोता अन्दाजी वर्ष २९ को युवराज कँडेल..............(फरार)..............१
३. बागमती प्रदेश, जिल्ला धादिङ निलकण्ठ नगरपालिका वडा नम्बर ५ स्थायी बतन भई, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार स्थितमा कार्यालय रहेको सिधा कुरा डटकमका कार्यकारी सम्पादक अन्दाजी वर्ष ३३ को नवीन ढुंगाना..............(फरार)..............१

जिल्ला अदालतले जनाएको छ । 'प्रतिवादीले थाम्ने-थमाउने अवधिसमेत गरेर ३६ दिनको म्याद हुन्छ, त्यो अवधिसम्ममा पनि उनीहरू उपस्थित भएनन् भने सार्वजनिक सूचना जारी गरेर प्रतिवादीलाई सूचना दिइन्छ,' अदालतका स्रेस्तेदार रामबाबु शर्माले भने, 'प्रतिवादीहरू हाजिर हुन नआइन्जेल मुद्दा पेसीमा चढ्दैन तर हाजिर हुन आउने सबै म्याद गुज्रिसकेपछि चाहिँ उनीहरूको अनुपस्थितिमै मुद्दा अघि बढ्छ ।'

'डार्क फाइल' नाम दिएर प्रसारण गरिएको अडियो फेक भएको पुष्टि भएपछि प्रहरी प्रधान कार्यालयको साइबर ब्युरोले उनीहरूबाट कसुर भएको अभियोगसहित सरकारी वकिलको कार्यालयमा मुद्दा चलाउने रायसहितको प्रतिवेदन पेस भएको थियो । प्रतिवादी तिमल्सिनाले सर्वोच्च अदालतका न्यायाधीश, प्रतिष्ठित कानुन व्यवसायी तथा सञ्चार उद्यमीहरूको मानमर्दन गर्ने गरी जानाजानी झूटा अडियो उत्पादन गरेको र त्यसको सत्यतथ्य नै नबुझी 'सिधाकुरा' ले सनसनी रूपले प्रसारण गरी भ्रम फैलाएबाट विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७ र मुलुकी अपराध संहिता २०७४ को दफा १६८ विपरीतको कसुर भएकाले उनीहरूविरुद्ध हदैसम्म कारबाही हुनुपर्ने अभियोगपत्रमा उल्लेख छ ।

'प्रतिवादीहरू राजकुमार तिमल्सिना, युवराज कँडेल र नवीन ढुंगानाले सम्मानित सर्वोच्च अदालत र माननीय न्यायाधीशज्यूको मान-प्रतिष्ठासमेतमा आँच पुर्‍याई, सम्मानित अदालतप्रतिको आमधारणासमेतमा भ्रम उत्पन्न गराई, घृणा वा द्वेष फैलाउने कार्य गरी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनअन्तर्गतको कसुर,' अभियोगपत्रमा उल्लेख छ, 'सम्मानित सर्वोच्च अदालत र सो अदालतका माननीय न्यायाधीश तथा अन्य व्यक्ति र निकायप्रति समेत अदालतको मुद्दामा हुने कार्यविधि तथा सुनुवाइ र फैसलासँग जोडी गलत भिडियो क्लिप तयार पारी प्रसारणसमेत गरी अपमानजनक कार्यसमेतको कसुर गरेको वारदात स्थापित हुन आयो ।'

प्रतिवादीमध्येका एक तिमल्सिनाले अडियो क्लिप रेकर्ड गर्दा त्यहाँ उपस्थित भनिएका प्रमुख पात्रहरूको कुनै पनि संवाद नरहेको तथा उक्त अडियो क्लिप रेकर्डकर्ताको अडियोमा गरिएको संवादले विचाराधीन मुद्दाहरूमा के कसरी प्रभाव पार्न सक्छ भन्ने कुनै पनि वस्तुनिष्ठ आधार नदेखिएको प्रहरी अनुसन्धानमा उल्लेख छ । त्यस्तै, अडियो क्लिप रेकर्डकर्ता तिमल्सिनाले अधिकांश संवाद रहेका भनी निज स्वयंले खुलाएको किशोर विष्ट भन्ने व्यक्तिको कुनै विवरण उपलब्ध गराउन नसकेबाट पनि अडियो फेक भएको पुष्टि हुने अभियोगपत्रको निष्कर्ष छ । अडियो क्लिपको 'फाइल नेम' सन् २०२१ मार्च १२ को १८:२०:१८ बजे उल्लेख छ । तर उक्त संवाद मिति २०७७ चैत ३० गते बेलुका ५ देखि ६ बजेको बीचमा रेकर्ड गरिएको बयान तिमल्सिनाले दिएका थिए । जबकि, अडियोको फाइल नेममा उल्लिखित मिति (सन् २०२१ मार्च (३) महिनाको १२ गते) नेपालीमा रूपान्तरण गर्दा २०७७ फागुन १९ हुन आउने हुनाले यसबाट पनि ढाँटेको देखिन आउने प्रहरी अनुसन्धानको जिकिर छ । यस्तो झूटा सामग्रीलाई 'चार सय भ्रष्टाचार मुद्दा डिसमिस गराउने सर्वोच्च अदालतका न्यायाधीश सहभागी बैठकको स्टिङ अपरेसन' शीर्षकमा वैशाख १४ मा सिधाकुराको युट्युब च्यानलबाट प्रसारण गरिएकामा गम्भीर आपराधिक कसुर भएको अनुसन्धान अधिकारीको निष्कर्ष छ ।

# सिद्धबाबा सुरुङ...

'एक महिनाअघिबाट विस्फोटक पदार्थ प्रयोग गरेर काम थालेपछि दैनिक ८ देखि ९ मिटरका दरले सुरुङ खनिराखिएको छ,' उनले भने, 'अहिले सुरुङको समग्र प्रगति २६ प्रतिशत छ ।' एक महिनामा १० प्रतिशत प्रगति बढाउन सकिएको उनले सुनाए । 'दुई वर्षमा गरेको प्रगति एक महिनामा हासिल भएको छ,' उनले भने, 'राति पनि विस्फोट गराएर काम गर्न पाए प्रगति बढ्छ, त्यसको तयारी भइरहेको छ ।' उनका अनुसार राति विस्फोट गराएर काम गर्न पाए दैनिक १२ मिटरका दरले सुरुङ खन्न सकिनेछ । सुरुका दिनमा निर्माण व्यवसायीबाट काममा ढिलाइ भए पनि अहिले कामको गती बढेको उनको दाबी छ ।

यो सडक खण्डमा बारम्बार पहिरो खसेर दुर्घटना बढ्न थालेपछि विकल्पका रूपमा सुरुङ निर्माण थालिएको हो । यो मुख्य सुरुङको लम्बाइ १ हजार १ सय २६ मिटर छ । यो योजनाअन्तर्गत बुटवलतर्फको चिडियाखोलाबाट ९ सय १० मिटर र पाल्पातर्फ ५ सय ६० मिटर दुई लेनमा सडक सुधारको काम पनि गरिने छ । यस खण्डको चार किमि पहिरो आउने क्षेत्रभित्र पर्छ ।

सिद्धबाबा मन्दिर नजिकैबाट सुरुङ छिरेर पाल्पातर्फ तिनाउ जलविद्युत् छेउमा निस्कन मिल्ने यसको निर्माण गरिएको हो । सुरुङको बीचबीचमा आपत्कालीन द्वारका रूपमा तीन वटा क्रस प्यासेज निर्माण भइरहेको छ । सुरुङभित्र केही समस्या आए क्रस प्यासेजबाट निस्कन मिल्नेछ । क्रस प्यासेजहरूको मात्र कुल दूरी ४ सय ४१ मिटर छ । सुरुङ र क्रस प्यासेजसहितको दूरी भने १ हजार ५ सय ६७ मिटर छ । विस्फोटक पदार्थ प्रयोग गर्नुअघि मुख्य सुरुङ १ सय २७ मिटर खनिएको थियो । अहिले विस्फोट गराएर १ सय ४९ मिटरसहित कुल २ सय ७६ मिटर मुख्य सुरुङ खनिएको छ । त्यस्तै क्रस प्यासेज मात्र १ सय ४० मिटर खनिएको छ ।

(भिडियो हेर्न स्क्यान गर्नुहोस्)

'मुख्य सुरुङ र क्रस प्यासेजसहित ४ सय १६ मिटर खनिसकिएको छ,' निर्देशक शाक्यले भने, 'समग्रमा २७.१८ प्रतिशत सुरुङ खन्ने काम सकिएको छ ।' उत्तर-दक्षिण दुवैतर्फ र तीन वटा क्रस प्यासेजमा एकसाथ निर्माणको काम भइरहेको उनले सुनाए । सुरुङमार्ग बाहिरपट्टिको खण्डमा 'रक सेट' बनाउन सडक नै बन्द गर्नुपर्छ । तर यो सडकमा सवारी चाप धेरै छ । यो खण्ड भएर साना-ठूलासहित औसतमा दैनिक करिब ५ हजार सवारी ओहोरदोहोर गर्छन् ।

'सुरुङ खन्ने काम सकेर अस्थायी रूपमा सवारीसाधनलाई सुरुङबाट पठाएर पहिरो खस्ने जोखिम क्षेत्रमा रक सेट बनाउने योजनामा छौं,' उनले भने, 'त्यसैले सुरुङ निर्माणको काम छिटो सक्नु छ ।' उक्त रक सेटको दूरी ७ सय ८० मिटर छ । 'सुरुङ निर्माण गरिएको क्षेत्रमा ढुंगा खसे तल झर्ने गरी ओरालो पारेर सिमेन्टेड रक सेट बनाइनेछ,' उनले भने, 'त्यसलाई धान्न सक्ने/नसक्ने सबै विषयलाई आधार मानेर रक सेटको डिजाइन गरिएको हो ।'

आगामी ०८ जेठबाट उक्त सुरुङबाट औपचारिक रूपमा सवारीसाधन चलाउन मिल्ने गरी काम गरिरहेको उनको दाबी छ । पाँच वर्षभित्र निर्माण सक्ने गरी ०७८ फागुनमा सुरुङ मार्गको ठेक्का सम्झौता भएको हो । निर्माण थालेको साढे २७ महिना भइसकेको र बाँकी रहेको समय भित्र सक्ने गरी काम भइरहेको उनले बताए । यसको ठेक्का चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कम्पनीले ७ अर्ब ३४ करोड २१ लाख रुपैयाँमा लिएको हो । सुरुमा रूख काट्न समस्या हुँदा आयोजनाको कामले गति लिन सकेको थिएन । निर्माणमा १ सय ९० टन विस्फोटक पदार्थ लाग्ने अनुमान छ । 'अहिले ४० टन मौज्दात छ, नागढुंगा-सिस्नेखोला सुरुङमार्ग आयोजनाबाट १८ टन आउनेछ,' उनले भने, 'अपुग विस्फोटक पदार्थ नेपाली सेनासँग मागेका छौं ।' अहिले कुनै समस्या नभए पनि चाहिएको बेला विस्फोटक पदार्थ नपाए काममा ढिलाइ हुने निर्माण कम्पनीले जनाएको छ ।

चालु आर्थिक वर्षमा विनियोजन भएको बजेट अपुग भएर ३३ करोड रुपैयाँ रकमान्तर दिन लागिएको शाक्यले बताए । 'यति भएपछि चालु आर्थिक वर्षमा समस्या छैन, आगामी आर्थिक वर्षका लागि ७० करोड मात्र बजेट छुट्याइएको छ, काम निरन्तर भइरहेकाले दुई अर्ब रुपैयाँ बजेट चाहिनेछ,' उनले भने, 'पर्याप्त बजेट उपलब्ध हुन नसके समग्र प्रगतिमा असर पर्छ । यसबारे सडक विभाग र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा जानकारी गराएका छौं ।'

# एसईईमा अनुत्तीर्ण...

परीक्षा तयारीका लागि कक्षा सञ्चालनमा विश्वविद्यालयलाई समेत आग्रह गर्ने निर्णय भएको हो । नतिजामा २ लाख २२ हजार ४ सय ७२ (४७.८७ प्रतिशत) विद्यार्थी मात्रै ग्रेड प्राप्त गर्न कक्षा ११ मा भर्ना हुन योग्य भएका थिए । सबैभन्दा बढी विद्यार्थी गणित, विज्ञान र अंग्रेजी विषयमा अस्वीकृत भएका छन् ।

गणितमा १ लाख ७७ हजार, विज्ञानमा १ लाख २६ हजार, अंग्रेजीमा १ लाख विद्यार्थी ननग्रेडिङ भएका छन् । त्यस्तै सामाजिकमा ७३ हजार, नेपाली र अर्थशास्त्रमा ६९/६९ हजार विद्यार्थी ननग्रेडिङमा परेका छन् । शिक्षा मन्त्रालयको निर्णयअनुसार ७ वटै विषयमा ननग्रेडिङ हुने विद्यार्थीले पनि साउनमा सञ्चालन हुने ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउनेछन् । नतिजामा कतिपय विद्यालयका शतप्रतिशत विद्यार्थीसमेत असफल भएको पाइएको छ । २०७२ देखि लागू लेटर ग्रेडिङ पद्धतिमा सबै विद्यार्थी ग्रेडिङमा पर्ने व्यवस्था थियो । तर यसले गर्दा विद्यार्थीमा पठन संस्कृति हराउँदै गएको भन्दै २०७८ मा निर्देशिका संशोधन गरेर सैद्धान्तिक (लिखित) तर्फ कम्तीमा ३५ प्रतिशत अंक नल्याए विद्यार्थी ननग्रेडेड हुने व्यवस्था गरिएको थियो । जसका कारण कक्षा ११ मा भर्ना हुन पाउनेभन्दा नपाउने विद्यार्थीको संख्या बढी छ । कक्षा १० मा उक्त व्यवस्था यसपालिदेखि मात्रै लागू भएको हो ।

# रुसी सेनामा...

नेपाल सरकारले रुसी सरकारलाई पटक-पटक गरेको आग्रह र पत्राचारका बाबजुद पनि रुसी विदेश मन्त्रालयले उक्त विषय रक्षा मन्त्रालयको भएको उल्लेख गर्दै नेपाललाई जवाफ दिइसकेको छैन ।

उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले गत साता इरानको राजधानी तेहरानमा सम्पन्न भएको एसिया सहयोग संवाद (एडीसी) मा रुसी उपविदेशमन्त्री रुडेन्को आन्रेय युरेविचसँग साइडलाइनमा भेटवार्ता गर्दा रुसी सेनामा भर्ती भएका नेपालीहरूको अवस्थाबारेमा कुरा उठाएका थिए । उपप्रधानमन्त्री श्रेष्ठले युद्धमा मृत्यु भएका नेपालीको शव नेपाल पठाइदिन, युद्धमा मृत्यु हुने नेपालीका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराइदिन, घाइते भएका र रुसी सेनामा भर्ना भएकालाई फिर्ता पठाइदिन, नेपालीलाई रुसी सेनामा भर्ती नगर्न, रुसी सेनामा भर्ती भएका नेपालीको संख्या नेपाल सरकारलाई जानकारी दिन, रुसी सेनामा भर्ती भएर युक्रेनी सेनाको कब्जामा परेकाको जानकारी दिन अनुरोध गरेका थिए । नेपालीहरूको विषयमा प्रस्ट रूपमा रुसी पक्षसँग कुरा राखेको श्रेष्ठले जानकारी दिए । 'हामीले पहिलेदेखि नै उठाइरहेको मुद्दाका बारेमा जानकारी दियौं । जवाफमा उपविदेशमन्त्रीले रुस नेपालको मित्र राष्ट्र भएको र नेपालीहरूको सम्बन्धमा आवश्यक सहयोग गर्ने बचन दिएका थिए,' उनले भने ।

उपविदेशमन्त्रीले आफू मस्को फर्केपछि राजदूत मिलन तुलाधरलाई आफ्नो कार्यालयमा पठाउन र आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएको उक्त बैठकमा सहभागी एक अधिकारीले जानकारी दिए । उपप्रधानमन्त्री श्रेष्ठले यसअघि पनि गत फागुन २४ मा रुसी विदेशमन्त्री सर्गेई लाभ्रोभसँग टेलिफोनमा संवाद गर्दै नेपाली पक्षको मुद्दाको विषयका बारेमा जानकारी दिएका थिए । जुन विषयलाई तेहरानमा पनि श्रेष्ठले उपविदेशमन्त्रीसामु दोहोर्‍याए । रुसी सेनामा भर्ती भई अहिले ६ नेपाली युक्रेनी सेनाको कब्जामा छन् । यसरी कब्जामा परेका नेपालीमा बर्दियाका विवेक खत्री, काभ्रेका सिद्धार्थ ढकाल, मोरङका विकास राई, रोल्पाका प्रतीक पुन, चितवनका सुजन सुवेदी र गोरखाका ईश्वर लामिछाने छन् । उनीहरूलाई नेपाल सरकारले रुसी सरकारसँग सहकार्य गरेर छुटाउने प्रयास गरे पनि हालसम्म उक्त पहल सफल हुन सकेको छैन । साथै, यसै महिना राष्ट्रपति रामचन्द्र पौडेलले जेनेभा र जर्मनीको भ्रमण गर्दा जर्मनीका राष्ट्रपति फ्र्याांक वाल्टर स्टाइनमेयरसामु युक्रेनी सेनाको कब्जामा रहेका ६ नेपालीलाई छुटाउनका लागि सहयोग गरिदिन अनुरोध गरेका थिए । बर्लिनस्थित नेपाली दूतावासले पनि युक्रेन सरकारसँग नेपालीहरूलाई छाडिदिन आग्रह गरिरहेको छ ।

यस्तै, रुस मामिलामा भइरहेका घटना र आगामी बाटोको सम्बन्धमा अध्ययन गर्न परराष्ट्र मन्त्रालयको नेतृत्वमा एक उच्चस्तरीय कार्यदल गठन भई काम भइरहेको छ । उपप्रधानमन्त्री श्रेष्ठको नेतृत्वमा जेठ ११ मा बसेको बैठकले रुस मामिलामा अहिले भइरहेको संकटलाई समाधान गर्न परराष्ट्र मन्त्रालयअन्तर्गत युरोप-अमेरिका महाशाखाका प्रमुख गणेश ढकालको नेतृत्वमा उच्चस्तरीय कार्यदल गठन भएको थियो । परराष्ट्र स्रोतका अनुसार उपप्रधानमन्त्री श्रेष्ठ, अर्का उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, श्रम तथा रोजगारमन्त्री डीपी अर्याल र शिक्षामन्त्री सुमना श्रेष्ठ सहभागी बैठकले रुस मामिलामा अध्ययन गरेर सुझाव दिन कार्यदल गठन गरेको हो ।

रुसी मामिलाका सम्बन्धमा भइरहेका गतिविधि र अब कसरी अघि बढ्ने विषयमा कार्यदललाई सुझाव पेस गर्ने जिम्मेवारी दिइएको हो ।

## ज्यान गुमाउने ३५ नेपाली

१. राजकुमार रोका-दोलखा
२. शुक्रबहादुर तामाङ-काठमाडौं
३. भरतबहादुर शाह-काठमाडौं
४. देवन राई-कास्की
५. प्रितम कार्की-स्याङ्जा
६. गंगाराज मोक्तान-इलाम
७. रूपक कार्की-कपिलवस्तु
८. सन्दीप थपलिया-गोरखा
९. कुन्दनसिंह नगाल-दार्चुला
१०. हरिप्रसाद अर्याल-स्याङ्जा
११. राजकुमार गिरी-धादिङ
१२. धनसिंह पुन-रोल्पा
१३. पूर्णबहादुर गुरुङ-धादिङ
१४. सुन्दर मुक्तान-रसुवा
१५. गंगाराम अधिकारी-झापा
१६. पदमबहादुर घिमिरे-उदयपुर
१७. सञ्जय केसी-बाँके
१८. नवीन शाही-जाजरकोट
१९. जितबहादुर विक-बागलुङ
२०. अनितकुमार साह-महोत्तरी
२१. खगेन्द्र राइकामगर-धनकुटा
२२. वीरबल राई-संखुवासभा
२३. बलराम गुरुङ-रुकुम
२४. तेजबहादुर शाही-दैलेख
२५. सुरेन्द्र राना- जुम्ला
२६. लालबहादुर बुढा-रूपन्देही
२७. राजु थारू-
२८. फुर्वा शेर्पा-दोलखा
२९. सुरज विक-स्याङ्जा
३०. नेत्रबहादुर घर्ती- धादिङ
३१. शंकर दमाई-गुल्मी
३२. साजन गुरुङ-लमजुङ
३३. तेजबहादुर शाही- दैलेख
३४. शान्तबहादुर भोलान- सिन्धुली
३५. घनश्याम परियार-

**युक्रेनी सेनाको कब्जामा रहेका ६ नेपाली**

१. विवेक खत्री-बर्दिया
२. सिद्धार्थ ढकाल-काभ्रे
३. विकास राई-मोरङ
४. प्रतीक पुन-रोल्पा
५. सुजन सुवेदी-चितवन
६. ईश्वर लामिछाने- गोरखा

*(स्रोत : परराष्ट्र मन्त्रालय, असार १० सम्मको तथ्यांकअनुसार)*


**CAREER OPPORTUNITY**

**United Academy,** established in 1997, is calling applications from the dynamic and competent individuals to fulfill the following positions.

**Position: Lecturer**

Chemistry, Nepali, Social Studies and English

**Qualification**

Master's degree in relevant subject with at least 3 years of experience in reputed college

**Position: Physics Lab In charge**

Bachelor's degree in Physics with at least a year of relevant experience

United Academy

Interested applicants may submit their updated CV with application letter within 10 days at the email: **uacareer@united.edu.np**



KATHMANDU UNIVERSITY

**२९ औं दीक्षान्त समारोह (दोस्रो चरण) को आवेदन फाराम भर्ने समयावधि थप सम्बन्धी सूचना**

काठमाडौं विश्वविद्यालयको २९ औं दीक्षान्त समारोह (दोस्रो चरण) मा सहभागी हुन योग्य भएका यस विश्वविद्यालयको स्कुल अफ आर्ट्स/ एजुकेशन/ इन्जिनियरिङ्ग/ ल/ मेनेजमेन्ट/ साइन्स/ मेडिकल साइन्सेजबाट असार १८, २०८१ (July 2, 2024) सम्ममा विद्यावारिधि, स्नातकोत्तर र स्नातक तह उत्तीर्ण गरेका सबै विद्यार्थीहरूले दीक्षान्त समारोहमा भाग लिन देहायबमोजिम ONLINE आवेदन दिनुहुन सूचित गरिन्छ ।

१) आवेदन फाराम convocation.ku.edu.np मा गई भर्न सकिने छ । दीक्षान्त शुल्कको बैंक भौचर, आवेदन फारामको साथ पेस गर्नुपर्ने कागजातहरू यसै Website मार्फत् बुझाउनु पर्नेछ ।

२) आवेदन फाराम बुझाउने मिति : २०८१ साल असार १४ गतेदेखि २१ गतेसम्म (June 28 to July 5, 2024)

३) दीक्षान्त समारोह कार्यक्रमको विस्तृत जानकारी कार्यक्रम हुनुभन्दा दुई हप्ताअघि प्रकाशित गरिनेछ ।

निमित्त रजिष्ट्रार
काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे

Quality Education for Leadership www.ku.edu.np



**VACANCY ANNOUNCEMENT**

**Country Director**

**(Kathmandu, Nepal)**

HELEN KELLER INTL

Guided by the remarkable legacy of its co-founder, Helen Keller, Helen Keller Intl partners with communities striving to overcome long standing cycles of poverty. By delivering the essential building blocks of good health, sound nutrition and clear vision, we help millions of people create lasting change in their own lives. With over 35 years of experience in Nepal, we are ensuring every person has the opportunity – as Helen did – to reach their true potential.

Helen Keller is seeking a Country Director in Nepal, to develop new programs, expand our programming and scale, and lead the country office and its programs in manner that reflects our mission and values and ensures technical excellence in the delivery of all activities.

**To Apply:** Qualified candidates should submit a cover letter and resume to **hki.recruitment@hki.org**. Applications will be accepted until the position is filled.

**In the spirit of our founder and namesake, Helen Keller is dedicated to building an inclusive workforce where diversity is fully valued.**

All qualified applicants will receive consideration for employment without regard to race, color, religion, gender, caste, age, disability, or any other status that has no bearing on the ability of an individual to perform the functions of the job.



Peace Corps NEPAL

**VACANCY ANNOUNCEMENT**

**(Announcement Number: 24-002)**

The United States Peace Corps seeks an Environment/Eco-tourism Program Manager (EEPM) to serve as a personal services contractor based in Kathmandu.

**REQUIRED QUALIFICATIONS :**

1. Education: University Bachelor's degree in Forestry, Environment/Tourism or a related field
2. Prior Work Experience: Minimum of 4 years of related work experience, Related work experience to include: managing volunteers or staff, managing environment and/or tourism projects, grassroots community development, designing training programs and/or workshops, training session design and delivery, monitoring and evaluation.
3. Language Proficiency: Fluency in both English and Nepali (written and spoken) is required, as is an ability to quickly and accurately translate from Nepali to English, and vice versa.
4. Computer proficiency in Microsoft Office (Word, Outlook, Excel, PowerPoint)

**DESIRED QUALIFICATIONS :**

1. Education: Master's Degree in Foresty, Environment/Tourism or a related field.
2. Experience: 2 years' experience in supervising or coordinating staff or Volunteers
3. Language Proficiency: Ability to speak other languages spoken in Nepal is desirable.
4. A strong knowledge of international development through Volunteering.
5. Ability to successfully network on behalf of the Program.
6. Experience partnering with individuals with marginalized social identities (caste, ethnicity, sex, sexual orientation, gender identity, religion, and so on) in Nepal.
7. Experience navigating language and culture in a rural village community setting in Nepal.

For the full job advertisement, refer to ***https://np.usembassy.gov/jobs/***

**TO APPLY:**

Interested candidates should submit their CV and a cover letter in English by email to: ***nepaljobs@peacecorps.gov*** Applicants should include salary requirements in the cover letter. Please list ***"Announcement Number: 24-002, Environment/Eco-tourism Program Manager"*** in the subject line of the email. Only complete applications (consisting of a CV and cover letter) received by the deadline of **Friday, July 19, 2024 at 5 PM** will be considered. The United States Peace Corps is an Equal Opportunity Employer.




# चम्किएका पाँच युवा खेलाडी

म्युनिख (एएफपी)- युरो च्याम्पियनसिपको लिग चरणका खेल सकिँदा अपेक्षा गरिएका ठूला स्टारले सक्दो प्रदर्शन गर्न नसकेको भनिरएको छ, त्यहीं त्यस्ता केही नयाँ र युवा खेलाडी पनि रहे, जसले सबैको मन जित्न सफल रह्यो ।

फेरि युरो जत्तिको ठूला प्रतियोगितामा नै त्यस्तो निर्णायक मोड हो, जहाँ यी नयाँ अनुहारले आफूलाई प्रमाणित गर्न सक्छन् । आफूलाई विश्वसामु प्रमुख गर्छन् । त्यस्ता २१ मुनिका ५ खेलाडी यी रहे, जसले लिग चरणमा साँच्चै राम्रो गरे ।





स्पेनका निको विलियम्स (बायाँ) र लमिन यमन । दायाँतर्फ (माथिबाट) जमाल मुसियाला, जुड बेलिङ्घम र अर्डा गुलर । तस्बिर : एपी

**निको विलियम्स (स्पेन)**

स्पेनले लिग चरणमा जसरी खेल्यो, त्यसले यो टिमलाई उपाधिका लागि साँच्चै बलियो दाबेदार बनाएको छ । यस क्रममा कोही एक खेलाडीले स्पेनका लागि राम्रँ खेलेका छन् भने ती हुन्, २१ वर्षीय निको विलियम्स । युरोको फाइनल बर्लिनमा हुनेछ । त्यसको दुई दिनअघि मात्रै उनी २२ वर्षका हुनेछन् । उनले आफ्नो सानैदेखिको क्लब एथलेटिको बिल्बाओलाई कोपा डेल रेको उपाधि दिलाउन उत्तिकै महत्त्वपूर्ण भूमिका खेले ।

यो ४० वर्षयता क्लबले जितेको पहिलो उपाधि थियो । उनले अहिलेसम्मको खेलबाट अन्तर्राष्ट्रिय फुटबलमा स्पेनका लागि लामो समय योगदान दिन सक्ने संकेत दिएका छन् । इटालीविरुद्ध प्राप्त १-० जितमा यी विङ्गरले लगातार आक्रमण बुनेका थिए । त्यसमा 'प्लेयर अफ द म्याच' पनि भए । खेलपछि उनलाई स्पेनी राजाले व्यक्तिगत रूपमा बधाई दिएका थिए । त्यसपछि के चाहियो र विलियम्सले पनि भने, 'मैले यस्तो हुने सपना सानैदेखि देखिरहेको थिएँ ।'

**जमाल मुसियाला (जर्मनी)**

यी जमाल मुसियाला पनि भर्खर २१ वर्षका भए । युरोमा आयोजक टिमको आक्रमणमा उनी नै सबैभन्दा ठूलो शक्ति साबित भएका छन् । समूह 'ए' का सुरुआती दुई खेलमा उनले जर्मनीका लागि दुई गोल गरेका छन् । त्यसै कारण जर्मनी यी दुवै खेलमा विजयी रह्यो । सन् २०२२ मा जर्मनी विश्वकपबाट सुरुमै बाहिरिँदा उनी कच्चा खेलाडी नै थिए । अहिले उनी पूर्ण खेलाडी हुनेतर्फ अग्रसर छन् । आफ्नो 'क्रिएटिभ एटचाकिङ' खेलबाट उनी गोल निकाल्न माहिर छन् । बायर्न म्युनिखका लागि भने उनले गत सिजन राम्रो गर्न सकेनन् । त्यसलाई बिर्सेर उनले अहिले खेलिरहेका छन् । जर्मन आक्रमणका लागि उनले फ्लोरियन विर्ट्जसँग बलियो साझेदारी गरेका छन् । स्कटल्यान्डलाई सुरुमै ५-१ ले हराउँदा उनी 'प्लेयर अफ द म्याच' बनेका थिए । त्यस खेललाई लिएर उनलाई प्रश्न गरिँदा उत्तर थियो, 'सायद मैले यस खेलमा अहिलेसम्मकै उत्कृष्ट प्रदर्शन गरें ।'

**जुड बेलिङ्घम (इंग्ल्यान्ड)**

उनी भर्खर २० वर्षका भए । तर, इंग्लिस मिडफिल्डर बेलिङघम आफ्नो टिमको केन्द्रविन्दु बनिसकेका छन् । सन् २०२२ को विश्वकप खेलेयता उनी इंग्लिस टिमका लागि छाइरहेका छन् । इंग्ल्यान्डले प्राप्त गरेको एकमात्र जितमा उनले नै निर्णायक गोल गरेका थिए । उनी यस प्रतियोगितामा प्रवेश गर्दा त्यसको पृष्ठभूमिमा ला लिगा र युरोपेली च्याम्पियन्स लिगको उपाधि थियो, रियल म्याड्रिडका लागि । इंग्ल्यान्डले यसपल्ट युरोमा लामो यात्रा तय गर्ने हो भने ह्यारी केन र फिल फोडेनसँगै बेलिङ्घमले राम्रो गर्नुपर्नेछ नै । सुरुआती खेल जीवनमा बोरुसिया डर्टमन्डका लागि राम्रो खेलेर सबैको मन जितको बेलिङ्घमले त्यसपछि रियलका लागि भने त्यस्तै खेल दोहोर्‍याए । उनलाई अहिले नै विश्व फुटबलको एउटा ठूलो सम्भावित स्टार हुने मानिएको छ ।

**अर्डा गुलर (टर्की)**

टर्कीका १९ वर्षीय खेलाडी अर्डा गुलर पनि रियल म्याड्रिडका युवा र नयाँ स्टार खेलाडी हुन् । उनले रियलका लागि लिग चरणका अन्तिम ५ खेलमा ५ गोल गरेर आफू लयमा रहेको सिद्ध गरेका थिए । उनले यही लय युरोमा पनि कायम राखेका छन् । जर्जियाविरुद्धको १-१ को बराबरीमा उनले नै गोल गरेका थिए । यो प्रतियोगिताकै उत्कृष्ट गोल हुने अनुमान छ । यसका लागि उनले लामो दूरीबाट शक्तिशाली प्रहार गरेका थिए । यसैक्रममा उनी १९ वर्ष १ सय १४ दिनमा डेब्यु युरोमै गोल गर्ने सबैभन्दा कान्छा खेलाडी बने । उनले क्रिस्टियानो रोनाल्डोको उपलब्धि उछिनेका हुन् । जतिबेला रोनाल्डोले यो कीर्तिमान बनाएका थिए, त्यतिबेला गुलर जन्मेका पनि थिएनन् । रोनाल्डो सम्भवत: आफ्नो खेलजीवनको अन्तिम युरो खेलिरहेका छन् । यस्तोमा रोनाल्डोदेखि गुलरको यात्रा पुस्ता हस्तान्तरण मान्न सकिन्छ ।

**लमिन यमल (स्पेन)**

बार्सिलोनाका विङ्गर हुन्, लामिन यमल । क्रोएसियाविरुद्ध स्पेनले प्राप्त गरेको ३-० जितमा उनले डेब्यु गरेका थिए । त्यतिबेला उनको उमेर थियो, १६ वर्ष ३ सय ३८ दिन । यसक्रममा उनी युरो खेल्न सबैभन्दा कान्छा खेलाडी बने । यतिमात्र होइन, उनले स्पेनको एक गोलमा सहभागी भूमिका खेले । यसरी गोलका लागि 'एसिस्ट' गर्ने कान्छा खेलाडीमा नाम लेखाए । इटालीविरुद्धको खेलमा पनि उनको प्रदर्शन उत्कृष्ट रह्यो । अल्बानियाविरुद्धको खेलमा भने उनले बेञ्चबाट आएर खेले । स्पेनले लिग चरणका तीनै खेल जितेको थियो र त्यसमा यमलको प्रदर्शनले धेरैलाई आकर्षित गर्‍यो । स्पेनी प्रशिक्षक लुइस डे ला फुन्टे पनि उनको प्रदर्शनबाट खुबै प्रभावित छन् । फुन्टे पनि यमललाई कुनै प्रकारको दबाब नदिने र खुलेर खेल्न दिने पक्षमा छन् । उनी मान्छन्, यी भविष्यका स्टार खेलाडी हुन् ।






एक जर्सी स्टोरमा जर्मनीको आधिकारिक जर्सीमा अटोग्राफ दिँदै जर्मनीका मिडफिल्डर फ्लोरियन विर्ट्ज । तस्बिर : एपी




# स्विट्जरल्यान्डको सामना गर्दा दबाबमा इटाली



स्टुटगार्टमा प्रशिक्षणका क्रममा स्विट्जरल्यान्डको फुटबल टोली । तस्बिर : एपी

बर्लिन (एएफपी)- इटालीले शनिबार युरोको अन्तिम १६ को खेलमा स्विट्जरल्यान्डको सामना गर्दैछ । तर डिफेन्डिङ च्याम्पियनको यहाँसम्मको यात्रा आफैंमा सहज भने रहेको छैन । क्रोएसियाविरुद्ध लिग चरणको समूह 'बी' को अन्तिम खेल बराबरीमा टुंग्याउन लगभग अपरिचित जस्तै रहेका माटिया जाकाग्नीको गोल आवश्यक परेको थियो । यसै नतिजाका कारण इटाली समूहको दोस्रो स्थानमा रह्यो । टोली शीर्षमा रहेको स्पेनसँग ५ अंकले पछाडि थियो ।

प्रशिक्षक लुसियानो स्पालेटी मान्छन्, आफ्नो टिम नकआउट चरणको हकदार छ । जतिले आफ्ना खेलाडीको प्रदर्शनबारे आलोचना गरेका छन्, त्यसमा भने उनी सहमत छैनन् । यी ६५ वर्षीय प्रशिक्षकले मिडियासँगै आफ्नो टिममा दबाब सिर्जना गरिरहेका सबैको आलोचना गर्दै भन्छन्, 'इटालीको टिममा अहिले धेरै सुधार आएको छ । मेरो दृष्टिकोणमा खेलाडीले जति खेलेका छन्, त्यसमा दिन प्रतिदिन सुधार आएको छ ।'

जतिले इटालीको टिमको प्रदर्शन हेरेका छन्, सबैको एउटै मत छ, यो प्रभावशाली छैन । युरो २०२० मा इटालीले स्विट्जरल्यान्डलाई ३-० ले हराएको थियो । तर, अहिले यही प्रतिद्वन्द्वी कडा साबित भएको छ । त्यागे दिन गोल गरेका दुवै खेलाडी म्यानुयल लुकाटेली र किरो इमोबाइललाई प्रशिक्षकले बेन्चमा राखेका थिए । मिडफिल्डर मार्को भेराट्टीलाई पनि अवसर दिइएको थिएन । दुई प्रमुख डिफेन्डर लियोनार्डो बोनुसी र जर्जियानो चिलिनीले त संन्यास लिइसके ।

युभेन्ट्सका फरवार्ड फेडरिको चिसा आफ्नो स्वाभाविक लयमै छन् । लाजियोका २९ वर्षीय फरवार्ड जाकाग्नी भने अब आफ्नो टिमको पूरा ध्यान अर्को खेलमा मात्र केन्द्रित रहेको मान्छन् । उनी भन्छन्, 'हाम्रासामु स्विट्जरल्यान्डविरुद्धको महत्त्वपूर्ण खेल छ । हामी अहिले त्यसै खेलमा मात्र केन्द्रित छौं । सबैलाई के थाहा छ भने राष्ट्रिय टिमले दु:खका दिन पनि हेर्नुपर्ने हुन्छ । सुखद मोड आउने गर्छ र हामी यसकै प्रतीक्षामा छौं ।' मुरात याकिनको स्विस टिमका अधिकांश खेलाडी सिरी 'ए' का विभिन्न क्लबबाट खेल्छन् । जस्तो, इन्टर मिलानका गोलरक्षक यान सोमरदेखि बोलोग्नाका तीन खेलाडी डान एनडोये, रेमो फ्रयुले र मिचेल एबिस्चर । जाकाग्नी थप्छन्, 'हामीले स्विट्जरल्यान्डले कसरी खेल्छ भनेर त्यसको भिडियो हेरेका छौं । स्विस टिम आफैंमा बलियो छ । यसले आपसमा मिलेर खेल्छ, त्यसैले यो टिमलाई हराउन हामीले कडा मिहिनेत गर्नुपर्ने निश्चित छ ।'

इटालीका लागि कम्तीमा कागजमा स्विट्जरल्यान्ड सजिलो प्रतिद्वन्द्वी हुनसक्छ । तर यसपल्ट स्विसले जर्मनविरुद्ध लिग चरणको खेलमा जसरी खेलेको छ, त्यस अर्थमा यसलाई सजिलो मान्न सकिन्न । यो स्विस टिमले जसलाई पनि दबाबमा राख्न सक्छ । जर्मनविरुद्ध पनि टोलीले १-१ को बराबरी खेलेको थियो । त्यसमा आयोजक देशले ९२ औं मिनेटमा बराबरी गोल हात पारेको थियो । फेरि युरो २०२० मै स्विस टिमले केलियन एमबाप्पेको टिमलाई अन्तिम १६ मा हराएको तथ्य बिर्सनुहुन्न ।

# दोहोरिएला १९९२ को घटना ?

## जर्मनीसँग डेनमार्कको जम्काभेट



जर्मनी (एएफपी)- युरो २०२४ को आयोजक जर्मनीलाई अन्तिम १६ को आफ्नो प्रतिद्वन्द्वी डेनमार्क हुने त्यतिबेला थाहा भयो, जतिबेला आफूलाई स्विट्जरल्यान्डले १-१ को बराबरीमा रोकेको थियो । ठूला प्रतियोगितामा एक दशकको संघर्षपछि अहिले जर्मनी लयमा छ । टोली शनिबार डेनमार्कविरुद्ध मैदानमा उत्रँदै छ । स्कटल्यान्ड र हंगेरीविरुद्ध निकालेको प्रभावशाली जितले टिममा उत्साह फर्केको थियो । तर स्विस टिमविरुद्ध खेल्दा जर्मन टिममा समस्या भने देखियो ।


टिम लगभग हारकै संघारमा थियो, तर निकलस फ्युलक्रगले इन्ज्युरी समयमा बराबरी गोल फर्काए । यही नतिजाका कारण जर्मनी समूह जित्न सफल रह्यो । जर्मन टिमका लागि यो ठीक समयमा आएको चेतावनी जस्तै बन्यो । नत्र जर्मन समर्थकहरू आफ्नो टिमले चौथोपल्ट युरो जितेको सपना देखिसकेका थिए । तर, अब तय भएको छ, प्रशिक्षक जुलियन नागेल्समनले आफ्नो टिमलाई अगाडि बढाउने हो भने अझै धेरै काम गर्न बाँकी छ ।

सन् १९९२ को युरो फाइनलमा डेनमार्कले अविश्वसनीय रूपमा उपाधि जित्दा जर्मनीलाई नै हराएको थियो । त्यतिबेला डेनमार्क युरोमा छनोट हुन समेत असफल रहेको थियो । तर, युगोस्लाभाकियालाई निष्कासन गरिएपछि डेनमार्कले मौका पाएको थियो । अन्ततः त्यही टिमले उपाधि जितेको हो । त्यस फाइनल अगाडि जर्मनीले डेनमार्कलाई बलियो प्रतिद्वन्द्वीसमेत मानेको थिएन । जर्मनीका लागि युरो र विश्वकप दुवै जितेका बर्टी भोग्ट्स मान्छन्, जर्मनीले त्यतिबेला डेनमार्कलाई कमजोर मानेर भुल गरेकै हो ।

उनले लेखेका छन्, 'सन् १९९२ मा डेनमार्कमाथि हामी नै उपाधिका लागि बलियो दाबेदार थियौं । तर अन्त्यमा जित उसकै भयो । अहिलेको खेलमा पनि स्थिति लगभग त्यस्तै हो । अहिले नै हाम्रा खेलाडीले उपाधि नै जितिसकेको जस्तो कुरा गरिरहेका छन् ।' उनी के मान्छन् भने अहिलेको डेनमार्क टिम सन् १९९२ जत्तिको बलियो त छैन, तर यसपल्ट दबाब जति सबै जर्मन टिममाथि नै हुनेछ । उनी मान्छन्, 'यो टिम आश्चर्य निकाल्न सक्षम छ ।'

सन् २०२३ मा जर्मनीले खेलेका ११ खेलमध्ये तीन मात्र जित आत्मसात् भएको थियो । सन् २०२४ मा यही टिम हारेको छैन । टोलीले ५ खेल जितेको छ भने दुई बराबरी खेलेको छ । यसका लागि प्रशिक्षक नागेल्समनलाई धन्यवाद दिनैपर्छ, किनभने उनले सुरुआती ११ खेलाडीको सूची समान रूपमा दोहोर्‍याइरहेका छन् । यी प्रशिक्षकले त्यतिबेला मात्र सामान्य परिवर्तन गरेका छन्, जतिबेला खेलाडीलाई चोटको समस्या परेको छ ।

यही कारणले जर्मन टिममा स्थायित्व आएको छ । डेनमार्कविरुद्धको खेलमा एक प्रमुख खेलाडी सेन्टर ब्याक जोनाथन ताह भने हुने छैनन् । किनभने उनले स्विट्रल्यान्डविरुद्धको खेलमा दोस्रो पहेँलो कार्ड पाएका थिए । उनको स्थानमा बोरुसिया डर्टमन्डका प्रतिभाशाली खेलाडी निको स्केटरबेकले खेल्न सक्नेछन् । उनी मान्छन्, जर्मन टिमलाई डेनमार्कबारे लगभग सबथोक थाहा छ । उनी भन्छन्, 'त्यसैले डेनमार्कविरुद्ध हामीलाई कसरी खेल्ने, त्यसबारे राम्रो जानकारी छ ।'




**कान्तिपुर पब्लिकेशन्स् लिमिटेड**द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रबन्ध निर्देशक : **सम्भव सिरोहिया**, प्रधान सम्पादक : **उमेश चौहान**

ekantipur.com
कोसेली
कान्तिपुरको साप्ताहिक परिशिष्टांक
शनिबार, १५ असार २०८१

# भिटेनको बाग़ी र्‍यापशाला

**भिटेन असलमा गरिबीका गायक हुन्, दुःखका गायक हुन्, आजको युवाले बेहोरिरहेको हतासा र निराशाका गायक हुन् । भिटेनले आमाको जुनि जस्तो देखे, उनलाई लाग्यो- संसार दुःखैदुःखले भरिएको छ ।**



र्‍याप-रिदम

दीपक सापकोटा

भलादमी जगत्का निम्ति गायक भिटेन कुनै 'आतंक' भन्दा कम छैनन् । किनभने, 'सडक वाङ्मय' अन्तर्गत पर्ने उनका गीत (र्‍याप) मा शिष्टता, शालीनता, संस्कारजस्ता भलादमी तत्त्वहरूको धज्जी उडाइएको हुन्छ । भिटेन भन्छन्, 'सक्ने भए मलाई यो देशका जेन्टलम्यानहरूले देशै निकाला गर्थे होलान् । जेलमा त जाकी नै हाले ।'

समाचारको दुनियाँमा पसिखोज्ने हो भने र्‍यापरहरू आफ्ना शब्द (लिरिक्स) का कारण बेला-बेला जेलको हावा खाइरहेका हुन्छन् । सिर्जनशील स्वतन्त्रताका लागि कहलिएको अमेरिकामै कैयौं र्‍यापरलाई तिनका 'आपत्तिजनक' शब्दले कारागार चलान गराएका छन् । त्यसैले भिटेन पक्राउ प्रकरणलाई त्यति धेरै चकित बनाउने घटना किन मान्नु ?

हिप-हप अर्थात् र्‍यापको जन्मदेखि नै यसले प्रहार खेपिरहेको छ । अमेरिका, न्युयोर्क सिटीको द ब्रोंक्स काउन्टी हो, यसको जन्मथलो । सन् १९७० को दशक हो, यसको जन्ममिति । अफ्रिकी-अमेरिकी र एफ्रो-क्यारिबियन आप्रवासी हुन्, यसका जन्मदाता । गरिबी, अन्याय, विभेद, राजनीति, एक्टिभिजम आदि यी र्‍यापरका विषय हुन्थे ।

चरम गरिबीग्रस्त द ब्रोंक्समा जन्मेको संगीतको 'जान्रा' मा चन्द्रनिगाहपुर, रौतहटमा जन्मेका र काठमाडौंको सडकमा संघर्ष गरिरहेका एक जना किशोरले एउटा इँटा थपे– 'गरिबको छोरो म' गीतमार्फत ।

ती किशोर भिटेन थिए, आजका सम्भवतः सबैभन्दा लोकप्रिय र्‍यापर ।

सन् १९८९ मा डिजे ज्याजी जेफ र द फ्रेस प्रिन्सले पहिलो हिप-हप ग्रामी अवार्ड जिते । यसरी विश्व संगीतमा र्‍यापले प्रतिष्ठा हासिल गर्‍यो । जेफ र प्रिन्सले ग्रामी हात पारेको गीतको बोल थियो, 'प्यारेन्ट्स जस्ट डन्ट अन्डरस्ट्यान्ड ।' अर्थात्, 'बाउआमा कुरै बुझ्दैनन् ।' भिटेनको जीवनमा पनि यस गीतले धेरथोर तालमेल राख्दो रहेछ । यसको चर्चा अलिक तल गरिनेछ ।

●●●

भिटेनको आफ्नै गायन पद्धति छ । गीतलाई 'जीवन्त' बनाउन र प्रत्येक शब्दलाई 'आकार' दिन भिटेन यसरी गाउँछन् कि गाउँदागाउँदै कुनै बेला उनको आवाज उच्च सुरमा पुग्छ त कुनै बेला त्यही आवाज ओर्लिएर मुनि आउँछ । शब्दलाई संगीतले सिँगार्दाको पहिलो सर्त नै रचनाको भावलाई आकार दिनु हो । भिटेन पनि भन्छन्, 'रिस पोख्दा लाउड र दुःख अनि पीडा व्यक्त गर्दा मधुरो आवाज ।'

गीत, नदी र जिन्दगीमा केही समानता भेटेका छन् भिटेनले । 'केवल नदीजस्तै बग्नु रैछ जीवन' भन्ने दर्शन-बोध छ र्‍यापर भिटेनलाई । बालककालदेखिको आफ्नो हुर्काइ, बुझाइ र दुःखलाई नदी बग्नुसँग तुलना गर्छन् उनी । भन्छन्, 'जसरी नदी बेला-बेला मात्तिएर, हुर्रिएर ढुंगामा ठोक्किँदै बगिरहेको हुन्छ, ल भन्नुस् त मान्छेको जिन्दगी पनि त्यसैगरी भीर-पहरामा ठोक्किँदै बगेको छैन त ?'

●●●

विभिन्न बाजाहरूको खाँचो पर्दैन र्‍याप बनाउन । ड्रम र बेस बिट भए र्‍यापलाई पुग्छ । परम्परागत गीतमा झैं स्थापित गणितीय लय र्‍यापमा हुँदैन । 'स्टोरी टेलिङ पोइट्री र्‍याप हो, कुराकानीको शैली पनि र्‍याप हो,' र्‍यापर टुपाक साकुरले भनेका छन् । 'आर.ए.पी'- 'रिदम एन्ड पोएट्री', अर्थात् एक लयदार कविता ! बिट र रिदममा कविता भनिने एक सजिलो माध्यम हो- र्‍याप । सुन्दा सहज सुनिए पनि एउटा र्‍याप बनाउन त्यसपछाडि शब्द र शैलीको परिपक्व मेल हुनुपर्छ । श्वेतको दमनविरुद्ध अश्वेतहरूले चिसा-चिसा, अँध्यारा-अँध्यारा गल्लीहरूबाट सुरु गरे- 'र्‍याप' । सन् १९७० को दशकको त्यो सडक-कविता अभियानमा तिनले शोषणविरुद्ध विस्फोट बोले, आगो ओकले । रंगभेद, गल्ली-कविता र शोषणविरुद्धको स्वरबाट र्‍याप जन्मियो, जहाँ राजनीतिक-सामाजिक विसंगति, प्रेम, पीडाका कथा गाइए । यसरी विश्वभरि नै एउटा पुस्ताको अभिव्यक्तिको माध्यम बनेको छ- र्‍याप ।

नेपालमा पनि समयक्रममा र्‍याप भित्रियो । नेपाली र्‍यापको गोरेटो गिरीश खतिवडा, सुदिन पोखरेल, यमबुद्ध, आशिष रानामगर (लाहुरे), लिटिल बुद्ध, बालेन, सुभान गुरुङ, निर्णय श्रेष्ठ, एम सी फ्लो, सुरेन्द्र भण्डारी (जी बब), राजेन्द्र भट्ट (आर जे), प्रवेश रायमाझी, भियोमा, लिटिल गर्लहरूले फराकिलो बनाएका छन् ।

यही मार्गका एक उल्लेखनीय बटुवा हुन्- समीर घिसिङ अर्थात् भिटेन ।

●●●

समीर घिसिङलाई भिटेन बनाइदिएका थिए, उनका सहचालक मित्र सुजन तामाङले । बाबुआमा नभएका, दुःखी साथीसँग खुब नजिक थिए, समीर । उनी समीरलाई बोलाउँथे- 'ओ भिटेन सुन् !' ती प्रियजन अचानक जीवनबाट हराए । कहिल्यै भेटिएनन् । स्टेजमा भिटेन ती साथीको सम्झनामा गाइरहेकै छन्- 'खलासी...' । गीत भन्छ- *'मलाई भन्छ सबैले खाते/मलाई भन्छ सबैले हरामी/कतिले चाहिँ भन्छ खलासी !'*

भिटेनको हातमा, घाँटीमा, शरीरका अन्य स्थानमा खोपिएका छन् अनेक चित्र, अनेक अक्षर । ती ट्याटुमार्फत उनी मनका पीडा र भावना मान्छेहरूलाई पढाउन चाहन्छन् । एड्रे, इमिनेम, गिरीश खतिवडालाई सुनेपछि भिटेन र्‍याप-संसारमा प्रवेश गरे । इमिनेमको समर्पण-समर्थनमा उनले हातमा गाढा ट्याटु खोपाएका रहेछन्- 'मिट्स इभिल' अर्थात् इमिनेमको ब्यान्ड र 'डी-१२' अर्थात् इमिनेम-क्रिउ ।

भिटेनका गीत युट्युब प्लाटफर्ममा करोडौं युवाले हेर्छन्, गुनगुनाउँछन् । उनका गीत सुन्नै हुन्न भन्ने पनि छन् । यो सत्य हो । तर, तिनै गीतलाई जीवन-गीत मान्ने पनि छन् । यो पनि सत्य हो । जसरी जुन शैलीमा होस्, उनले गाउने गीतका शब्दमाथि अनेक बहस चलिरहेकै छन् । तर, एउटा ठूलो पंक्ति उनलाई प्रेम गर्छन्, उनको समर्थन गर्छन् । र, जो भिटेनका लागि जे गर्न पनि तम्सिन्छन् । करौडौं फ्यान मात्रै होइन, भिटेनलाई 'हेट' गर्नेहरूको संख्या पनि सानो छैन । जस्तो, एउटा पुरानो घटना यस्तो छ- पोखराको एक कन्सर्टमा भिटेनलाई ढुंगा हानियो । त्यति मात्र होइन, भिटेनको विपक्षमा गीत नै पनि गाएका छन्- डिजे सेभेन र स्याडी पोपटले ।

एउटा गीत रिलिज भएपछिको कथाले अझै उनलाई झस्काइरहन्छ । उनले जीवनमा सायदै सोचेका थिए- गीत गाएरै पनि पक्राउ परिन्छ ! आफ्नो पुस्ताको भाव-अभाव गीतमा गाउने भिटेनले पक्राउ परेपछि कारागारको चिसो भुइँमा सोचिबसे, 'मेरै र मजस्तै केटाकेटीको सपना, तनाव र रोमाञ्च गाउँदा पनि जेल परिँदोरैछ नि त ! यो देश मजस्ता युवाहरूको थलो होइन रैछ कि के हो हँ ?'

'हामी यस्तै त हो नि ब्रो' गीत गाउँदा उनले जेल-यात्रा गरेका थिए, जीवनमै पहिलो पटक । गीतको शब्द छ- *'हामी यस्तै त हो नि ब्रो/जहिले यस्तै त हो नि हो/ठीकठाक आफ्नो ठाउँमा बस्छु/राम्रो गाउन सक्छु/खासमा यस्तै त हो नि हो/हामीलाई के सोचेको होला/अघि बढिसक्यो हेर भोटेको छोरा/हाँस्छु हसाउँछु म, नाच्छु नचाउँछु/चिल्याक्स पारामा मासु चपाउँछु/झाडु लगाउँछु म, डाडु ठटाउँछु/पार्टी हान्न आइज बरु, दारु मगाउँछु ।'* यो गीत गाएपछि युवाका ढुकढुकी उनी सरकारको आँखामा 'अपराधी' थिए । सरकारको बुझाइमा यी युवाले गीत गाएरै 'अपराध' गरेका थिए । 'त्यसबेला खुब सोचेको थिएँ- यो मेरो देश मैले बुझेजस्तो, सोचेजस्तो होइन रैछ', भिटेन भन्छन् । उसबेला बहस-विमर्श चलेको थियो- के गीत गाउनु, कला सिर्जना गर्नु पनि अपराध हुन्छ, असहनशील राज्यका नजरमा ? यो घटनाले पनि भिटेनलाई लाग्यो, नदीको पानी ढुंगामा ठोक्किएजस्तै बगिरहेको जीवन पनि पहरामा ठोक्किँदो रैछ ।

जंगलटोल (रौतहट, चन्द्रनिगाहपुर) को एउटा छाप्रोमा जन्डिसग्रस्त बालक जन्मेका थिए- भिटेन । टोल-गाउँका मान्छे, आफन्तहरू ती गुथुमुने बालकलाई हेर्न आउँथे- मुख हेर्दै फर्किन्थे । फर्किनेको लर्कोले एउटै वाक्य दोहोर्‍याउँथ्यो, 'ह्या यो बाँच्दैन, उँभो लाग्दै लाग्दैन ।' मध्य असारको एक मध्याह्न आफ्नो कथा खोतल्दै छन् भिटेन, 'म त लास्ट स्टेज टाइपको क्या ! शरीर पहेंलो आँपजस्तै फतक्कै पाकेको । त्यस्तो थिएछु, जन्मिँदा । साह्रै दुब्लो-पातलो-लुरे । यस्तो बेला आमाको मनमा कति चोट पुग्यो होला ! र पनि आमाले मलाई बचाउन कुनै कसर छोड्नु भएन ।'

औषधि-जडिबुटीले बिस्तारै ठीक भएछ जन्डिस । उनी जन्मे-हुर्केको त्यो सुन्दर जंगलटोल धेरै फेरियो । मान्छेहरू लाखापाखा लागे, जसरी भिटेन पनि चराजस्तै उडे गाउँबाट काठमान्डु सहरमा । उनी अहिले गीति उडानमा छन् ।

सहर अनगिन्ती डिप्रेसनहरूको कोलाज हो । युवाहरू डिप्रेसनग्रस्त छन् । राजनीति, करिअर, प्रेम, पैसा... तिनलाई डिप्रेसन दिने चिजको कुनै कमी छैन । ती 'डिप्रेस्ड' युवाका अनेक इच्छा छन् । कष्टकर जीवन, यौवनको उन्माद, मादकता, प्रेम, दुःख, गरिबी सबै बाटो हिँडेर तिनीहरू जीवनको उज्यालोमा प्रवेश गर्न चाहन्छन् । तिनैका दर्शन, मनोविज्ञान र जीवन-कविता हुन्- भिटेनका गीत । भिटेनको मेनुमा 'हामी यस्तै त हो नि ब्रो', 'बैनी...', 'लफंगा...', 'कथा...', 'मान्छे खत्तम...', 'डन्ट जज मी', 'यात्रा', 'रेडी म', 'हालखबर', 'गल्ली सडक', 'चुरोट' जस्ता थुप्रै गीत छन्, जसले युवाका तनाव, हतासा, दुःख, पीडा, सकस, सपना, अभाव, भावका कथा वाचन गर्छन् ।

गीत गाउनु, कला सिर्जना गर्नुलाई केहीले 'मान्छेको कुण्ठाको विसर्जन' मानेका छन् वा कोही भन्छन्- त्यो हो 'आफू' खोजको बाटो । भिटेनका गीतलाई मान्छेहरूले कुण्ठै-कुण्ठाको पहाड पनि भने । 'मेरो मस्तिष्कमा वेदका ऋचाहरू छन्' सोच्ने मान्यजनले भनेझैं यदि भिटेनका गीत कुण्ठै हुन् भने पनि वा ती सिर्जना अस्थिरताको परिणाम हो भने पनि त्यो अस्थिरता र कुण्ठामार्फत युवाका सपना र तिनका मनो-संसार व्यक्त भइरहेको मान्नुपर्छ ।

●●●

भिटेनको स्वप्न-विचरणमा गाउँ बसिरहेकी आमा आउँछिन्- उनी जंगलतिर बरालिइरहेका हुन्छन् वा आमा काम गर्ने इँटाभट्टाको चिम्नीबाट निस्किरहेको बाक्लो धूवाँ हेर्दै उभिइरहेका हुन्छन् वा त्यो धूवाँको गन्ध सुँघिरहेका हुन्छन् । भिटेन सोचिबस्छन्- सपनाको इतिहास र धरातल हुन्छ, आफ्नै मस्तिष्कको इतिहास नै सपना हो । एकैछिन उनको सपनामा दोहोरिइरहने, तर बालापनको इतिहासतिर विचरण गरौं ।

उनकी आमा हेमकुमारी थापामगरको बिहे १६-१७ वर्षको उमेरमा भयो । भिटेन सानै छँदा साउदी गएका बुबा कपिल तामाङ ३/४ वर्षमा एक पटक गाउँ आइपुग्थे । घर फिर्दा भिटेनका आँखाले बुबालाई 'अजनबी' देख्थे- यो बुबा भन्ने को मान्छे रैछ ? असलमा उनले बाल्यकालमा नजिकबाट बुबालाई अनुभव गर्नै पाएनन् । कमाएको पैसा डुबाएर सदाका लागि गाउँ फिरे बुबा । र, घरको अति दयनीय आर्थिक अवस्थामा कदापि सुधार आएन ।

उनकी आमा २४ सै घण्टा चिन्तामा हुन्थिन्- ज्यालादारी कामको चिन्ता, साना छोराछोरीको चिन्ता, हातमुख जोड्ने चिन्ता । चिन्तैचिन्ताको भारी बोकी उमेरको उकालो हिँडिरहेकी आमाको जीवन सम्झेर दिक्क मान्छन् भिटेन । भन्छन्, 'कहिले पो सुख पाइन् र मेरी आमाले ?' मामाघरनजिकै भिटेन र उनकी आमा भाडाको घरमा बस्थे, जहाँ थिए, हिमालझैं ठडिएका अभाव, दुःख र बेचैनी । त्यतिले नपुगेर, मानौं, दुःखको बोनस दिन कोठामा मुसाको बथान दौडिन्थ्यो राति । र, एउटी अभावग्रस्त आमाले जोगाएर राखेका थोरै अन्न र गेडागुडीमा मुसाहरू धावा बोलिदिन्थे । त्यसपछि ...?

त्यसपछि, आमा खुब रुन्थिन् ।

आमा रोएका बिहान र साँझहरू भिटेन खुब याद गर्छन् । आँसुसँगै ढिँडो र गुन्द्रुक मुछेर भिटेनलाई बोर्डिङ स्कुल पढाइन् हेमकुमारीले । उनी पाँच कक्षासम्म बोर्डिङ पढे । दुःखले घेरिएकी आमाले मासिक फि तिर्न सकिनन् र सरकारी स्कुल भर्ना भए । त्यसपछि भिटेनको पढाइले खासै गति लिन सकेन । क्लास बंक गर्न च्याम्पियन भए । 'सानोमा आमाले रहरैरहरमा हाल्दिनुभयो होला बोर्डिङमा । त्यसपछि सक्नु भएन । मैले पनि राम्ररी पढ्न सकिनँ । बोर्डिङ स्कुल पढ्ने लेबल नै होइन नि ब्रो हाम्रो,' भिटेन भन्छन् ।

कहिलेकाहीं हेमकुमारी बिरामी हुँदा अवस्था जटिल बन्थ्यो । घरमा न अन्नको गेडो हुन्थ्यो, न सिटामोल किन्ने पैसा । रातभरि हनहनी ज्वरोमा बर्बराउँथिन् उनी । सरसापटमै चलिरहेको थियो, घरको गाडी र जिन्दगीको पाङ्ग्रा । भिटेनका खासै साथी थिएनन् । उनी एक्लै-एक्लै गाडीका पुराना पाङ्ग्रा गुडाइरहन्थे, घर वरिपरि । एक्लो बसिरहने त्यो बानीले उनलाई 'चुपचाप' स्वभावको बनायो । भिटेनकी दुई बहिनी छन् । घरमा बुबाको अनुहारै नदेखी हुर्केका उनलाई, बहिनीहरूलाई बुबाको अभाव खट्किन्थ्यो । 'अरूका बुबा देख्थें, मेरो देख्दिनथें, बोर लाग्थ्यो नि ब्रो !,' भिटेन भन्छन् ।

गाउँमा केटाकेटी भिडियो गेम खेल्थे, फुटबल खेल्थे । भिटेन न गेम खेल्थे न फुटबल । घरमा टीभी थिएन, टीभी हेर्न अरूको घरमा जानुपर्थ्यो । 'टीभी हेर्न आयो' भनेर गाउँलेहरू उनलाई तिघ्रामा, ढाडमा, आँखामा सिन्काले घोचिदिन्थे । 'भित्ताको प्वालबाट चियाएर पनि टीभी हेर्‍यो' भनेर त्यो प्वाल नै थुन्दिन्थे ।

भिटेन सानो छँदा घर उनकी आमाले चलाइन्, ज्यालादारी काममा जान्थिन्- घर निर्माणको काममा पुग्थिन् । दैनिक सय रुपैयाँ ज्यालाले उनी महिनाभरिको घर चलाउँथिन् । जे भेट्यो त्यही काम गर्थिन् । घरी एकाबिहानै जंगल गएर दाउरा खोज्थिन् या रूख काट्थिन् र बेच्थिन् । घर बनाउने ज्यालादारी काममा खटिएकी आमाका लागि खाना पुर्‍याउन जान्थे भिटेन । 'आमा थाकेर या पसिनाले लखतरान परेको देख्थें म,' भिटेन भन्छन् ।

भिटेन पनि आमाको पछिपछि दाउरा काट्न जंगल गए निकै पटक । 'अब छोरो ठूलो भयो' सोचेर उनलाई बन्चरो दिएर आमाले दाउरा काट्न पठाउने गरेको याद छ । सँगै जंगल गएका साथीहरू साइकलमा दाउरा ओसार्थे । तर, उनको त साइकल थिएन । टाउकोमै वा भारी बोकेर दाउरा घर ल्याउँथे उनी । त्यो दाउरा नजिकका होटलहरूमा बेचिन्थ्यो, दैनिक । यसरी १० देखि २० रुपैयाँसम्म पाइन्थ्यो र घर चल्थ्यो- बेलुका कमाए बेलुकालाई पुग्थ्यो, बिहान कमाए बिहानलाई ।

'मेरो जीवनै त्यसरी चल्यो यार,' भिटेन भन्छन्, 'जीवन भन्नु नै यही साँघुरो घेरा रैछ भन्ने लाग्थ्यो ।'

दिउँसै अँध्यारा ती जंगलका भित्री कथा अर्कै हुन्थे । जंगलमा जंगली जनावरबाट त सुरक्षा हुँदैनथ्यो नै, मान्छेहरूबाट पनि डराउनुपर्थ्यो । बरोबर मान्छेको लास भेटिन्थ्यो भित्री जंगलमा । जंगल पुगेकी आमा घर आउलिन्/नआउलिन्को त्रासमा रहन्थे भिटेन जहिल्यै ।

आमा पर्खेर बहिनीहरूका लागि खाना पनि पकाइरहेका भिटेनका आँखा दैलोतिरै अड्किएका हुन्थे- आमा आइन् कि भनेर झस्किरहन्थे । बिहानै निस्किएर काममा हिँडेकी आमा रात गाढा भएपछि मात्रै घर फिर्थिन् । बिरामी पर्दा पनि, शरीर गल्दा पनि उनकी आमाले चैनको सास फेर्न पाइनन् ।

सायद काम, काम र केवल कामले हो, भिटेनको शब्दमा उनकी आमा 'डेन्जर रिसाउँथिन्' र रिसाएपछि उनलाई 'डेन्जर कुट्थिन्' । उसबेलै भिटेनले दुनियाँदारी देखे । एक्लै घर धानिरहेकी महिलालाई यो बदनियतवाला समाजले कुन नजरले हेर्दोरहेछ भन्ने पनि अनुभव गरे ।

एउटा घटनाले असाध्यै पोल्छ भिटेनलाई आजका मितिसम्म । उनकी एक बहिनी सानोमै दुर्घटनामा परेकी थिइन्- उनको दुवै हात आगोले जलेको थियो । उनका हातमा औंलाहरू छैनन् । भन्छन्, 'त्यो घटनापछि थप दुःख पायो मेरो परिवारले । र, आमामा थप पीडा थपियो ।'

बाल्यकालको सम्झना-आँखीझ्यालबाट चियाउँदा त्यहाँ सुखको कुनै पनि चिह्न भेट्दैनन् भिटेन । 'कुनै आवश्यकता पूरा नभएको बाल्यकाल कसरी खुसी र सुखी ?,' भिटेन भन्छन्, 'अहिले पनि मैले नै कडा संघर्ष गर्नुपरेको छ । त्यो संघर्ष परिवारका लागि गर्नुपरेको छ ।'

गरिब भएर जिउनु सकस रैछ– भिटेनको भोगाइ निष्कर्ष हो यो ।

साउदीबाट फिरेका उनका बुबाले फर्निचर खोलेका थिए । उनले पनि त्यहाँ काम गर्नुपर्‍यो । स्कुल छुट्यो, दिनैभर फर्निचरमा भुल्दा । 'स्कुल जा पनि भनेनन् बाउले' भन्ने चित्तदुखाइ अझै छ उनीसँग । काम गरे खुसी हुन्थे रे बुबा । अब भिटेनकी आमा पनि रोगी भइन् । भिटेनको मस्तिष्क-कोषमा आमाका ती दिन यस्तो छ- 'टाउको दुख्यो' भन्दै टाउको समाएर जुनैबेला ओछ्यानमा सुतिरहेकी आमा । 'अहिले पनि बेडको बेड नै हुनुहुन्छ । महिनामा दुई पटक काठमाडौं उपचारका लागि आइरहनुहुन्छ आमा । मैले देख्ने-बुझ्ने भएदेखि नै आमालाई सन्चो छैन । टाउकोमा समस्या छ,' भिटेन भन्छन् ।

भिटेन यसरी उनकै शब्दमा किशोरावस्थामै 'खत्तम भएर हिँडेका थिए'- बाटातिर प्लास्टिक टिप्दै, मान्छेहरूसँग पैसा माग्दै, फलाम टिप्दै । 'तर, स्ट्रगल गरेर पनि कहीँ पुग्दोरहेनछ मान्छे,' उनको दिक्दारी बोल्छ ।

●●●

र्‍याप-गीत र संगीत उनले संगतबाटै हासिल गरे- साथीहरूबाट, यताउताबाट । घरमा उनले सुनेको तामाङ सेलो र हिन्दी गीत मात्रै हो । घरमा टीभी भएका साथीहरूले सीडीमा फिल्म देखाउँथे । टिभीमा हेरेर बी बोइङ गर्दागर्दै उनको मनमै बस्यो र्‍याप । सुरुदेखि नै हिप–हप, र्‍याप आफ्नोजस्तो लाग्यो भिटेनलाई । 'भन्छन् नि इजी क्या,' भिटेन भन्छन्, 'रियल लाइफ के रैछ त ? यो संसारमा दुःख मात्रै हो त ? यस्तो सोचाइले आफैं गीत लेख्न थालें ।'

ऊबेलै फलाम टिप्दा डायरीका पानाहरूमा कोरिएका कविताका कच्चा पदार्थ नै अहिले उनका चर्चित र्‍याप गीत भएर बजेका छन् । पहिला उनले आफ्नै साथी-सर्कलसँग टिम मिलाएर गीत गाए । उनको टिमलाई उनी ब्यान्ड होइन, 'ग्रुप' भन्न रुचाउँछन् । 'ड्रिमर्स अबेक' त्यो ग्रुप हो, जोसँग उनी सहकार्य गर्छन् । ग्रुपमा सबैजना र्‍यापर छन् ।

बहिनीको हात जल्नु, आमा बिरामी भइरहनु, घरमा आर्थिक तनाव हुनुले भिटेनलाई फराकिलो सपना देख्न दिएन । बहिनीको हात जलेको र बुबा खाडी भासिनुपरेको कथा गाएका छन् उनले अटोबायोग्राफिकल गीत 'कथा' मा । गीतमा उनी भन्छन्- *'बाटो खोज्दा बाटो पाइनँ/फल्ने फुल्ने माटो पाइनँ/सायद भूल गरें, भगवान् गुहार्दै मन्दिर धाइनँ ।'*

यसरी र्‍यापमा उनी आत्मालाप गर्छन् । 'ठूलो सपना देख्न पनि त औकात चाहिन्छ नि, ब्रो !' जिन्दगीले उनलाई सिकाएको पाठ हो यो । बुबाले साउदीबाट कमाएर ल्याएको थोरै पैसा पनि सकियो । एकदिन भिटेनलाई उनका बुबाले भने, 'लौ केटा अब तँ कमाउन जा । जे गर्, तर कमाएर ल्या ।'

बाँकी पृष्ठ ख मा

प्रकाशचन्द्र तिमिल्सेना



गीत, नदी र जिन्दगीमा केही समानता भेटेका छन् भिटेनले, केवल नदीजस्तै बग्नु रैछ जीवन भन्ने दर्शनबोध छ उनलाई

# ‘आफूलाई आफैं भएर मात्रै चिन्न सकिन्छ’

**लेखक सरस्वती प्रतीक्षाको नयाँ उपन्यास ‘स्व’ प्रकाशित छ। किताबमा मान्छेका तनाव र बेचैन हृदयका कथा छन्। उपन्यासकार मान्छेहरूलाई सोध्छिन्– के तपाईंले जीवनमा ‘स्व’ भेट्नुभयो ? ‘स्व’ खोजको विषयमा प्रतीक्षासँग वार्ता :**




**‘स्व’ पढेपछि लाग्छ, पहिलो उपन्यास ‘नथिया’ को सामाजिक परिवेशबाट तपाईंको लेखनी दर्शन र अध्यात्मतिर सर्लक्कै सरेको छ। बाटो फेर्ने यो लेखकीय यात्राको कारण के हो ?**

सामाजिक विषयवस्तुमा लेखिएको उपन्यास अत्यधिक मन पराएका पाठकले सोही स्वादको अर्को उपन्यास पर्खनु स्वाभाविक थियो। हरेक लेखकको नयाँ किताब नयाँ नै हुन्छ भन्ने हुँदैन, धेरैजसो त आफ्नै पुरानो किताबको पुनरावृत्ति मात्रै हुन्छ भन्ने कुराले मलाई हरपल झस्काइरहन्थ्यो। नयाँ किताबमा केही न केही नयाँपन महसुस गरून् पाठकले भन्ने ध्येय थियो। यसैले पनि मैले फरक विषयवस्तु र फरक स्वादको किताब लेख्ने प्रयास गरेकी हुँ। मेरो रुचि दर्शनमा र स्वभाव आध्यात्मिक छ। त्यसैले रुचि, स्वभाव र रुझानजन्य किताब लेखेकी हुँ। खासमा लेखन यात्रामा बाटो फेरेको होइन, बाटो हिँड्दै गर्दा देखिने परिदृश्यहरू फेरेकी हुँ। यो वा त्यो रूपमा ‘नथिया’ की सामलीको यात्रा पनि स्वोन्मुख यात्रा नै थियो। ‘स्व’ मा सप्तमको यात्रा पनि स्वोन्मुख नै छ। ‘नथिया’ जीवनको सामाजिक यात्रा हो भने ‘स्व’ जीवनको अन्तर्यात्रा। दुवै जीवनका यात्रा हुन्।

**समसामयिकता र दर्शनलाई एकसाथ अन्तरघुलन गरेर उपन्यास लेख्नु जटिल विषय हो। यो जटिलतालाई पार गर्न कसरी अघि बढ्नुभयो ?**

समसामयिकता र दर्शनलाई एकसाथ अन्तरघुलन गरेर उपन्यास लेख्नु चुनौतीपूर्ण हो, उत्तिकै रोमाञ्चक पनि। सलल्ल बग्ने कथालाई कथाको लय भंग हुन नदिई पात्रहरूलाई दर्शनको यात्रामा हिँडाउनु गाह्रो काम त हो नै, तर असम्भव होइन। उपन्यासमा मैले उठाउन खोजेको दार्शनिक प्रश्नबारे म स्पष्ट थिएँ, अर्कोतिर मसित एउटा मुख्य कथा र सातवटा उपकथा थिए। यी दुवैलाई एकसाथ मिलाउँदा जुन रंग निस्कियो, त्यो रंग नै ‘स्व’ को रंग हो। यी दुवैलाई एकसाथ मिलाउँदा जुन स्वाद निस्कियो, त्यो स्वाद नै ‘स्व’ को स्वाद हो।

हिमाल आरोहीहरू सगरमाथाबाट ओर्लनु सगरमाथा चढ्नु जत्तिकै चुनौतीपूर्ण हुन्छ भन्छन्। साहित्यमा पनि कल्पनाको उडान भर्नु जत्ति जटिल कार्य हो, उक्त उडानको सुरक्षित अवतरण उत्तिकै जटिल र जोखिमपूर्ण कुरा हो। यसका लागि मलाई म्याजिकल रियालिजमले सघायो। हुन त साहित्यिक अवधारणा, वाद र सिद्धान्तहरू साहित्यभन्दा पछिपछि हिँड्छन् भनिन्छ, तर कहिलेकाहीं यी अवधारणा, वाद र सिद्धान्तको आविष्कारले साहित्यकारको यात्रालाई निकै सहज बनाइदिन्छ। यस अर्थमा म्याजिकल रियालिजमले मेरो लेखनलाई सजिलो बनाइदिएको सत्य हो।

**‘स्व’ को मुख्य पात्र पुरुष हो र सहायक पात्र महिला। ‘स्व’ को खोजमा पुरुष अगाडि छ र महिलाको अनिर्णीत भावदशामा उपन्यास टुंगिन्छ। जबकि, महिला पात्रलाई मोक्षको अधिकारी बनाउने अवसर पनि तपाईंसँग थियो। कल्पनामा पनि किन पुरुषकै पक्षपोषण ?**

सरसर्ती हेर्दा ‘स्व’ को मुख्य पात्र पुरुष हो र महिला सहायक पात्र तर ‘स्व’ को बलियो पात्र महिला हो र कमजोर पात्र पुरुष। दुवै प्रेममा छन्, तर सप्तम काव्यामाथि पूरै आश्रित छ। काव्या भने सप्तममाथि आश्रित छैन। सप्तममा काव्यालाई गुमाउनुको डर हाबी छ र त्यही डरको कारण ऊ ससाना कुरामा झगडा गरिबस्छ। अर्कोतिर काव्या प्रेम र स्वतन्त्रतामध्ये कुनै एउटा छान्नु परेको दिन म स्वतन्त्रता छान्नेछु भन्छे ठाडै। ऊ निकै शान्त, गम्भीर र बुज्झकी छे। सप्तम मात्र होइन, ‘स्व’ का अधिकांश पुरुष पात्र कमजोर छन्, अधैर्य छन्, कतै छटपटीमा छन्, कतै हिंस्रक। कोही त समाजले लगाएको आरोपबीच आफ्नो मानसिक विचलन थेग्न नसकेर आत्महत्यासमेत गर्छन्। यो त काल्पनिक संसारको कुरा भयो। वास्तविक संसारमा पनि तथ्यांक अनुसार महिलाभन्दा बढी पुरुषहरू मुटु रोगको सिकार छन्। आत्महत्या बढी पुरुषहरू नै गर्छन्। छोटो आयु पनि पुरुषकै हुन्छ। जब यो वा त्यो कारणले पुरुष एकल हुन्छ, ऊ तुरुन्त असहाय भएर सहारा खोज्न सुरु गर्छ। जबकि त्यही परिस्थितिमा एउटी महिला छ भने ऊ एक्लै संघर्ष गरेर आफ्नो नूतन अस्तित्व खडा गर्न सक्छे।

‘स्व’ ले गर्न खोजेको अर्को मौलिक प्रश्न हो- ‘हर युगमा पुरुषको सोच र खोजको मूल्य किन स्वास्नीमान्छेले नै चुकाउनुपर्छ ? के स्वास्नीमान्छेको स्व हुँदैन ? के स्वास्नीमान्छेको स्वको कुनै मूल्य हुँदैन ?’ यो वास्तविकतालाई जस्ताको तस्तै देखाउन पनि ‘स्व’ मा मुख्य पात्र पुरुष बनाइएको हो।

**नेपालको सामाजिक, सांस्कृतिक र आध्यात्मिक पृष्ठभूमिमा ‘स्व’ का पात्रहरू मज्जैले भिजेका छन्। यति हुँदाहुँदै स्वैरकाल्पनिक जगत्को निर्माण गरेर मध्यान्तरपछि बोधको यात्रालाई बढाउने काम गर्नुभएको छ। यो रचनाविधानको आवश्यकता अपरिहार्य थियो कि त्यो एक लेखकीय सुविधाको प्रयोग मात्रै हो ?**

भन्न त हामी मान्छे यथार्थमा बाँच्छ भन्छौं, तर मान्छे एकसाथ यथार्थ र कल्पनामा बाँचिरहेको हुन्छ। कुनै मूल्य नै नभएको एउटा कागजको टुक्रामा काल्पनिक मूल्य स्थापित गर्छौं र त्यसलाई पैसा भन्छौं। पैसाबाट त्यसको काल्पनिक मूल्य हटाउनासाथ त्यो फगत एक कागजको खोस्टो न बन्छ। ढुंगा कुँदीकुँदी मूर्ति बनाउँछौं र त्यसैमा काल्पनिक ईश्वर स्थापित गरेर पूजा गर्छौं। केही मान्छेहरू यो जन्ममा पाप गरे अर्को जन्ममा दुःख पाइन्छ भन्ने काल्पनिक डर आफैंभित्र रोप्छन् र त्यही डरको वशीभूत भएर पाप गर्नबाट आफैंलाई रोक्छन्। खाडीमा बसेर काम गरिरहेको एउटा नेपाली हरबिहान भावनात्मक रूपमा आफ्नै गाउँघरको ओछ्यानमा ब्युँझिन्छ। हामीले जुन जीवनलाई यथार्थको जीवन भनेर बाँचिरहेका हुन्छौं, त्यसमा आधाभन्दा बढी जीवन त कल्पनामै बितिरहेको हुन्छ। यसर्थ पनि साहित्यमा स्वैरकाल्पनिक जगत्को निर्माण एकदम सामान्य लाग्छ मलाई। ‘स्व’ मा स्वैरकाल्पनिक जगत्को निर्माण पनि लेख्दालेख्दै स्वाभाविक रूपमा आएको हो।

**एक लेखकका रूपमा ‘स्व’ को शक्ति र सीमा केलाई मान्नुहुन्छ ?**

‘स्व’ मा बौद्ध दर्शनको फ्लेवर मात्रै छ, दर्शन र दर्शनको व्याख्या छैन। चाहे बौद्ध साहित्यको होस् वा क्वान्टम फिजिक्सको, चाहे मनोविज्ञानको होस् वा अध्यात्मको, यसमा ती सबै विषय उपकरणका रूपमा प्रयोग गरिएका मात्रै हुन्। मुख्य काया त आख्यानकै छ। कथा र कथाहरूको प्राण नै ‘स्व’ को प्राण हो। अब के-केलाई शक्ति मान्ने र के-केलाई सीमा ? त्यो छुट्याउने जिम्मा तपाईंहरूकै !

**प्रत्येक कथा प्रकारान्तरले लेखककै कथा हो भन्ने एउटा दृष्टिकोण पनि छ, भलै यसमा प्रशस्त कल्पनाको प्रयोग नहुने होइन। त्यस हिसाबले, ‘स्व’ मा तपाईंको अनुभव बढी छ कि कल्पना ?**

‘नथिया’ लेख्दा धेरै अर्थमा म लेखक भइकन पनि साक्षीभावले उक्त किताब लेखें। ‘स्व’ लेख्दै गर्दाको मेरो अनुभव ठीक उल्टो छ। यो किताब मेरो सोच, अनुभव, अनुभूति, रुचि, रुझान, बोध सबको नजिक रहेको हुनाले मैले तटस्थभावमा यो लेख्न सकिनँ। किताबमा लेखकले मन, मनोदशा र मनोविज्ञानको कुरा पनि गर्नु र आफ्नो मनको ढोका बन्द पनि गर्नु ! त्यो त कदाचित सम्भव नै थिएन। विशेषगरी नारी पात्रहरूको कथामा म यो वा त्यो रूपमा आफूलाई पाउँछु। चाहे काव्या होस् वा अँधेरी, चाहे सुशीला होस् वा वैदेही, कुनै न कुनै रूपमा म र मेरै आसपासका साथीहरूको कथा छ त्यसमा।

**‘स्व’ पाउनु भनेको ‘मोक्ष’ मिल्नु हो। मोक्षसँग अनेकन दर्शन, धारणा र मतहरू छन्, जो कहींकहीं आपसमा विरोधाभासपूर्ण पनि छन्। तपाईंको विचारमा ‘स्व’ के हो ?**

मेरो विचारमा ‘स्व’ आत्मपरिचय, आत्मअन्वेषण र आत्मबोध हो। धरतीको इतिहासमा मानिस मात्र यस्तो प्राणी हो, जसले स्वचिन्तन गर्ने क्षमता राख्छ। यही स्वकेन्द्रित क्षमताको कारणले मानव सभ्यता, संस्कृति, धर्म, दर्शन, कला, साहित्य र इतिहासको जन्म भएको हो। विश्वको समस्त दर्शन स्वअन्वेषण र स्वअन्वेषणको प्रयास हो। यजुर्वेदको ‘अहम् ब्रह्मास्मि’, ऋग्वेदको ‘प्रज्ञानम् ब्रह्मा’, सामवेदको ‘तत्त्वमसि’ र अथर्ववेदको ‘अयमात्मा ब्रह्मा’ अर्थात् वेदान्तका चार महावाक्य स्वबोधका परिणाम हुन्। केही वर्षको जेठो-कान्छो भई एउटै कालखण्डमा जन्मेका बर्दमान महावीर र गौतम बुद्धका कैवल्य ज्ञान र संबोधी ज्ञानको खोज स्व-केन्द्रित थियो। दुवै राजपरिवारका सुखसयल त्यागी तपस्वी बनेका थिए।

जीवनमा मानिसले मोक्षको खोज, निर्वाणको खोज, मुक्तिको खोज वा सांसारिक सपनाहरूको खोज- जे गरे पनि यथार्थमा ती सबै मानवीय स्वका आवृत्तिहरू हुन्। स्व जीवन हो। जीवन अस्तित्व हो। जीवन सार हो।

**‘स्व’ मा एउटा निर्णायक दृश्य वा क्षणको वर्णन गर्न सक्नुहुन्छ ? जसले उपन्यासको सारलाई समेट्छ ?**

गन्धकुटीबाट फर्केर आइसकेपछि पनि जब सप्तम स्वको खोजीमा फेरि अलप हुन्छ, त्यो अलप हुने निर्णय लिनुअघि उसले गरेको मनोवाद एकदमै महत्त्वपूर्ण छ। हो, गन्धकुटीमा बुद्धका विचार र दर्शन घुलित कथाहरूले उसमा धेरै परिवर्तन ल्यायो, उसको चेतन मन र अवचेतन मन बीचको द्वन्द्व समाप्त भयो, तर उसले स्व प्राप्त गर्न सकेन। बुद्ध र बुद्धजनहरूले देखाएको उज्यालो पनि उसका निम्ति काफी भएन। अन्तमा ऊ बुद्धको बाटो पनि छोडेर स्वयंको मौलिक बाटोको खोजीमा हिँडेको छ। सप्तमले मनको प्याडमा लेखेको एउटा वाक्य छ, ‘संसारका प्रत्येक मानिसले आफूलाई आफैं भएर मात्र चिन्न सक्छ, अरू भएर वा अरू हुने कोसिस गरेर चिन्न सक्दैन।’ आफ्नो अस्तित्वको सवालमा मौलिकताको खोजी गर्नुपर्छ र त्यसका लागि आफू आफू जस्तै हुनुपर्छ भन्ने भावलाई सप्तमको अन्तिम अलपले दर्शाउँछ।

**‘स्व’ उपन्यासमा राजनीति र भौतिकता जस्ता विषय छुटेका छन्। यस सम्बन्धमा तपाईं के भन्नुहुन्छ ?**

कहाँ यी दुई विषय मात्रै छुटेका हुन् र ? संसारकै सबैभन्दा लोकप्रिय खेल फुटबलदेखि क्रिकेटका कुरा छुटेका छन्। सेयर बजारदेखि सहकारीका समस्याका कुरा छुटेका छन्। जे विषयमा उपन्यास लेखिन्छ, त्योबाहेकका अरू कुराहरू छुट्नु स्वाभाविकै हो। त्यसो त जीवन आफैंमा एक भौतिक संयोजन हो। म आफैं पनि राजनीति र भौतिकीप्रति सचेतता राख्छु। तर, ‘स्व’ को विषय केही भिन्न छ। भौतिकताले मात्रै स्वको प्राप्ति नभएपछि र खुसी हुन नसकेपछि मान्छेले आध्यात्मिकताको यात्रा सुरु गर्छ। भौतिकताले परिपूर्ण हुँदैमा जीवन अर्थपूर्ण हुन्थ्यो भने सपनाको देश भनिने अमेरिकामा सन् २०२३ मा मात्र पचास हजारभन्दा बढी मान्छेहरूले आत्महत्या गर्ने थिएनन्। हामीकहाँ पनि एन्जाइटी र डिप्रेसन महामारीका रूपमा फैलँदो छ। यो सबबीच उपन्यासले उठाउन खोजेको विषय भनेकै भौतिक विज्ञान र अध्यात्मबीचको मिलनबिन्दु हो। जहाँसम्म राजनीतिक धारणा वा विचारका कुरा छन्, ती फरक औपन्यासिक विषय हुन्। प्रारम्भिक पाण्डुलिपिमा थियो, पछि ‘स्व’ जस्तो उपन्यासमा राजनीति र राजनीतिक टाइमलाइन आवश्यक छैन भन्ठानेर त्यो विषय जानी-जानी हटाइएको हो।

# आप्रवासीका नवोदित कथाकार

**नेपाल र अमेरिकाको जीवनशैली बरोबर चित्रण गरेका रञ्जनका पात्रहरूको एउटै समानता हो- ती जम्मै नेपाली हुन्।**



**किताब र लेखक**

**घनश्याम खड्का**

एउटा लेखकले आफ्ना पात्रहरूलाई दिनुपरे के उपहार देला ? उत्तर दिनुअघि रञ्जन अडिगा केहीबेर घोत्लिए। अनि भने, ‘म ती खुसीहरू दिन्छु, जो आफैंले पाइरहेको हुन्न।’

भर्खरै ‘पेन्गुइन र्‍यान्डमहाउस’ बाट निक्लेको छ उनको कथा संग्रह- लिच एन्ड अदर स्टोरिज। र, त्यसबारे खोजखबर गर्न उनी अमेरिकाको प्राध्यापकीय जागिरबाट विश्राम लिएर जन्मथलो नेपाल आइपुगेका छन्। काठमाडौंमा यतिखेर उनले गरिरहेको भेटघाट र अन्तर्क्रियाहरूबाट रञ्जनलाई केही नयाँ तथ्यको बोध भइरहेको छ। बाहिर चिनिनु एउटा कुरा, एउटा लेखकका लागि सबभन्दा ठूलो खुसी देशमै चिनिनु हुँदोरहेछ वा सबभन्दा ठूलो बेखुसी पनि देशमै नचिनिनु हुँदोरहेछ भन्ने उनको अनुभवले भन्छ।

एउटा लामो प्रयत्नपछि अन्तर्राष्ट्रिय बजारमा पुस्तक पुग्ने गरी पेन्गुइनले छापेपछि पाएको खुसी लिएर उनी नेपाल फिरेलगत्तै काठमाडौंका पुस्तक पसलहरूमा सुटुक्क छिरे। पसलको अग्रभागमा आफ्ना पुस्तकहरू राखिएको देख्दा उनमा एक लेखकले पाउनुपर्ने सन्तुष्टिको तत्काल आविर्भाव पनि भयो। सन्तुष्ट भावदशामा मानिस सायद विनोदप्रिय हुन पुग्छन्। पाटनढोकाको पुस्तक पसल पुग्दा रञ्जनलाई पनि भएको त्यही थियो सायद, आफ्नै पुस्तक देखाएर उनले त्यसबारे पसलेसँग केही रमाइला गफ गर्ने विचार गरे।


‘यो कसको किताब हो हँ ?’ उनले पसलेलाई सोध्न पुगे। पसलेले के भन्दा रहेछन् आफ्नाबारे भन्ने जान्ने उत्कण्ठाले प्रेरित थियो यो बुझ पचाइएर सोधिएको प्रश्न।

‘यो एक भारतीय लेखकको हो,’ पसलेले चाखलाग्दो गरी पुस्तक उठायो र भन्यो, ‘पढ्नु होला, मज्जाको कथा यसमा छन्।’

त्यो पसलमा मात्रै उनको पुस्तकको लेखक भारतीय भनेर चिनाइएको होइन, अरू धेरै पसलमा पनि भनिएको यही थियो। रञ्जनलाई पसलेको उत्तरले केही खल्लो बनाए पनि अचम्मित भने पारेन। ‘मलाई थाहा छ, मेरो देशमा मलाई चिन्नेहरू छैनन्,’ भन्छन्, ‘र, यसमा म गुनासो पनि गर्दिनँ।’

पशुपतिको मूलभट्ट भई दक्षिणभारतबाट नेपाल आएका उनका हजुरबाले यतै घरजम गरे। पूरै तीन करोड जनसंख्यामा आफ्नो परिवारजनको मात्रै थर अडिगा हुँदा लामो समयदेखि अमेरिकामै बस्ने उनलाई यहाँ भारतीय ठानिएको यो पहिलो घटना थिएन। र, सायद अन्तिम पनि हुनेछैन दुर्भाग्यवश। ‘यहाँ मात्रै होइन, अमेरिकामा पनि मेरो हालत यही हो,’ रञ्जन भन्छन्, ‘त्यहाँ मलाई एसियाली भन्छन्, भारतमा जाँदा नेपाली भन्छन् र नेपालमा जाँदा चाहिँ भारतीय, म त सधैंको होमलेस मानिस।’

रञ्जनलाई के लाग्छ भने, कतैको हुन नसक्नुको यही भावको बोधले उनलाई सायद लेखक बनाएको हो। त्यसैले उनका कथामा आप्रवासनमा परेका अनेकन नेपाली पात्र छन्, जो पढ्दा पाठकलाई समकालीन समाजमा सीमान्तकृतहरूको मनोदशा कस्तो छ भन्ने प्रस्ट बोध हुन्छ। जनकपुरबाट काठमाडौंमा आएर संघर्ष गरिरहेको राम होस् कि काठमाडौंबाट अमेरिका पुगी त्यहाँको हुन खोजिरहेको समीर होस्, दुवै नै मूलधारको समाजबाट बाहिर बाहिरै घुमिरहेको मनोदशामा आफूलाई पाउँछन्। काठमाडौंकी सम्भ्रान्त युवती जुनेलीले गुप्त रूपमा रामलाई गरेको प्रेमले एक तिक्ततापूर्ण नियति झेल्न पुग्छ र उनीहरू दुई अलग्गिने अवस्थामा पुगेपछि अब के होला भन्ने प्रश्न पाठकको मनमा उब्जेका बेला कथा सकिन्छ। अमेरिकामा धनाढ्यहरूको वर्गमा उक्लिएका ‘शर्माजी’ हरूको अघिल्तिर डीभी परेर अमेरिका पुगेपछि त्यहाँको जीवनमा फिट हुन चाहिने खर्चपानी मुस्किलले जुटाउन संघर्ष गरिरहेको समीरलाई भनेजस्तो पैसा कमाउन नसकेको पीर एकातिर छ भने पत्नी पूजाले बिहेअघि नै कौमार्य तोडेको रहस्य उद्घाटन हुँदा आइलागेको दुःख अर्कातिर। काठमाडौंमा समीरको जीवन रामको जीवनअघिल्तिर भव्य हुँदो हो। तर, डेनभरमा उसको नियति रामको भन्दा गतिलो छैन।



अंगद ढकाल

काठमाडौंको सम्भ्रान्त वर्गले पेरिफेरिबाट आएको संघर्षशील रामलाई ‘लिच’ अर्थात् जुका भन्यो, मायाजालमा धनी केटीलाई फसाएर आफ्नो स्वार्थको रोटी सेक्न खोजेको परजीवी मान्यो। उता, डेनभरमा शर्माजीहरूको भव्यता देखेर लोभिएकी उसकै पत्नीले समीरलाई ‘संकीर्ण सोचाइ भएको पुरुष’ भनी। यी दुई कथाको तुलनात्मक विवेचनाले मात्रै पनि झल्को दिन्छ, कस्ता कथा लेख्न रुचाउँछन् रञ्जन।

‘मूलधारको समाजमा गणनामा नआउनेहरूको जीवनलाई म कथामा मायाले सम्हालेर उधिन्न मन गर्छु,’ रञ्जन भन्छन्, ‘जुनसुकै देश र समाजमा जहिल्यै पनि छेउकिनारका मानिस हुन्छन्, जसलाई मूलधारकाले गन्दैन, तर तिनमा पनि मानवीय भावनाहरू अरूमा जस्तै हुन्छन् है भनेर म कथामा देखाउन खोज्छु।’

कथामा नेपाल र अमेरिकाको जीवनशैली बरोबर रूपले चित्रण गरेका रञ्जनका सबै पात्रहरूको एउटै समानता के हो भने ती जम्मै नेपाली हुन्। जन्मेदेखि नै अंग्रेजी बोल्न उत्प्रेरित गरिएका, सेन्ट जेभियर्सको स्कुले जीवनमा अमेरिका जाने सपनाहरूलाई मलजल गर्न सिकाइएका र अन्ततः अमेरिका गएर सिर्जनात्मक लेखनमा विद्यावारिधि गरिवरी त्यहीं नै दस वर्षदेखि यही विषय पढाइरहेका रञ्जनले अमेरिकाका रैथाने गोराहरूको कथा चाहिँ किन नलेखेका होलान् ? हालैको एक साँझको गफगाफमा सोधिएको यो प्रश्न उनका लागि अपेक्षित थियो सायद।

‘म जति नै दशक अमेरिका बसेको भए पनि र मलाई जति राम्ररी अंग्रेजी लेखपढ गर्न आए पनि मैले गोराहरूका बारेमा लेख्नु भनेको सतही साहित्य सिर्जना गर्नु हो,’ रञ्जन भन्छन्, ‘किनभने, आफूले नभोगेको जीवन र संस्कृतिको कथा लेख्नु भनेको मौलिक र आधिकारिक साहित्य लेख्नु होइन।’

एक नेपालीका रूपमा आफू पशुपतिको मूलभट्टको नाति भएर आधुनिक शिक्षामा पहुँच राख्न सक्ने थोरै ‘प्रिभिलेज्ड’ मानिस ठान्छन् उनी। हिन्दुहरूको सबैभन्दा ठूलो तीर्थस्थलको मूल पुजारी हजुरबा हुन पाउनु, सम्भ्रान्त परिवार हुनु र पुरुष हुनु मूलधारको जीवनमा स्थापित हुन आवश्यक आधार हुन् नेपालमा। तर, उही मानिस अमेरिकामा पुग्दा पहिचानको संकटमा पर्दोरहेछ, यो अनुभव उनले गरे। र, धेरै वर्षपछि फर्केर देश आउँदा देशले नै विदेशी ठान्दोरहेछ। आफूलाई ‘अडिगा’ थरले भारतीय ठनाएको देखेपछि उनी एक पटक पुर्खाको थातथलो खोज्दै दक्षिण भारतको कर्णाटकस्थित एक गाउँमा पुगे पनि। तर, त्यहाँ न कसैले उनलाई चिने न कसैको भाषा उनले बुझ्न नै सके। यस्तो उखेल्लिएको अनुभव एक लेखकका लागि सिर्जनाको ठूलो कच्चा पदार्थ हो भन्नेमा रञ्जनको भिन्न मत छैन।

‘हामी सबको जीवनमा केही न केही कमी हुन्छ,’ रञ्जन भन्छन्, ‘तर, लेखकका लागि त्यही कमीको बोध नै लेखकीय ऊर्जा हो।’

काठमाडौंको डिल्लीबजारमा जन्मेहुर्केका रञ्जनलाई नेपाली भाषामा पकड नभएकामा खिन्नता छ। आफ्नो साहित्य, इतिहास, दर्शन र समाज बुझ्न आफ्नै भाषामा दक्षता हुनुपर्ने रहेछ भन्ने बोधले उनलाई घरिघरि बिथोल्छ। उनका १० कथाहरूको संग्रह ‘लिच एन्ड अदर स्टोरिज’ को एसियाली संस्करणपछि सेप्टेम्बरमा पेन्गुइन र्‍यान्डम हाउसले विश्वभरका पाठकका लागि अमेरिकाबाट पनि प्रकाशन गर्दै छ। नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउन भूमिका निर्वाह गर्ने लेखकहरू मञ्जुश्री थापा र सम्राट उपाध्यायहरूको क्वलमा भर्खरै प्रवेश गरेका रञ्जन सोमबार अमेरिकी संस्करणको प्रकाशनअघि मिलाउनुपर्ने चाँजोपाँजोका लागि फर्किँदै छन्।

पहिलो पुस्ताको अमेरिकी आप्रवासीका रूपमा उनको आफ्नै अनुभव कथाहरूमा अनेकन पात्रहरूमार्फत उधिनिएका छन्।

‘आख्यान लेख्ने मुख्य दुई तरिका छ, एउटा पूरै कल्पनात्मक र अर्को चाहिँ पूरै वास्तविकतामा आधारित,’ उनी भन्छन्, ‘वास्तविकता र कल्पना मिसाएर लेख्ने अर्को तरिका पनि छ, म चाहिँ यही तेस्रोको प्रयोग सीमान्तकृत जीवनको वास्तविकता लेख्न प्रयोग गर्छु।’

अन्तर्राष्ट्रिय साहित्यमा दक्षिण एसियाली आप्रवासीका अनुभव भन्नेबित्तिकै कि भारतीय कि पाकिस्तानी लेखकहरूको नाम आउने हुनाले नेपालको विस्तारित डायस्पोरा पूरै ओझेलमा थियो। यो अवस्थालाई ‘लिच एन्ड अदर स्टोरिज’ ले केही हदसम्म हटाउने जमर्को गरेको छ।

सम्पूर्ण संग्रहमा उनका पात्रहरूले विदेशी भूमिमा नयाँ पहिचान बनाउने जटिलताहरूको सामना गर्छन्। लेख्नलाई उनले नेपाली पात्रको विस्थापनमा पर्दाको कथा लेखे पनि त्यो आप्रवासनको झमेलामा परेर घरभन्दा पर अर्को ठाउँ पुगेको विश्वका जुनसुकै मानिसको अनुभूतिसँग मेल खान्छ। किनभने, हर्ष र विस्मात् अनि सुख र दुःख जुन समाजको जुनसुकै अवस्थाको मानिसले गरे तापनि त्यसमा मनुष्यत्वको सार्वकालिक भावना जोडिएको हुन्छ। यही सोचेर हुनुपर्छ, पेन्गुइनले केही महिनाको दौरानमै एसिया र अमेरिका दुवैतिरका पाठकका लागि पुस्तक प्रकाशनको चाँजो मिलाएको छ।

पृष्ठ क बाट

## भिटेनको ...



र, यसरी १४ वर्षको उमेरमा घरबाट निस्किए भिटेन। नाइट बसबाट स्वप्नगरी काठमाडौं पसेका उनले यो सहरमा ७ वर्ष थाङ्का आर्ट गरे। त्यो यस्तो समय थियो, जतिबेला उनी ‘अन्डरग्राउन्ड र्‍याप’ मा पनि मग्न रहन थाले। र्‍यापको मोहले थाङ्का बिग्रियो।

काकाहरूले चलाएको त्यो थाङ्का उद्यममा काम गर्न गाउँ-गाउँबाट नानीहरू सहर आउँथे, जसरी उनी पनि आइपुगे। भिटेन थाङ्का आर्टमा सफल भएनन्। ‘मैले प्रयास गरेको थिएँ, तर राम्रो हुन सकेन। अनि राम्रो नभएपछि हेप्ने टाइपको हुँदोरैछ नि ! हेप्ने भएपछि आफूलाई मन पर्दैन त, फेरि झगडा पनि परिरहन्थ्यो। र, अन्तिममा मलाई अंकलले निकालिदिनुभयो कामबाट। म निस्किनुपर्‍यो, निस्किएँ,’ उनी भन्छन्। भाडाको कोठामा जान सकेनन्, घरबेटीले भाडा मागेर हैरान पार्थे। ‘प्रिय दोस्त’ हरूको कोठा अब उनको स्थायी शरण हुन थाल्यो। र, यसरी ‘पेट नभरिए नभरियोस्, मन भरिए पनि हुन्छ’ सोचेर सम्पूर्ण रूपमा र्‍यापमा डुबे उनी।

जब उनी सडकमा आए, त्यही बेला हो उनले पहिलो गीत लेखेको/गाएको- ‘गरिबको छोरो म..।’ आफ्नो परिवारको गरिबीको यादमा र विपन्नताको आगोमा रापिएर उनले त्यो गीत लेखे, गाए। त्यो गीतपछि उनले आफ्नो र्‍याप-करिअर सुरु गरे। त्यसपछि ठूलो युवा-किशोर पंक्तिले त्यो गीत गुनगुनायो।

त्यसपछि उनले अर्को गीत लेखे- ‘चुरोट’। हालसम्म उनले ७० भन्दा बढी गीत लेखेका/गाएका छन्। त्यसैबेला गिरीश खतिवडा, जो आइपुगे भिटेनको जीवनमा ‘मेन्टर’ भएर। भिटेनको गीत सुनेर गिरीशले ऊबेलै भनेका रहेछन्- ‘अब भिटेन हुन् है, नेपाली र्‍यापको तारा।’ तर, भिटेन सोचिबस्छन्- के म गिरीशले भनेझैं तारा हुन सकुँला ?

भिटेनले कहिल्यै म्युजिक सिकेनन्। उनको शब्दमा ‘म्युजिक प्यासन मात्रै हो’। ‘मैले स्टुडियोमा अरूले गाएको हेरेर सिकें,’ भन्छन्, ‘प्रायः म अमेरिकी र्‍यापरहरूलाई सुन्छु। तिनले गाएको हेरेरै गाउन मनलाग्यो, म्युजिक इन्जिनियर दाइहरूबाट पनि सिकें केही।’

●●●

भिटेन ‘हामी यस्तै त हो नि ब्रो’ गाएर गिरफ्तार परेपछि उनको पक्षमा र अभिव्यक्ति स्वतन्त्रताप्रति अनुदार सरकारको विपक्षमा ठूलो जनलहर उभिएको थियो। तिनको तर्क थियो- र्‍यापको मर्म र विशेषता नबुझी पक्राउ गर्न पाइँदैन। तर, सरकारको तर्क यस्तो थियो- ‘गीतका शब्द र फेसबुकमा राखिएको तस्बिरका कारण भिटेनलाई पक्राउ गरियो।’ त्यसबेला भिटेनकी आमा असाध्यै चिन्तित भएकी थिइन्, छोरो भेट्न कारागार पुगेकी थिइन्।

ठूलो फ्यान सर्कलले भिटेनका गीत-चर्चा गरिरहँदा उनका आमा-बा चाहिँ कहिल्यै उनको गीतबारे कुराकानी गर्दैनन्। उनलाई लाग्छ, गीतकै कारण उनी आमा-बासँग ‘क्लोज’ हुन सकेनन्। ‘मलाई कहिलेकाहीं क्या नमज्जा लाग्छ, चित्त दुख्छ। मलाई आमाले फोन गर्नुहुन्न, म पनि गर्दिनँ,’ भिटेन भन्छन्, ‘कहिलेकाहीं काठमान्डु आउनुहुन्छ, तर आराम-कुशलबाहेक न म केही बोल्छु, न आमा बोल्नुहुन्छ। कस्तो नमज्जा लाग्छ। मैले समय दिन सकिन भन्ने पीडाबोध हुन्छ।’ कहिलेकाहीं उनलाई ‘आमासँग बोल्दा अरू केटाहरूसँगझैं ठाडो बोलें कि’ भन्ने पनि लाग्छ।

भिटेन सोच्छन्- आमाले मेरा गीत नसुने हुन्थ्यो। उनलाई आमासँग नजिक पर्न अप्ठेरो लाग्ने एउटा कारण आफ्ना गीतका शब्दहरू हुन्। ‘मेरा गीतका शब्द युवाहरूका लागि हो, आमाहरूका लागि होइन। त्यसैले अलिकति लाज लाग्छ, असजिलो लाग्छ आमासँग,’ उनी भन्छन्। आफ्नो जीवनशैलीबाट आमा खुसी छैनन् भन्ने बोध छ उनलाई- मबाट आमा खुसी हुनुहुन्छ जस्तो लाग्दैन, पहिल्यैदेखि म टाढिएँ।

भिटेन बेला-बेला सोच्छन्- आमाको जिन्दगी ‘बच्चा हुर्काउने ध्यानमा मात्रै गयो’। भन्छन्, ‘आम नेपाली आमाको दुःख यस्तै नै हो नि ब्रो !’ उनले काठमान्डु बसेर प्रिय दुई बहिनीलाई हुर्काइरहेका छन्। ‘बाउको काम गरेको छु’ भन्ने अनुभूतिले उनी गौरव गर्छन्।

●●●

र्‍यापर यमबुद्धको महाप्रस्थानपछि उनका ‘डाइहार्ट’ फ्यानहरूले भिटेनलाई सम्बोधन गर्न थाले- ‘नयाँ यमबुद्ध’। ‘तर, म त मै हुँ, आफ्नै पहिचान हुनुपर्छ गायकको’, भिटेन भन्छन्।

उनी र्‍याप गायनबाट खुसी नै छन्, तर ‘कहिलेकाहीं साह्रै फ्रस्ट्रेसन हुन्छ’ भन्छन् उनी। ‘हिँडेको हिँड्यै गर्दा दिक्क लाग्छ। खानपानमा कन्ट्रोल छैन। बेला-बेला रिलेसनसिप बिग्रिन्छन्। लास्टै गाह्रो छ जिन्दगी ब्यालेन्स गर्न,’ उनी भन्छन्।

र्‍यापमा आउन चाहने नयाँ भाइबहिनीलाई उनको सुझाव छ- हेरेर सिक्नु, गल्ती नगर्नु, पोजिटिभ काम गर्नु, ‘गुड कुराहरू’ लाई मात्रै एक्सेप्ट गर्नु।

उनको बुझाइमा ‘र्‍याप गीतले समाज र यहाँको समस्याबारे बोल्छन्, जिन्दगीबारे बोल्छन्।’ भन्छन्, ‘मैले गाउने र्‍यापमा समाजकै कुरा गरेको हुन्छु, युवापुस्तालाई सम्झेर। म रमाइलो पनि गाउँछु, गम्भीर पनि। र्‍यापले व्यवस्थाको विसंगति र विकृतिविरुद्ध पनि बोल्नुपर्छ।’

‘सडक-गल्ली’ गीत छ उनको, जहाँ भिटेन अतीतका गल्लीतिर बरालिएका छन्। र्‍याप गाउनुको जस गल्लीलाई दिन्छन्- *‘जब हान्न थाल्छु र्‍याप, एक्कासि रगत तात्छ किनकि मेरो कहानीको सुरुवात भो गल्ली र सडकबाट।’* र्‍याप गीतमा शिष्टता, शालीनता खोज्ने भलादमीहरूसँग यी बागी ‘सडक-गायक’ को प्रश्न छ, ‘के फाइदा मलाई बिग्रिसकेको समाज बिगारेर ?’

# पदमार्गलाई किन चाहियो किनलक ?

**डेढ दशकयता पूरै सुनसान चियाबारी-सिन्धुलीगढी पदमार्गलाई 'किनलक पदमार्ग' नामकरण गरिएलगत्तै त्यसको विरोध भएको छ । प्रश्न छ- गोर्खाली फौजले पराजित गरेको अंग्रेज सेनाका कप्तान किनलककै नाम पदमार्गलाई किन दिइयो ?**



देश-दर्शन

विवश वस्ती

२००७ साल फागुन ७ गतेपश्चात् करिब एक दशकअघिदेखि राणाशासनविरुद्ध उर्लिएको जनक्रान्तिको भेल मत्थर हुन पुग्यो र राजनीतिक घटनाक्रम अर्कै दिशातिर मोडियो । ऐतिहासिक जनक्रान्तिपछिका वर्षहरू पूरै संक्रमणकालीन अवस्थाबीच गुज्रिए र अनेक राजनीतिक घटना-परिघटनाहरूका चाङ लागे । २०१५ सालको प्रथम आमनिर्वाचनपछि भने नेपाली कांग्रेसले स्पष्ट बहुमत ल्याएसँगै बीपी कोइराला प्रधानमन्त्री बने । करिब नौ वर्षसम्मको राजनीतिक दलहरू र राजावादी शक्तिबीचको रस्साकसीपछि सम्पन्न प्रथम आमनिर्वाचन र त्यसपछि गठित तात्कालिक सरकारप्रति आमनागरिकको मनोकांक्षा पूर्ति गर्नुपर्ने गहन दायित्वबोध थियो ।

२०१६, जेठ १३ गते बीपी कोइराला नेतृत्वको सरकार गठन भएपछि तात्कालिक सरकारले आफ्ना महत्त्वपूर्ण कार्ययोजना अघि सार्‍यो, जसमा सात वटा महत्त्वपूर्ण कार्यहरू सम्पादन गर्ने विषय उल्लेख थियो । सातौं बुँदामा 'यातायातको विस्तार' लाई उल्लेख गरिएको थियो । सडक- सञ्जाल अति नै न्यून तहमा थियो । प्रधानमन्त्री कोइरालाले आफू प्रधानमन्त्री भएकै वर्ष २०१६ सालमा एउटा महत्त्वाकांक्षी सडक-निर्माण परियोजना ल्याए- 'आरटीओ (क्षेत्रीय पारवहन संगठन) रोड' । वर्तमानका 'राष्ट्रिय गौरवका आयोजना' भन्दा तुलनात्मक रूपमा कम थिएन, त्यो परियोजना । सम्भवतः २००७ सालको क्रान्तिपूर्व आफ्नो पुर्ख्यौली थलो सिन्धुलीको दुम्जा हुँदै पूर्वी तराई जोड्ने त्यो मार्ग नेपालको विकासका निम्ति कोसेढुंगो सावित हुने अपेक्षा कोइरालाले सँगालेका थिए होलान् ! २०१६ सालपछि त्यो सडक-मार्गको प्रारम्भिक चरणको कामसमेत सुरु भइसकेको थियो । आरटीओ रोडको अवधारणासँगै कार्य-प्रारम्भले गति लिनै लाग्दा २०१७, पुस १ मा राजा महेन्द्रले राजनीतिक 'कु' गरे । सिंगो पञ्चायतकालभरि सो सडक-मार्गको निर्माण तात्कालिक व्यवस्थाको उपेक्षा-भावबीच पिल्सिन पुग्यो, जुन नेपालको विकासका लागि एक 'दुर्भाग्य' थियो ।

२०४६ को आखिरीतिर बहुदलीय व्यवस्था पुनःस्थापना भएपश्चात् २०४८ मा सम्पन्न आमनिर्वाचनमा नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भयो । तात्कालिक सरकारले करिब ३२ वर्षदेखि 'चाल न चुल' को अवस्थामा रहेको 'आरटीओ रोड' को सुरुवात गर्ने निधो गरेसँगै कार्य प्रारम्भ भयो । जापान सरकारको आर्थिक/प्राविधिक सहयोगमा निर्मित सो सडक-मार्ग २०७१ मा निर्माण सम्पन्न भई नेपाल सरकारलाई हस्तान्तरण गरियो र नाम राखियो- 'बीपी राजमार्ग' । बीपी राजमार्ग निर्माण गर्ने क्रममा कतिपय स्थलमा पुराना पदमार्गहरूलाई पछ्याइयो भने कतिपय स्थललाई बदलेर नयाँ रुट हुँदै सडक निर्माण गरियो । सोही क्रममा निकै पुरानो (सिन्धुलीको चियाबारीदेखि ढुंग्रेभञ्ज्याङसम्म) चर्चित पदमार्गबाट नभई पश्चिम मोहडाको पिपलभञ्ज्याङ हुँदै सडक-मार्ग मोडियो र ढुंग्रेभञ्ज्याङमा लगेर जोडियो ।

**सुनसान पुरानो पदमार्ग**

चियाबारी हुँदै पिपलभञ्ज्याङतिर बीपी राजमार्ग मोडिएपछि चियाबारी-ढुंग्रेभञ्ज्याङको पुरानो पदमार्ग उजाड र सुनसान हुनपुग्यो । त्यसअघिका करिब दुई-अढाई शताब्दीसम्म तात्कालिक राणाकालीन समयको पूर्वी २ र ३ नम्बर (रामेछाप, दोलखा, ओखलढुंगा) लाई मध्य र पूर्वी तराईसँग जोड्ने पदमार्गको एक प्रमुख अंग (चियाबारी-सिन्धुलीगढी पदमार्ग) ले आफ्नो ऐतिहासिक विरासत गुमाउँदै गयो । त्यस पदमार्गमा ग्वाङ खोलाको उपल्लो भागका साथै सिरुवानीको चर्चित उकालो पर्दथ्यो, जुन उकाली धेरै युगको साक्षीकर्ता थियो । सिरुवानीको उकाली चढ्नेहरूका आफ्नै कथाहरू छन् ।

२०७२ असोज ३ मा नयाँ संविधान जारी भएपछि मुलुकले संघीय संरचनाको 'नयाँ काँचुली' ग्रहण गर्‍यो । स्थानीय तहहरू (महानगर, उपमहानगर, नगर र गाउँपालिका) लाई वर्षौंदेखि सिंहदरबारमा निहित अधिकार प्रदत्त गरिएको डिङ हाँकियो । स्थानीय तहहरूले आफ्नो अधिकारअनुरूप अनेक निर्णय गर्न थाले । २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् कमलामाई नगरपालिकाले डेढ दशकयता पूरै सुनसान बन्न पुगेको चियाबारी-सिन्धुलीगढी पदमार्गलाई 'किनलक पदमार्ग' नामकरण गरेर पदमार्गको माध्यमद्वारा पर्यटन क्षेत्रको विकासमा जोड दिन चाह्यो । नेपाल-अंग्रेज युद्धताका गोर्खाली सेनाद्वारा पराजित अंग्रेज सेनाका नेतृत्वकर्ता कप्तान किनलकको नाममा सो पदमार्ग नामकरण गरेसँगै विवादको सूत्रपात हुनपुग्यो । पहिले यो विवाद सुषुप्त रहे पनि अहिले पूरै सतहमा उत्रिएको छ । प्रश्न उठिरहेको छ, 'वीर गोर्खाली फौजद्वारा पराजित अंग्रेज सेनाका कप्तान किनलकका नाममा किन चियाबारी-सिन्धुलीगढीसम्मको पदमार्गलाई उनको नाममा नामकरण गरियो ?'

**इतिहासतिर फर्किंदा**

त्यस समय गोर्खाली राजा पृथ्वीनारायण शाहको सेनाले उपत्यका विजय-अभियानलाई तीव्रता दिइरहेको थियो । वि.सं. १८२३ ताका कीर्तिपुरमाथि कब्जा जमाउन सम्पूर्ण शक्ति लगाइरहेका बेला काठमाडौंका तत्कालीन राजा जयप्रकाश मल्लले कीर्तिपुरमाथि गोर्खाली सेनाको प्रभुत्व बढ्दै गएको थाहा मात्रै पाएनन्, कुनै पनि समय काठमाडौंमाथि पनि गोर्खाली सेनाले आक्रमण गर्ने आकलनसहित भय र त्रासदीमा रहे । पृथ्वीनारायण शाहको उपत्यका विजय-अभियानलाई रोक्न मल्लले कुनै न कुनै कदम चाल्न आवश्यक ठाने ।

त्यस समय काठमाडौं उपत्यकाभित्र केपुचिन पादरीहरूले निर्धक्कसाथ इसाई धर्मको प्रचार गरिरहेका थिए र इस्ट इन्डिया कम्पनीले आफ्नो व्यापार पनि । पृथ्वीनारायण शाहले काठमाडौंमाथि विजय प्राप्त गर्दा दुई कुरा अवरुद्ध हुने सम्भावना पहिल्याए, जयप्रकाश मल्लले । एउटा, केपुचिन पादरीहरूको अभियान र अर्को इस्ट इन्डिया कम्पनीको व्यापार-विस्तार । सोही कारण पादरीहरूले गोर्खाली सेनाको अभियान रोक्न इस्ट इन्डिया कम्पनीलाई सेना पठाउन पत्राचार गर्नका निम्ति जयप्रकाश मल्ललाई सुझाव दिए ।

त्यस समय इस्ट इन्डिया कम्पनीको गभर्नर थिए- ह्यारी बेरलेस्ट । मल्लको गभर्नर बेरलेस्टसँग सिधै पहुँच थिएन र बेतिया (विहार) मा रहेका ब्रिटिस वाणिज्यदूत गोल्डिङकहाँ सैन्य सहायताको मागपत्रसहित उनले दुई जना दूतहरूलाई बेतियामा पठाए, जसमा काठमाडौंमा व्यापार गरेर बसेका उमदा नाम गरेका कश्मीरी मुसलमान र तीर्थयात्राका लागि कान्तिपुर आउँदा गोर्खालीको नाकाबन्दीमा परेर थुनिएका रामदास फकिर थिए । ती दूतहरूले भने, 'बेलायतले जयप्रकाश मल्ललाई सैन्य सहायता दिएको खण्डमा गोर्खाली फौजलाई लखेट्न सकिन्छ र त्यसबापत इस्ट इन्डिया कम्पनीले ठूलो आर्थिक लाभ लिन सक्नेछ ।'

वाणिज्यदूत गोल्डिङले जयप्रकाश मल्लका दूतहरूलाई पटनास्थित ब्रिटिस हाकिम थमस रम्बोल्डकहाँ पठाइदिए । गोल्डिङले ती दूतहरूमार्फत रम्बोल्डलाई सिफारिस गर्दै लेखे, 'मल्ल राजाहरूले हामीसँग सैनिक सहायता माग गरेका छन्, यो नैतिक र सैन्य दृष्टिले पनि आवश्यक देखिन्छन् । सैन्य सहायता पठाएको खण्डमा कम्पनी सरकारलाई पनि ठूलो आर्थिक लाभ मिल्नेछ ।'

त्यस समय इस्ट इन्डिया कम्पनीले नेपालको पहाडी जंगलबाट खोटेसल्लाका रुखहरू काटेर लैजाने गर्थ्यो । कम्पनीले चौदण्डी राज्यका सेन राजाहरूसँग मिलेमतो गरेर सल्लाका रुखहरू किन्दै आएको थियो । खोटेसल्लाको रुखबाट जहाजको मस्तुल (जहाजको पाल बाँध्न बीचमा उभ्याइने लट्ठा) र खोटोबाट बार्नेस बनाइन्थ्यो । यदि पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामाथि विजय हासिल गरे भने नेपालका अरू राज्यहरूमा पनि प्रभुत्व विस्तार हुने र खोटेसल्लाका रुखहरू बन्द हुने पूर्वानुमान गोल्डिङले गरे ।

विशेष सूत्रमार्फत पृथ्वीनारायण शाहले थाहा पाए- जयप्रकाश मल्लले इस्ट इन्डिया कम्पनीसँग सैनिक सहायता मागेको छ । र, शाहले रम्बोल्डलाई कम्पनी र आफ्नो राज्यको सीमा जोडिएकाले आफ्नो सुरक्षा गरिदिएको खण्डमा पटनामा आई भेट गर्न चाहेको पत्र पठाए । रम्बोल्डले गभर्नर बेरलेस्टकहाँ पत्र पठाउँदा कम्पनीको 'विषय समिति' मा सो पत्रबारे छलफल गरियो । 'विषय समिति' ले जयप्रकाश मल्ललाई सैनिक सहायता पठाउने र पृथ्वीनारायण शाहलाई असहयोग गर्ने निर्णय गर्‍यो । बेरलेस्टले शाहलाई पठाएको पत्रमा शाहले उपत्यकामाथि आक्रमण गर्न नपाउने कुरा उल्लेख थियो ।

कम्पनीको 'विषय समिति' ले ब्रिटिस सेनाका कप्तान जर्ज किनलकलाई गोर्खाली सेना पराजित गर्न पटनातिर जान निर्देशन दियो । सन् १७६७ अगस्ट २६ मा कप्तान किनलक नेतृत्वको सेना पटनाबाट जनकपुरतिर हिँड्यो । कम्पनीको 'विषय समिति' ले पृथ्वीनारायण शाहको सेनाविरुद्ध युद्ध गर्न क्याप्टेन किनलकको नेतृत्वमा २४ सय हिन्दुस्थानी सेना र केही सैन्य अधिकारीहरूलाई पठाउने निर्णय गरेको थियो । कप्तान किनलक नेतृत्वको सेना सिन्धुली माढीबाट खुर्कोटतर्फ बढ्दै गयो । किनलक नेतृत्वको अंग्रेज सेना चियाबारी हुँदै सिरुवानीको उकालो चढेर ढुंग्रेबास (ढुंग्रेभञ्ज्याङ) पुग्दा सुरुमा वंशु गुरुङको नेतृत्वमा तैनाथ करिब ५ सयजति गोर्खाली सेनाले अंग्रेज सेनामाथि हमला गर्‍यो । हावापानीका दृष्टिले ढुंग्रेबासदेखि भञ्ज्याङसम्म अंग्रेज सेनाहरूलाई सायदै कष्टकर भएन होला किनभने दरभंगा, जनकपुर हुँदै माढीसम्म आएका अंग्रेज सेनाहरूलाई सिरुवानी फेदीसम्मको हावापानी आफूअनुकूल नै थियो । तर, पौवागढी (आड) मा वंशराज पाण्डे र वीरभद्र उपाध्यायको नेतृत्वमा ७ सयजति गोर्खाली सेना 'फिरंगी सेना' माथि विजय प्राप्त गर्न तम्तयार थिए । तिनै सेनाले अगाडिबाट शत्रु (अंग्रेज सेना) माथि जाइलाग्ने रणनीति अपनाएको थियो । आखिर त्यही थलो नै किनलक नेतृत्वको अंग्रेज सेनालाई पराजय गर्ने थलोका रूपमा स्थापित बन्न पुग्यो । भौगोलिक विकटताका साथै त्यस ठाउँको हावापानीले अंग्रेज सेनालाई साथ नदिनु स्वाभाविकै थियो । गोर्खाली सेनाको रणकौशल पनि अंग्रेज सेनालाई पराजय गर्ने सहायक कारक बन्न पुगेकामा दुईमत देखिँदैन ।

सिन्धुलीगढी इलाकामा कप्तान किनलक नेतृत्वको अंग्रेज सेनाले शर्मनाक पराजय बेहोर्नुपर्‍यो । २४ सय अंग्रेज सेना युद्ध लड्न आएकामा किनलक आफ्ना बाँचेका ७ सय सेनासहित मकवानपुरको खुँडाघाटतिर लागे । खुँडाघाट पुग्दा हरिहरपुर गढीमा गोर्खाली सेना बसेका छन् भन्ने सूचना पाएपछि किनलक रौतहट र बारातिर लागे र उनले बाराबाटै रम्बोल्डलाई सिन्धुलीगढी युद्धमा पराजय हुनुपरेको बेहोराको पत्र पठाए । यो वि.सं. १८२४ को घटना थियो ।

तात्कालिक समय (१८२४) मा इस्ट इन्डिया कम्पनीको तेजिलो दबदबा रहेका बेला ब्रिटिस साम्राज्यले कान्तिपुरका तत्कालीन राजा जयप्रकाश मल्ललाई 'सैनिक सहायता' पठाउने बहानामा नेपाललाई उपनिवेश बनाउन सक्ने प्रशस्तै आधार देखिन्थे । सिन्धुलीगढी युद्धमा पराजयको नमिठो स्वाद चाखेपछि भने इस्ट इन्डिया कम्पनीले नेपालमाथि बक्रदृष्टि राख्ने हिम्मतै गरेन । वि. सं. १८२५ मा पृथ्वीनारायण शाहले कान्तिपुरमाथि विजय प्राप्त गरेपछिका राजनीतिक, सामाजिक, सांस्कृतिक, सामरिकलगायत अनेक परिदृश्यहरू बदलिए र नेपाल बेलायती साम्राज्यको अधीनस्थ हुनबाट सदैव जोगिन पुग्यो ।

पृथ्वीनारायण शाहको राज्य विस्तार अभियानमा 'तगारो' हाल्न आएका कप्तान किनलक नेतृत्वको अंग्रेज सेनाको पराजय तत्कालीन समय बेलायती साम्राज्यका निम्ति दरिलो पाठ त थियो नै । आफूले लडेका प्रायः सबैजसो युद्धमा विजय प्राप्त गर्न सकिन्छ भन्ने भाष्यबाट तत्कालीन बेलायती साम्राज्यलाई मुक्त तुल्याउन पनि सिन्धुलीगढी युद्ध एक गतिलो सबक बन्न पुग्यो ।

सिन्धुलीगढी युद्धमा शर्मनाक पराजय बेहोरेको अंग्रेज सेना र त्यसको नेतृत्वकर्ता कप्तान किनलकको नाममा पदमार्ग राखिने विषय यतिबेला पेचिलो बनेको छ । तर, पेचिलो बन्नु हुँदैनथ्यो । बरु 'किनलक पदमार्ग' नभनी त्यस क्षेत्रको सामाजिक, सांस्कृतिक पक्ष झल्किने विषय वा ऐतिहासिक व्यक्तित्वका नाममा पदमार्गको नामकरण गरी चियाबारी-सिन्धुलीगढी पदमार्गलाई विकास गर्नतिर स्थानीय तहले सक्रियता देखाउँदा उपयुक्त र सान्दर्भिक हुने देखिन्छ ।

**पदमार्गको विशेषता**

करिब तीन वर्षअघि स्थानीय कमलामाई नगरपालिका र नेपाली सेनाले नामकरण गरेको विवादित 'किनलक पदमार्ग' ले चियाबारीदेखि सिन्धुलीगढीसम्म करिब ८ किलोमिटर लामो दूरी तय गरेको छ । बीपी राजमार्ग सुचारु भएपश्चात् चियाबारी त्यो राजमार्गको 'मुग्लिन' का रूपमा परिचित बन्न पुगेको छ । कुनै समय पृथ्वी राजमार्ग खुलेपछि होटलहरूका लागि 'मुग्लिन' जति चर्चित थियो, अहिले चियाबारीको सान मुग्लिनभन्दा कम देखिँदैन । काठमाडौंबाट पूर्वी नेपालतिर जाने सवारी-साधनवालाहरूले खानाका निम्ति चियाबारीलाई रोज्दै आएका छन् । त्यही चियाबारीबाट ग्वाङ (गौमती) खोलाका उबडखावड किनारै-किनार अघि बढेपछि आउँछ- सिरुवानी फेदी । बीपी राजमार्ग खुल्नुअघि सिरुवानी फेदी आलोकमय थियो, व्यावसायिक हिसाबले ।

८-१० वटा होटलहरू, खानाका सबै व्यवस्था, शीतल परिवेश, एउटा कोप्चो ठाउँमा रहेको फेदीको रौनक नै अर्कै थियो । अधिकांश बटुवाहरू फेदीको खानाको स्वाद नचाखी सिरुवानीको उकालीमा पसिना बगाउन चाहँदैनथे । किनभने त्यो पदमार्गको मुख्य अंश सिरुवानीको लामो र थकाइलाग्दो उकालो जोकोहीले छिचोल्नै पर्थ्यो । सिरुवानीको उकालो उच्चाटलाग्दो भने थिएन र छैन पनि । उकालीभरि बहुवर्षीय साल, साज, करम, कटुसका साथै उकालीको हरेकजसो विन्दुमा वर, पीपल, समीजस्ता वृक्षहरूले ढाकिएको सिरुवानीको उकालो चढ्दा पनि शीतल नै महसुस हुन्छ । करिब ४५ मिनेटजति जंगल इलाका छिचोलेपछि सामान्य बस्ती आरम्भ हुन्छ र त्यो बस्ती कटेपछि आउँछ- ठुटे पिपलको चौतारा, जहाँबाट दक्षिणतिरका मनमोहक चुरे शृंखला, सिन्धुली माढी र तराईमा भूभागहरूसमेत नजरपटमा उदाउँछन् ।

पूर्ववर्ती समयमा त्यस पदमार्गमा सिरुवानी फेदीको स्वादिष्ट खाना, दही र ढिकीमा कुटेको चिउरा, हात्तीढुंगामा बिसाइएको थकाइ, सिरुवानी गाउँको अन्तिम विन्दुमा अवस्थित समीको चौताराको मिठो पानी, ठुटे पिपलको चौताराछेउ स्थानीय मगर समुदायका महिलाले बेच्न राखेका स्वादिलो जाँड, ढुंग्रेभञ्ज्याङको चिसो पानी र आडको स्वादिलो दही-चिउरा पाइने कुरा तात्कालिक पुस्ताका निम्ति विस्मृत भइसकेको छैन । वर्तमान पुस्तालाई यस्ता सन्दर्भ कथा लाग्न सक्छ । अब त्यो पदमार्गको विकास गर्न पूर्ववर्ती समयका यिनै स्थानीय परिकार र स्वादहरूलाई ब्युँताएर नयाँ ढंगले अघि बढ्न सक्ने प्रशस्तै आधार देखिन्छन् । पदमार्गीहरू स्थानीय स्वादमा रमाउँदा न 'किनलक' का नाम सम्झिन्छन्, न अरूका नै । उनीहरूले सम्झिने त्यस पदमार्गका विशेषता, हावापानी र स्थानीय स्वादहरूका साथै स्थानीय सांस्कृतिक पक्षहरू नै हुन् ।

**बिसाउनीमा**

अंग्रेज सेनामाथि गोर्खाली सेनाले विजय प्राप्त गरेको तिथिबारे उत्पन्न विवाद अझै साम्य भइसकेको छैन । एकथरीले असोज १५ लाई मान्दै आएको छ र अर्कोले कात्तिक २४ लाई । कमलामाई नगरपालिकाले भने कात्तिक २४ लाई मान्दै आएको छ र त्यस दिन नगरपालिका र नेपाली सेनाले 'सिन्धुलीगढी विजयोत्सव' समेत मनाउँदै आएका छन् । विडम्बना त के भइदियो भने, एकातिर नगरपालिकाले अंग्रेज सेनालाई पराजित गरेको दिनलाई उत्सव ठानेर 'विजयोत्सव' गर्दै आएको छ र अर्कोतिर सिन्धुलीगढी युद्धमा पराजित अंग्रेज सेनाका कप्तान किनलकको नाममा पदमार्ग सञ्चालन गर्ने हेतुले 'किनलक पदमार्ग' नामकरणसमेत गरिएको छ । यो कस्तो द्वैध भूमिका हो ?

'किनलक पदमार्ग' नामकरण गरेसँगै स्थानीय समुदायबाट असन्तुष्टिका स्वर पोखिन थालेको छ । कहिल्यै अंग्रेज साम्राज्यको दासता नभोगेका नेपालीका लागि गढी युद्धमा पराजित अंग्रेज सेनाको एक कप्तानको नाममा पदमार्ग नामकरण गरिँदा असन्तुष्टि र आक्रोशको मुहान रसाउनु स्वाभाविकै हो । 'किनलक पदमार्ग' नामकरणसँगै यो प्रकरणलाई स्थानीयहरूले 'जनभावनाको अनादर' का रूपमा परिभाषित गरेका छन् ।

राजकुमार कार्की





**युद्ध लड्न आएका २४ सय अंग्रेज सेनामध्ये बाँचेका आफ्ना ७ सय सेनासहित किनलक मकवानपुरको खुँडाघाटतिर हिँडेका थिए ।**

## अचेल कहाँ हराइरहेका छन् बच्चाहरू ?



कविता

अनिता न्यौपाने



यसरी बच्चाहरू हराउनु नपर्ने हो
तर, कहाँ हराइरहेका छन् बच्चाहरू ?

बच्चाहरू त-
कर्कलाको पातको छाता ओढेर विद्यालय गइरहेका,
कागजको डुङ्गा बनाएर कुलेसोमा कुदाइरहेका,
कागजकै रकेटमा संसार सयर गरिरहेका,
हिलो बाटोमा/माटोमा चिप्लेटी खेल्दै रमाइरहेका,
ढुङ्गाको भव्य महल/बालुवाको दरबार बनाइरहेका,
खोलाको गीत सुन्दै नाचिरहेका,
आकाशको जून हेर्दै डुबिरहेका,
ताराहरूसँग वार्तालापमा मस्त भइरहेका,
झरना र चराको गीत सुनेर ध्यानस्थ बसिरहेका,
गट्टा/ लुकिडुम/रुमाल-लुकाइ/ ढ्याप्पा
चङ्गा र लट्टाइमा हराइरहेका हुनुपर्ने ।
बच्चाहरू अचेल कहाँ हराइरहेका छन् ?

रंगहरूले नरंगिएका बच्चाहरू,
विचारहरूमा पौडन जानी नसकेका बच्चाहरू,
आफ्नै अनुहारको प्रतिबिम्ब थाहा नपाएका,
अरूको अनुहार ठ्याक्कै नचिन्ने बच्चाहरू,
दिदीको हात समाएर विद्यालय जानुपर्ने,
फर्केपछि विद्यालयबाट
आमा-बाबाको गालामा म्वाइँ खानुपर्ने बच्चाहरू,
हजुरआमाको दन्त्य कथा/काखमा
हजुरबाको घोडचढि/काँधमा उक्लिएर
संसार जितेझैँ ठान्ने बच्चाहरू
अचेल कहाँ हराइरहेका छन् ?

उनीहरू अचेल डेन्जर जोनमा छन्
उज्यालो-अँध्यारो जस्तो/अँध्यारो-उज्यालो जस्तो गरी
बच्चाहरू हराइरहेका छन्
कुनै मोड घुम्तीहरूमा छेलिएझैं भएर
बच्चाहरू हराइरहेका छन्
बलेँसीमा उठ्दै र फुट्दै गरेका पानीका फोकाहरू
जस्तै भएर
बच्चाहरू हराइरहेका छन्
लामपुच्छ्रे तारा आकाशमा हराएजस्तै गरी
बच्चाहरू हराइरहेका छन्
ग्याजेटमा टाइमर राखेर स्क्रिन अन गरेजसरी
बच्चाहरू हराइरहेका छन्

कहाँ-कहाँ/कता-कता
नहराएको जस्तो गरी बच्चाहरू हराइरहेका छन्

यसरी सुस्तरी/सुस्तरी/सुस्तरी
मौनता बोकी घरबाट बच्चाहरू हराएजस्तै
एकदिन चुपचाप/चुपचाप/चुपचापमै
देशबाट देश हराउने छ
भन्नुस्, देश खोज्ने जिम्मा कसले लिन्छ ?

## बग्नु एक नियति



कविता

शर्मिला दुलाल

कहिल्यै सोचिएन
एकदिन आफ्नै रगत निचोरेर
भर्नुपर्नेछ- राहदानीमा अक्षरहरू
र, आँसुले भरिएका घडाहरूले अचाउनु पर्नेछ शिर

कहिल्यै सोचिएन
पुर्खाको विरासतलाई थन्क्याएर एक कुनामा
लाग्नुपर्नेछ विमानस्थलमा पङ्क्ति
हल्लाउनु पर्नेछ देशको झन्डाझैँ फरफर,
बिदाइको हात
र, बग्नुपर्नेछ सबथोक छोडेर देशकै सिमाना

कसलाई थाहा छ ?
विमानस्थलको ढोकाकै फोहोरामा बग्ने त्यो
पानी हो कि भञ्ज्याङको आँसु ?
त्यतै-कतैबाट आएको सुसेली, खुसी हो कि
सल्लाघारीको विरह ?
किन ओइलाएका छन्, त्यहीं छेउका
गाउँजस्ता फूलहरू
धावनमार्गमै किन छोपिएको छ कङ्क्रिटले,
टीकाजस्तो सुकोमल माटो ?

जाने प्रत्येक अनुहारमा टाँसिएको छ-खडेरी
पुर्‍याउने एक एक मुहारमा बसेको छ-उदासी

सुन्दा,
एउटा देशद्रोही कुरूप आवाज सुनिन सक्ला
तर, कसले भन्न सक्छ?



बुद्धको पवित्र मन्त्र जप्नेले मनैबाट जपेको छ
सगरमाथाको सङ्लो उचाइ देखाउनेले
हृदयबाटै महसुस गरेको छ

६ महिनाको फूलजस्तो सन्तान छोडेर
त्यही सन्तानको भविष्य किन्न
स्तन दुखाउँदै हिँडेकी आमाको मनमा
फूल उम्रिन्छ कि काँडा ?
महाशय, रोप्नेहरूले बाटोमा फूल रोपे या
काँडा ?
जवाफमा
तिनै आमाको रगताम्य पाइतालाहरू छन्
र छन्, पाइतालाबाटै बगेको रगतका नदीहरू

नदीमा नदी मात्रै बग्दैन
बग्न सक्छ- हिमालको कञ्चन आटो
बग्न सक्छ- पहाडको नागबेली बाटो
बग्न सक्छ- तराईको मलिलो माटो

के देश भन्नु
यही आटो, बाटो र माटो होइन र ?

पहाडको शिरमा बसेकाहरूले
रोक, यो बग्ने पहिरो शृङ्खला
जसरी मुटु निचोरेर विमानस्थलमा उभिएको
छु म
कुनैदिन बग्ने यो पङ्क्तिमा देश नभेटियोस् ।

# खेल दुनियाँको खतरनाक बाजी

**इन्टरनेट सुविधाले बढाइरहेका विकल्प र सजिलै बाजी थाप्न सकिने प्लाटफर्मका कारण बेटिङ बजार संसारैभर फैलिरहेको छ । केही देशमा बेटिङ प्लाटफर्महरू कानुनी रूपमै स्वीकृत छन्, तर नेपालमा भने गैरकानुनी बेटिङ बजारको प्रभाव बढ्दो छ ।**



## बेटिङ बजार

सजना बराल

*एआई निर्मित*



फुटबल र क्रिकेटका पारखीहरूका लागि अहिलेको समय भ्याइनभ्याई नै छ, के-के मात्रै हेर्ने ! ट्वान्टी-ट्वान्टी विश्वकप क्रिकेट, युरोपेली फुटबल च्याम्पियनसिप 'युरो कप' र अमेरिकी महादेशहरूको फुटबल प्रतिस्पर्धा 'कोपा अमेरिका' समानान्तर रूपमा चलिरहेका छन् । अमेरिकी फुटबल र टेनिसका केही स्पर्धा भर्खरै सकिए । भारतको इन्डियन प्रिमियर लिग र युरोपमा प्रख्यात व्यावसायिक फुटबल लिगहरू पनि केही समयअघि मात्रै सम्पन्न भएका हुन् ।

यस्ता प्रतियोगितामा कुन टोली, खेलाडी, लिग वा खेलशैलीको प्रशंसक बन्ने र कसको टोली उत्कृष्ट हुने भन्ने घम्साघम्सी स्वाभाविक रूपमा हुन्छ । तर, खेल प्रशंसक र व्यावसायिक वा सिकारु प्रयोगकर्ताका लागि अर्को मुख्य आकर्षण बन्ने गरेको विषय हो- स्पोर्टस् बेटिङ अर्थात् खेलकुदमा हुने हारजितको बाजी । इन्टरनेट सुविधाले बढाइरहेका विकल्प र सजिलै बाजी थाप्न मिल्ने प्लाटफर्मका कारण बेटिङ बजार बढेको बढ्दै छ । कैयौं देशमा कतिपय बेटिङ प्लाटफर्महरू कानुनी रूपमै स्वीकृत छन् । गैरकानुनी मानिएका त्यस्ता प्लाटफर्मले नेपाल तथा भारतजस्ता देशमा समेत अघोषित रूपमा प्रभाव बढाउँदै लगेको देखिन्छ ।

नेपालमा बेटिङसम्बन्धी विवाद नौलो विषय होइन । कानुनी रूपमा नमिल्ने भए पनि अनेकौं छिद्र र छद्म शैली अपनाएर विभिन्न खेलकुद प्रतियोगितामा बेटिङसम्बन्धी गतिविधि हुने गरेको छ । वान एक्स बेट नामक बेटिङ प्लाटफर्मले नेपालको एक मुख्य क्रिकेट प्रतिस्पर्धा नै आयोजना गर्नु, नेपालका रंगशालाहरूबाट खेलकुदमा आधारित बेटिङ र सट्टेबाजी गराउने गिरोहहरू पक्राउ पर्नुले खेलकुदमा बाजी राख्ने पारखी र शोख दुवै बढ्न थालेको पुष्टि हुन्छ ।

वान एक्स बेटमा एजेन्टको रूपमा कार्य गर्ने गरेको र कनेक्ट आईपीएस, ई-सेवा, आईएमई पे, खल्तीजस्ता एप तथा विभिन्न बैंकिङ प्रणालीमार्फत कारोबार गरेको आरोपमा प्रहरीले समय-समयमा विभिन्न व्यक्ति तथा गिरोहलाई पक्राउ गर्ने गरेको छ । सन् २०२२ को फिफा विश्वकपका बेला बेटिङ एपमार्फत सट्टेबाजीमा लगाउन रकम संकलन गर्ने/गराउने कार्यमा संलघ्न लमजुङ, सुन्दरबजार-१ का सुजन गौली, काठमाडौं- २० का प्रवीण श्रेष्ठ जस्ता थुप्रै एजेन्ट समातिएका थिए ।

भर्खरै सकिएको आईपीएल र अहिले चलिरहेका प्रतियोगितामा पनि लुकिछिपी बाजी राख्ने र विभिन्न स्पर्धाहरूका लागि फ्यान्टासी टिमका नाममा रकम लेनदेन हुने गरेको खेलक्षेत्रका जानकारहरूको अनुभव छ । गएको आइतबार मात्रै काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सट्टेबाजी गराएको आरोपमा काठमाडौं महानगरपालिका-५ का किपेश महर्जन (३०) लाई पक्राउ गरेको थियो । वान एक्स बेट, जुवा- ३६५, मोब क्यास, टिम क्यास, एस्ट्रोपेजस्ता एपमार्फत बेटिङ गतिविधि गर्दै आएको प्रहरी अनुसन्धानमा देखिएको थियो ।

खेलकुदमा आधारित बेटिङ यसरी फैलँदै जानुमा आर्थिक पक्षको प्रमुख भूमिका छ । बिजनेस इन्साइडरले गरेको एक आँकलनअनुसार, सन् २०२३ मा स्पोर्टस बेटिङको बजार आकार लगभग ८५ अर्ब अमेरिकी डलर आसपास थियो । कानुनी अनुमति बढ्दै जाँदा सन् २०२८ सम्ममा यो क्षेत्र लगभग १५५ अर्ब अमेरिकी डलरको बन्न सक्ने अनुमान छ । कुन टोली विजयी हुन्छ, कतिको फरकले जितहार हुन्छ, अंक कतिसम्म पुग्छ, कुनै खेलाडी विशेषको प्रदर्शन कस्तो हुन्छ जस्ता अनेकौं पक्षमा बाजी राख्न मिल्ने गरी लाइभ बेटिङको समेत प्लाटफर्म बनेका छन् । चलिरहेको खेलमा अब के हुन्छ भनेर बेट लगाउन मिल्छ ।

कहिलेकाहीं उत्साहमा र कहिले लतसमेत बन्ने गरेको स्पोर्टस् बेटिङको पछिल्लो उल्लेख्य उदाहरण सन् २०१५-१६ मा अंग्रेजी फुटबल लिगमा लेस्टर सिटी लिग च्याम्पियन हुन्छ भनेर राखिएको बाजीलाई लिने गरिन्छ । उक्त सिजनमा १-५००० अर्थात् १ को बाजी राख्दा ५००० फिर्ता पाइने घोषणा भएको थियो । जम्मा ५० पाउन्डको बेट राखेका लेख हर्बर्टले मार्च महिनामै आफ्नो बाजी रकम निकाल्दा ७२ हजार पाउन्ड स्टर्लिङ हात पारेका थिए । उनले जुनमा सिजन सकिने बेलासम्म आफनो बाजी कायम राखेका भए २ लाख ५० हजार पाउन्ड जित्ने थिए ।

खेलकुद इतिहासकै चर्चितमध्ये एक मानिने बाजी सन् २००१ मा बेलायतको स्टाफोर्डसायरका माइक गिब्सले जितेका थिए । अंग्रेजी फुटबलको ४ वटा व्यावसायिक लिग, रग्बी युनियन र क्रिकेट काउन्टी लगायतका प्रतिस्पर्धा क-कस्ले जित्छ भन्ने सही उत्तर दिएका उनले ३० पाउन्डको बाजी राख्दा झन्डै ५ लाख पाउन्ड हात पारेका थिए । रकमको हिसाबले बिल्ली वाल्टर्सले सन् २०१० मा जितेको ३.५ मिलियन अमेरिकी डलर, भेगस डेभले २०१५ मा जितेको २.५ मिलियन अमेरिकी डलर, स्टिभ ह्विट्नीले सन् २०११ मा २ पाउन्ड बाजी राखेर जितेको डेढ मिलियन डलर, फ्रेड क्र्याग्सले ५० सेन्ट बाजी राखेर जितेको १ मिलियन डलर, माइक फटरले सन् २००३ मा आफ्नै घोडामा बाजी राख्दा हात पारेको ८ लाख अमेरिकी डलर आदिलाई लिने गरिन्छ ।

आजभन्दा २ हजार वर्षअगाडि रोमन र ग्रीक सभ्यताकै पालामा सुरु भएको मानिने खेलकुदमा आधारित बाजी थाप्ने चलन सन् ११९० ताका बेलायतका राजाले पहिलोपटक औपचारिक अनुमति दिएपछि विधिवत् सुरु भएको मानिन्छ । आधुनिक स्पोर्टस् बेटिङ भने बेलायतमा १८ औं शताब्दीको सुरुवाततिर घोडसवारीमा बाजी राख्ने चलनसँगै स्थापित भएको बताइन्छ । १९ औं शताब्दीसम्म पुग्दा धनीमानीहरूले सोखका रूपमा अनि सर्वसाधारणले एक किसिमको जुवाका रूपमा बाजी राख्ने चलन युरोपका अन्य देशहरूमा समेत फैलियो । सन् १९९० ताकाबाट कम्प्युटर र अनलाइन प्रविधिको प्रयोगसँगै अनलाइनमा उपलब्ध हुन सुरु भएयता खेलकुदमा आधारित बाजी राख्ने होड निरन्तर फैलँदो क्रममा छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को समेत प्रयोग गर्न मिल्ने भएसँगै यो अझै लतकै रूपमा विस्तार हुने संकेत देखापरिसकेका छन् ।

> बेटिङको लतले धोखाधडीको सिकार बन्ने गरेका छन्- सर्वसाधारण

खेलकुदमा आधारित बाजी राख्ने कार्यलाई जुवा, संगठित अपराध, म्याच फिक्सिङ, घुसखोरी लगायतका आपराधिक क्रियाकलापसँग जोडेर हेर्ने गरिएको छ । अनलाइनमा व्यावसायिक स्पोर्टस् बेटिङ विस्तार भएसँगै लगभग ३०-३५ देशहरूले आ-आफ्नै हिसाबले नियमनको पहल गरेका छन् । अमेरिका र क्यानडाले स्पोर्टस् बेटिङको बजारलाई आधिकारिक मान्यता दिँदै त्यसलाई कानुनी रूपमै नियमन गरेका छन् । अमेरिकाले सन् २०१८ बाट राज्य सरकारहरूलाई आफ्नो स्थानीय आवश्यकताअनुसार स्पोर्टस् बेटिङको नियमन गर्ने अधिकार दिएको छ । युरोपका फ्रान्स, बेलायत, इटाली, जर्मनीजस्ता खेलकुदका ठूला लिग र प्रशंसकको जमात भएका देशले पनि स्पोर्टस् बेटिङको कानुनी रूपमा नियमन र व्यवस्थापनको प्रयत्न गरेका छन् ।

एसियामा मकाउ, फिलिपिन्स, जापान, दक्षिण कोरियाजस्ता देशहरूले विभिन्न किसिमका स्पोर्टस् बेटिङलाई कानुनी मान्यता दिएका छन् । दक्षिण अमेरिकाका अर्जेन्टिना, ब्राजिल र अफ्रिकी महादेशका दक्षिण अफ्रिका, केन्या, नाइजेरियासँगै अस्ट्रेलिया र न्युजिल्यान्ड लगायत देशहरूले पनि आफ्नै हिसाबले खेलकुदमा राखिने बाजीलाई नियमन गर्ने गरेका छन् । देश र क्षेत्रअनुसार खेलकुदको प्रकृति र बजारको दखल फरक हुने भएकाले देशपिच्छे र कुनै-कुनै बेला राज्यपिच्छे फरक तरिकाले स्पोर्टस् बेटिङलाई कानुनी दायरामा ल्याइएको पाइन्छ ।

फुटबल, क्रिकेटजस्ता विश्वव्यापी प्रभाव भएका खेलमा कानुनी मान्यता नपाएका देशहरूमा समेत बाजी राख्ने र सट्टा लगाउने प्रचलन दिनानुदिन बढ्दै गएको छ । उदाहरणका लागि भारतमा स्पोर्टस् बेटिङलाई कानुनी मान्यता छैन, तर अनेक नाममा खुलेका फ्यान्टासी टिम बनाउने प्लाटफर्म र अनधिकृत अनलाइन र लाइभ बेटिङ प्लाटफर्महरूले आईपीएलमा अर्बौं डलरको कारोबार हुने गरेको बताइन्छ ।

खेलकुदमा राखिने बाजी आर्थिक रूपमा कति आकर्षक छन् भन्ने कुरा, चलेका स्पोर्टस् बेटिङ कम्पनीहरूले देखाउँछन् । फ्लटर इन्टरटेनमेन्ट नामक अमेरिकी जुवा कम्पनीको फ्यान डुअल भन्ने स्पोर्टस् बेटिङ प्लाटफर्मले बेलायत, अस्ट्रेलिया र अमेरिकामा व्यवसाय गर्छ, यसले अमेरिकी स्पोर्टस् बेटिङ बजारको झन्डै ४७ प्रतिशत हिस्सा ओगट्ने गरेको छ । सन् २०२३ को अन्त्यतिर लगभग ३१ अर्ब अमेरिकी डलरको सम्पत्ति बनाएको उक्त कम्पनीको रेकर्डमा उल्लेख छ । यस्तै, बेटएमजीएम नामक झन्डै १६ अर्ब डलर बजार मूल्य भएको कम्पनीले अमेरिकी बजारमा चलेका बास्केटब्ल, बेसबल, हकी लगायतका खेलमा आफ्नो व्यवसाय गर्दै आएको छ ।

फ्यान्टासी स्पोर्टस् प्लाटफर्मका रूपमा सुरु भएको 'ड्राफ्टकिङ्स' बेटिङ बजारको अर्को प्रमुख खेलाडी हो । हाल १३ अर्ब अमेरिकी डलरको कम्पनी बन्न सफल ड्राफ्टकिङ्सले फुटबल, बास्केटबाल, गल्फ, टेनिस, साइक्लिङ, रेसिङ, हकी लगायत अनेकौं खेलमा बाजी लगाउन मिल्ने गरी आफ्नो सेवा विस्तार गरेको छ । यीसँगै विशेषतः बास्केटबल खेलमा बाजी लगाउन मिल्ने 'सिजर इन्टरटेनमेन्ट' लगभग १२ अर्ब डलरको कम्पनी बनिसकेको छ । तुलनात्मक रूपमा गोप्य सेवा दिने झन्डै ११ अर्ब डलरको कम्पनी 'विन रिजोर्ट्स', फुटबल खेलहरूमा चर्चित 'बेट-३६५', क्रिकेटमा उदाउँदा '१० क्रिक' र 'बेटफेयर' जस्ता कम्पनीहरूले पनि आफ्नो सेवा विस्तार गर्दै लगेका छन् ।

यीबाहेक, अफसोर कम्पनी र क्रिप्टो करेन्सीमार्फत पनि कारोबार गर्न मिल्ने, भारतजस्ता जनसंख्या बढी भएका देशमा स्थानीय रूपमै कानुनी छिद्रहरू प्रयोग गरेर बजारमा क्रियाशील कम्पनीहरू सयौंको संख्यामा रहेको सहजै अनुमान गर्न सकिन्छ ।

खेलकुदमा आधारित बेटिङले मान्छेहरूलाई लत बसाल्ने मात्रै नभएर गैरकानुनी क्रियाकलापतर्फ पनि धकेल्ने गरेको विभिन्न उदाहरण र अध्ययनहरूले देखाएका छन् । बेटिङ सञ्चालन गर्नेहरूका लागि खेलका क्रममा हुने सानातिनादेखि ठूला परिणाम र अवसरहरूले लाखौं डलरसम्म कमाइको अवसर जुटाउँछन् । यसले गर्दा खेलाडी र सम्बन्धित अधिकारीहरूलाई प्रयोग गरेर गरिने म्याच वा स्पट फिक्सिङले सम्पूर्ण खेल क्षेत्रलाई नै झट्का दिने गरेको छ । सन् १९१९ मा ब्ल्याकबक्स स्क्यान्डलका रूपमा चर्चित बेसबलसँग सम्बन्धित फिक्सिङको घटनामा सिकागो ह्वाइट सक्सका ८ जना खेलाडीहरूले एक बेटिङ सिन्डिकेटसँग पैसाको लोभमा जानाजान वर्ल्ड च्याम्पियनसिप खेल हारेको सार्वजनिक भएको थियो । सन् १९५१ मा बास्केटबाल खेलसँग सम्बन्धित यस्तै फिक्सिङ कान्डमा न्युयोर्कको सिटी कलेजलगायत अन्य टिमका दर्जनौं खेलाडी जानाजान खेलको परिणाम तलमाथि गरेको आरोपमा पक्राउ परेका थिए ।

पछिल्ला दिनमा बेटिङको जालो सबैभन्दा बढी फुटबल र क्रिकेटमा फैलिएको र विभिन्न खेलाडीहरूमाथि फिक्सिङमा सहभागी भएको आरोप लाग्ने गरेको छ । फुटबल इतिहासकै गैरकानुनी बेटिङमा आधारित घटनाको रूपमा लिइने सन् २००६ को काल्सियोपोली फिक्सिङ घटनाले इटलीको फुटबललाई नै हल्लाइदिएको थियो । चर्चित इटालियन क्लबहरू जुभेन्ट्स, एसीमिलान, फियोरेन्टिनो, लाजियो लगायत क्लबका पदाधिकारी र खेलाडी संलग्न उक्त घटनाले इटालीको सबैभन्दा प्रख्यात क्लबमध्ये एक जुभेन्टसलाई डिभिजन दुईमा झारिदिएको थियो । अन्य क्लबहरूलाई पनि जरिवाना गरिएको थियो ।

बेटिङ कम्पनी र नेटवर्कहरूलाई फाइदा पुऱ्याउन म्याच वा स्पट फिक्सिङ क्रिकेटमा पनि बढ्दै गएको छ । यसको चर्चित उदाहरणका रूपमा दक्षिण अफ्रिकाका तत्कालीन कप्तान हेन्सी क्रोन्ये र भारतका चर्चित खेलाडी मोहम्मद अजहरुद्दिनले स्वीकार गरेको फिक्सिङ अभियोगलाई लिन सकिन्छ । भारतकै चर्चित आईपीएलमा बेटिङ कम्पनीहरूलाई आर्थिक प्रलोभनमा परेर सघाएको घटनाले भारतीय चर्चित क्रिकेटर एस. श्रीसंथको खेल जीवन नै समाप्त गरिदिएको थियो । महेन्द्र सिंह धोनीको क्लब चेन्नई लगायत क्लबहरू दुई वर्ष प्रतिबन्धमा परेका थिए । अंग्रेजी प्रिमियर लिगमा ब्रेन्टफोर्डका चर्चित खेलाडी आइभान टोनी गैरकानुनी बेटिङमा संलग्न भएकोमा प्रतिबन्धित भएको घटना खेलमा आधारित बेटिङले निम्त्याउने गैरकानुनी कार्यको पछिल्लो उदाहरण हो ।

नेपाली खेलकुदमा सबैभन्दा चर्चित बेटिङसम्बन्धी उदाहरणका रूपमा २०७२ साल असोजमा राष्ट्रिय फुटबल टिमका चार खेलाडीसँगै ६ जना पक्राउ परेको घटनालाई लिइन्छ । खेलकुद क्षेत्रमै तहल्का मच्चिएको उक्त घटनामा तत्कालीन कप्तान सागर थापासहित सन्दीप राई, रितेश थापा र विकास सिंह क्षेत्रीसँगै प्रशिक्षक अन्जन केसी र फिजियो डेविज थापाले बेटिङ सञ्चालन गर्नेहरूलाई सघाउन १६ देखि २३ वटा अन्तर्राष्ट्रिय खेलमा प्रतिखेल ५ हजार डलर लिएर मिलेमतो गरेको आरोप लागेको थियो ।

त्यस्तै, गत वर्ष आयोजित नेपाल प्रिमियर लिग नामक क्रिकेट प्रतियोगितामा पनि बेटिङ सञ्चालकहरूले विभिन्न टिमका खेलाडीहरूलाई मिलेमतोका लागि प्रस्ताव गरेको भन्ने सार्वजनिक अभिव्यक्ति राष्ट्रिय खेलाडीहरूले नै दिएपछि दुईजना पक्राउसमेत परेका थिए । पक्राउ पर्नेमा महबुब आलम र मोहम्मद आदिल आलम थिए । खेलकुदमा आधारित बाजीले निम्त्याउने समस्या फिक्सिङ मात्रै नभएर अवैध कारोबार र सम्पत्ति शुद्धीकरणसम्बन्धी समस्या पनि हो । पछिल्ला दिनमा विशेषगरी लुकेर खेलाइने बाजीले अवैध कारोबार र रकम ओसारपसारलाई प्रोत्साहन गर्ने गरेको छ । बेटिङको लतले सर्वसाधारण विभिन्न स्क्याम र धोखाधडीको सिकार पनि बन्ने गरेका छन् । कानुनी होस् वा अवैध, दिनानुदिन थपिने नयाँ तथा आकर्षक प्लाटफर्महरूले थप्ने नियमनको समस्या एकातिर छ भने अर्कोतिर बेटिङको लतले विशेषतः युवा वर्गमा पर्न सक्ने लत पनि चिन्ताको विषय बन्दै गएको छ ।

नेपालले क्रिकेट विश्वकपजस्ता ठूला प्रतियोगिताहरूमा सहभागिता बढाउँदै लगेको र इन्टरनेटसँगै स्याटेलाइट टीभीका कारण राष्ट्रियअन्तर्राष्ट्रिय खेलकुदका दर्शक बढेको अवस्थामा समयमै नियमन, कानुनी स्पष्टता र सचेतनाको पहल गरिनुपर्छ । इन्टरनेटमा निःशुल्क वा आकर्षक अफरसहित देखिने यस्ता कतिपय प्लाटफर्महरूलाई सरकारले नै सक्रियतापूर्वक नियन्त्रणको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

*(एजेन्सीको सहयोगमा)*

# अफगानी 'एक्स-फ्याक्टर'

**भनिन्छ, अफगान क्रिकेट र तिनका खेलाडीमा बढी नै छ- एक्स फ्याक्टर । तर, एकको तुलनामा अर्को खेलाडी विशेष किन हुन्छ ?**



## क्रिकेट

हिमेश



*एजेन्सी*

टी-ट्वान्टी वर्ल्डकप २०२४ मा अफगानिस्तानको बिदाइ 'एन्टी क्लाइमेक्स' जस्तै रह्यो । सेमिफाइनलमा दक्षिण अफ्रिकाको हातबाट बेहोरेको हार पूरापूर एकपक्षीय रह्यो । अफगानिस्तानले दक्षिण अफ्रिकालाई त्यो खेलमा अलिकति पनि दुःख दिन सकेन । खेल अगाडि यही अफगानिस्तानसँग कति धेरै आस थियो, तर अन्त्यमा मज्जा जति किरकिरा भयो । फेरि दक्षिण अफ्रिका पनि त पहिलो पटक क्रिकेटको कुनै वर्ल्डकप फाइनल पुगेको हो ।

नत्र जति बेला चाहिएको हो, त्यति बेला नै चुक्ने टिम हो, दक्षिण अफ्रिका । त्यसैले त यस प्रोटियस टिमलाई 'चोकर्स' भनिएको । अहिले हामी यो टिमको चर्चा भने गरिरहेका छैनौं । कुरा अफगान क्रिकेटकै हो । जति जति बेला यो वर्ल्डको चर्चा हुनेछ, त्यति त्यति बेला अफगानिस्तान सेमिफाइनल नराम्रोसँग हाऱ्यो मात्र भनिने छैन । बरु त्यसलाई भन्दा बढी यसलाई जोड दिएर भनिनेछ, अफगानिस्तानले यो वर्ल्डकप साह्रै बबाल खेल्यो, अति नै ।

सुपर-एटमा अफगानिस्तानले बलियो न बलियो अस्ट्रेलियालाई हराएको थियो र यो एक खेलको चर्चा लामै समय चल्नेछ । त्यो खेलमा अफगानिस्तानले पहिले ब्याटिङ गर्दै १ सय ४८ रन बनायो । अनि पछि टेस्ट र वान डे दुवैको विश्व च्याम्पियन रहेको अस्ट्रेलियालाई १ सय २७ रनमै समेट्यो । अनि सेमिफाइनल प्रवेशका लागि बंगलादेशविरुद्ध उत्तिकै सनसनीपूर्ण जित निकाल्यो । यही जितले अस्ट्रेलिया प्रतियोगिताबाट पनि बाहिरियो, लगभग चुपचाप स्थितिमा ।

यो अस्ट्रेलियाविरुद्धको जित त्यसै हावामा मिलेको पनि होइन । त्यस्तै हुन्थ्यो त सुरुआती लिग चरणमा अफगानिस्तानले न्युजिल्यान्डलाई हराउने थिएन । त्यसमा अफगानिस्तानले पहिले ब्याटिङ गर्दै १ सय ५९ रन बनाएको थियो । त्यसको जवाफमा न्युजिल्यान्डले ७५ रन मात्रै बनाउन सक्यो, टिकेर खेल्नै सकेन । वेस्ट इन्डिज सम्मिलित यस समूह 'सी' मा अफगानिस्तान दोस्रो भएको थियो । साँच्चै यसपल्टको यो वर्ल्डकप अफगानिस्तानका लागि मज्जाको रह्यो ।

यस्तोमा बारम्बार भन्न सुरु भएको छ, कति धेरै छोटो समयमा यो अफगानिस्तानले विश्व क्रिकेटमा कसरी पो यति धेरै प्रगति गरेको त ? अझ नेपाली क्रिकेट समर्थक हुँदो हो त हाम्रै आँखा अगाडि हाम्रै भाग छिनेर यो बेपत्ता अगाडि बढ्दो, हामी हेरेको हेऱ्यौं भयौं । अब त छुन पनि सकिन्न । सन् २०१७ मै त हो, अफगानिस्तानले अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को सदस्यता पाएको । त्यस अगाडिसम्म अफगानिस्तानविरुद्ध क्रिकेट केही पनि थिएन ।

सन् २००६ मा अफगानिस्तान एसीसीकपको सेमिफाइनलमा हङकङसँग हारेको थियो । यही एक खास प्रतियोगिता हो, जसले आम अफगान खेल प्रेमीको मनमा क्रिकेटको जग बसेको । सन् २००७ को एसीसी टी-ट्वान्टीमा संयुक्त विजेताका रूपमा अफगानी टिम घर फर्कंदा भव्य त भव्य स्वागत गरिएको थियो । सन् २०१८ आइपुग्दा नपुग्दै अफगानिस्तलाई टेस्ट टिमको मान्यता प्राप्त भइसकेको थियो । विशेषतः टी-ट्वान्टी क्रिकेटमा अफगानिस्तान अब्बल सावित भयो ।

यसको अगाडि पछाडि के कस्तो भए, धेरै लेखिएका छन्, धेरै भनिएका छन् । क्रिकेटलाई अलिकति पनि मन पराउनेलाई यसबारे राम्रै थाहा छ । अफगानिस्तान भनेपछि हाम्रोसामु आउने दृश्यहरू हुन्, दशकौंको विदेशी अतिक्रम, गृहयुद्ध, गरिबी, अभाव अनि चरमपन्थी तालिबानको सत्तारोहण । अफगानिस्तानमा विकास त दूरदूरसम्म भेटाउन सकिन्न भन्ने गरिन्छ । बरु उल्टै तालिबान सरकारको नेतृत्वमा अफगानिस्तान समय भन्दा पछाडि गइरहेको छ । यस्तै यस्तै छापबीच अफगान क्रिकेटले भने प्रगति गरिरह्यो । जुन देशमा केही पनि छैन, त्यही देशले क्रिकेटमा गरेको विकासले सबैको ध्यान खिच्ने नै भयो । त्यसैले अब भन्न सुरु भएको छ, अफगानिस्तानले जसरी क्रिकेटमा प्रगति गऱ्यो, त्यो विकासको एउटा 'मोडल' भएको छ । अब त अफगानिगस्तानले विश्व क्रिकेटमा यस्तो गऱ्यो र उस्तो गऱ्यो भनेर पनि भनिरहन आवश्यक छैन । कस्तीमा टी-ट्वान्टी क्रिकेटमा यो टिम आफैंमा शक्ति भएको छ ।

त्यसैले यसले निकाल्ने जितमा अब आश्चर्य पनि मानिरहनु पर्दैन । भारत, अस्ट्रेलिया, इंग्ल्यान्ड, दक्षिण अफ्रिका र न्युजिल्यान्ड जस्ता देश त टी-ट्वान्टी क्रिकेटमा अफगानिस्तानभन्दा अगाडि नै छन् । तर अब अफगानिस्तान यही पाकिस्तान वेस्ट इन्डिज, पाकिस्तान, श्रीलंका र बंगलादेशभन्दा कम पनि रहेन । टी-ट्वान्टी क्रिकेटको कुनै खास दिन अफगानिस्तानले जसलाई पनि हराउन सक्छ र यसलाई अब धेरै बढाइचढाई बयान गरिरहनु पर्दैन, यो त त्यस्तै भयो, जस्तो ठूलो टिमले जित्ने गर्छ । ठ्याक्कै भन्दा अफगानिस्तानी टिम अब टी-ट्वान्टी मात्र होइन, वान डेमा पनि 'अन्डर डग' रहेन । बरु चर्चा के आवश्यक छ भने यो अफगान क्रिकेटको विकास 'मोडल' चाहिँ के कस्तो छ ? सुरुमा अफगानिस्तानी क्रिकेटलाई हुर्काउने काम गरेको पाकिस्तानले नै हो । सुरुमा मात्र होइन, अहिलेकै अधिकांश अफगान खेलाडीले क्रिकेट ढंगले सिकेकै भनेको पाकिस्तानी भूमिमा हो । अझ धेरैले शरणार्थीका रूपमा पाकिस्तान बस्दाकै बेला क्रिकेट जान्ने र बुझ्ने भए ।

अचेल यत्तिको कुरा पाकिस्तानलाई जस दिन भने अफगानिस्तानी क्रिकेटले कन्ज्युस्याइँ गर्छ, त्यो बेग्लै प्रसंग भयो । पाकिस्तानी क्रिकेट आफैं ओरालो लाग्दै गर्दा अफगान प्रगतिलाई उसलाई बिझ्दो हो, अलिकति पनि श्रेय नपाउँदा चित्तदुख्दो पनि हो । अलिपछि भारतले हो अफगानिस्तानी क्रिकेटलाई मन खुलेर सहयोग गरेको । भारतीय क्रिकेट बोर्ड बीसीसीआईले अफगानिस्तानलाई सजिलो होस् भनेर आफ्नै भूमिलाई उनीहरूको 'होम ग्राउन्ड' बनाउन दिएको थियो ।

सबैलाई थाहा छ, इन्डियन प्रिमियर लिग (आईपीएल) खेलेर पनि अफगान खेलाडीले भरपूर फाइदा लिए, नाम, दाम र अनुभव जति सबै । फेरि स्वंय अफगान क्रिकेटले पनि त साह्रै मिहिनेत गरेको छ । सन् २००१ मै मात्र हो, अफगानिस्तान क्रिकेट बोर्डको स्थापना भएको । त्यसयता यसले राम्रो नेतृत्व पाएको छ । अनि यो नेतृत्वले सही काम गरेको छ । रणनीति पनि उम्दा तयार पारेको छ । उमेर समूहको क्रिकेटलाई उत्तिकै ध्यान दिएको छ ।

अफगान क्रिकेटका दुई बलिया पक्ष भनेको सटीक स्पिन आक्रमण र आक्रामक ब्याटिङ हो । यी दुवैमा अफगानिस्तानले बडो जोड दिएको छ । र, अफगान क्रिकेटले चाहिएको बेला सुहाउँदो विदेशी प्रशिक्षक पनि पाएको छ । अचेलको आधुनिक क्रिकेटलाई सुहाउने गरेर क्रिकेट बुझाउने प्राविधिक टिम पनि त चाहियो, त्यो पनि विदेशी । अफगानिस्तानले यो कुरामा पनि चलाखीपूर्ण काम गरेको छ । अहिलेकै टी-ट्वान्टी वर्ल्डकप खेल्दाका प्रशिक्षक इंग्लिस हुन्, नाम हो, जोनाथन ट्रट ।

र, मुख्य कुरा । भनिन्छ, अफगान क्रिकेट र यसका खेलाडीमा अलिकति बढी नै छ, 'एक्स फ्याक्टर' । खेलकुदमा यो 'एक्स फ्याक्टर' बडो राम्रो काम गर्छ । खेलकुदमा त्यस्तो एक खास तत्त्व हुन्छ, जसले केही खास नै नभएको बेला विशेष गरिदिन्छ । भएभरका खेलाडी लगभग यस्तै नै त हो, १९-२० । तर एक खेलाडीभन्दा अर्को अलिकति विशेष किन हुन्छ भने त्यसमा केही विशेष गर्ने असाधारण क्षमता हुन्छ । त्यसै पनि अफगान खेलाडी राम्रा त भए नै, तिनमा 'एक्स फ्याक्टर' भरपूर छ ।

यो कसरी सम्भव भयो त ? यसबारे धेरैको समान बुझाइ छ । धेरै अफगानले साँच्चै दुःख मात्र देखे, सुख अनुभव नै गर्न पाएनन् । अभाव, छटपटीमै बढी बिताए । यसैले अफगान क्रिकेटलाई पनि आफैंमा धेरै दियो, जसको विरुद्ध पनि आँटिलो बनेर खेल्ने । एकपल्ट विशेष ध्यान दिएर हेर्नुपर्छ, ठ्याक्कै देखिन्छ, अफगान खेलाडी अलिकति बढी नै आक्रामक हुन्छन् । निकै जोसले खेल्छन् र विपक्षी खेलाडीलाई सक्दो दबाबमा राख्ने प्रयास गर्छन् । यस्तै टिम टी-ट्वान्टी वर्ल्डकपको सेमिफाइनल नपुगे, को पुग्छ त ?